



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)



बुधबार, असार २८, २०७४ | Wednesday, July 12, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला ला: ३ | वर्ष २३, अंक १८३ | पृष्ठ १२ | मूल्य रू. १०/-





# कहाँ गयो बैंक लुटेको अर्बौं रकम ?

प्रशान्त वली, काठमाडौं

एक समय यस्तो थियो जुन बेला दैनिक कुनै न कुनै मानिस मारिएको वा कुनै बैंकबाट नगद वा सुनचाँदी लुटिएको खबर आउँथ्यो। कुरा तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको 'जनयुद्ध'को हो। त्यतिबेला त्यसरी लुटिएको सुनचाँदी र नगद अर्बौं रुपियाको हाराहारीमा भएको अनुमान गरिएको छ। तर, त्यो रकम अहिले माओवादीमा कसले राखेको छ त? यो कुराको सपाट जवाफ भने कतैबाट पनि पाउन सकिँदैन। तर, त्यतिबेलाको युद्धमा संलग्नमध्येका कतिपय नै अहिले यही विषयलाई लिएर असन्तुष्ट रहेका छन्। उनीहरू अर्को पक्षलाई महलपति र आफूलाई सडकपति भन्न रुचाउँछन्।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गुरु मान्ने गरेका मोहन वैद्य सेक्टर काण्डमा परेसँगै प्रचण्डलाई पार्टीको नेतृत्व जिम्मा दिइयो। २०५२ साल फागुन १ गतेदेखि सर्वहारावर्गको राज्य सत्ता स्थापनाका लागि भन्दै प्रचण्डले माओवादी जनसेनाको सुप्रिम कमान्डर बन्ने मौका पाए।

जनयुद्धको क्रममा थुप्रै घरहरू लुटिए। बैङ्कहरू कब्जा भए। त्यति मात्रै होइन, सयौं बिगाहा जमिनमा माओवादीले झण्डा गाड्यो। अहिले ती सम्पत्ति र रकमको हिसाबकिताब खोज्दा माओवादीबाट स्पष्ट जबाफ आउँदैन। 'जनयुद्ध'को क्रममा हजारौं घरबारविहीन भए भने राज्य र माओवादी दुवै पक्षबाट करिब १७ हजार मानिसको ज्यान गयो। त्यसमा १२ हजार माओवादी समर्थित मात्रै थिए। कहाँ गयो त माओवादीको उतिबेलाको त्यति धेरै सम्पत्ति? यो जिज्ञाशामा माओवादीका एक उच्च नेताले भने- 'हामीले त केही गर्न पाएनौं। माओवादी केन्द्रका सामान्य नेताले महल ठड्याएका छन्। उद्योग खोलेका छन्। के गर्नु नाम मात्रैको माओवादी रहेछ।'



- 'जनयुद्ध'मा २ सय ९६ बैंक विस्थापित भएका थिए।
- सीपी गजुरेलको दुई बिगाहा जमिन प्रचण्डले लिँदा सीपी पत्नी आगो।
- बादलले वैद्यलाई छोड्दा २२ लाख रुपियाँको हिसाब नबुझाएको रहस्योद्घाटन।
- २ हजार ४ सय प्रमाणित लडाकूको २८ करोड ८० लाख के भयो ?



हिसाबकिताब पार्टी कमिटीले फछ्र्योट गरिसकेको छ ।
-पम्फा भुसाल
माओवादी प्रवक्ता



हामीले १ रुपियाँ पनि लगेका छैनौं। प्रचण्डजीका आफन्तहरु हेर्नुहोस् त कति धनी भए ?
-हिसिला यमी
नेतृ, नयाँशक्ति

नेपालगन्जकी रमा पोख्रेलले वाणिज्य बैङ्कको शाखामा दुई तोला सुन राखेकी थिइन् २०५६ सालमा। तर, त्यो बैङ्क सशस्त्र युद्धको समयमा विस्थापित भयो। रमा भन्छिन्- 'न त मैले अहिलेसम्म दुई तोला सुन पाएँ न त एक सुको नगद नै।' अहिले माओवादीका सामान्यस्तरका नेताहरूसमेत कारमा हिँड्ने गरेको उनी बताउँछिन्।

तत्कालीन माओवादीका शीर्षस्थ नेताहरूको बोलचाल बन्द हुनुको एउटा कारण आर्थिक विषयसमेत भएको खुल्न आएको छ। 'जनयुद्ध' कालको शुरूमा माओवादीका नेता सीपी गजुरेलको नाम प्रचण्ड थियो र पुष्पकमल दाहालको नाम गौरव थियो। ती दुई नेताहरू मिल्ने भएकाले पछि नाम साटेर पुष्पकमल दाहालले प्रचण्ड र सीपी गजुरेलले गौरव राखे। 'जनयुद्ध' हुनुअघि सीपी गजुरेलले पार्टीको कामका लागि भन्दै पुष्पकमल दाहाललाई दुई बिगाहा जग्गा दिएको र पछि गजुरेलकी पत्नीले थाहा पाएपछि दुई शीर्षस्थ नेताबीच ठाकठुक परेको विशेष स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दियो।

(क्रमशः पृष्ठ ९ मा)

## पूरै आयो दोस्रो चरणको परिणाम

# कसको कति ?

काठमाडौं, (नेस)

दोस्रो चरणमा असार १४ गते भएको प्रदेश नं १, ५ र ७ का ३५ जिल्लाका सबै ३ सय ३४ स्थानीय तहको निर्वाचनको अन्तिम मत परिणाम घोषणा भएको छ।

निर्वाचनमा स्वतन्त्र तीन उम्मेदवार पनि प्रमुख/अध्यक्षमा विजयी भएका छन्। दोस्रो चरणको निर्वाचनको हालसम्म घोषित स्थानीय तहको परिणाममध्ये प्रमुख/अध्यक्षमा एमालेले ४५ दशमलव २ प्रतिशत, कांग्रेसले ३६ दशमलव ५ र माओवादी केन्द्रले ११ दशमलव ४ प्रतिशत पद जितेका छन्। उपप्रमुख एवम् उपाध्यक्षमा एमाले १ सय ७५, कांग्रेस १ सय ४, माओवादी केन्द्र ३८, समाजवादी फोरम ७, लोकतान्त्रिक फोरम ६ तथा जनमोर्चा र राप्रपाका २/२ उम्मेदवार विजयी भएको आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले बताउनुभयो।

दोस्रो चरणका ३ सय ३४ स्थानीय तहबाट १५ हजार ३८ जनप्रतिनिधिको चयन भएको छ। सो निर्वाचनमा ४७ लाख ४० हजार ५ सय २२ मत खसेको थियो।

## अब सबैका आँखा वीरगन्जमा

कृष्णउदास खनाल, वीरगन्ज

झन्डै १ सय वर्ष पुरानो वीरगन्ज शहरको मेयर पद हत्याउनका लागि अहिले सबै राजनीतिक दलहरू लागिरहेको पाइएको छ।

वीरगन्ज पर्साको मात्र नभई मध्य तराईको समेत राजधानी शहर भएकाले वीरगन्जको मेयर पदमा धेरैको आँखा लागेको छ। ठूला दलदेखि मधेसवादी दलहरूसमेत वीरगन्जको मेयर पद हत्याउनका लागि अहिले रणनीतिक योजनामा रहेका छन्।

वैशाख ३१ हुँदै असार १४ बाट असोज २ गतेका लागि चुनावको साइत जुरेको वीरगन्जको मेयर पदका लागि चुनाव प्रचार अभियानले अहिले निकै गति लिएको छ। अन्तरघात बढी हुने भएकाले यसलाई रोक्न दलहरू आन्तरिक गृहकार्यमा जुटेका छन्। मतदान गर्ने दिन पछि सरे पनि यसलाई रणनीतिक रूपमा उपयोग गर्ने दलहरूको तयारी रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)


चाहे होस् झ्याल, ढोका, बार वा टहराहरु ।
ढुक्क भई प्रयोग गरौं गोर्खा वायरका जालीहरु ॥
GWI

हाइड्रोपावरको लागि चाहिने वेल्डेड ४ मि.मि. X १०० X १०० एम.एस. को तयारी जाली पनि उपलब्ध छ ।

गोर्खा wire का टिकाउ र बलियो जालीहरु झ्याल ढोका तथा टहराहरुमा प्रयोग गर्नु होस, बर्षौं बर्ष सम्म ढुक्क हुनुहोस ।

३ र ४ फिट चौडाई तथा ५० फिट लम्बाईका गुणस्तरीय जाली अर्डर अनुसार ८ फिटसम्म चौडाई र चाहिएजति लम्बाईमा उपलब्ध छ ।



GORKHA WIRE INDUSTRIES PVT. LTD.
Jeetpur, Bara, Nepal
Contact: 9855045114, 9851037290, 9855021731, 9801073400


## 'हनी ट्र्यापिङ'मा व्यापारी प्रकरण

# हत्यारा सबै समातिए

### अपहरण देख्नेको पनि हत्या गरिएको खुलासा

नरेन्द्र केसी, घोराही, दाङ

दाङको तुलसीपुर उपमहानगरपालिकाका व्यापारी राजकुमार श्रेष्ठको अपहरण गरी हत्या गर्ने मुख्य अभियुक्तहरू पक्राउ परेका छन्। उनीहरूलाई छुट्टाछुट्टै स्थानबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

घटनाका मुख्य योजनाकारका रुपमा प्रहरीले तुलसीपुर उपमहानगरपालिका-८ बस्ने २८ वर्षीय भूपेन्द्र भण्डारी र तुलसीपुर-११ बस्ने ३० वर्षीय खुमबहादुर केसीलाई पक्राउ गरेको छ। भण्डारीलाई तुलसीपुरबाटै र केसीलाई काठमाडौंबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरीक्षक धिरजप्रताप सिंहले जानकारी दिनुभयो।

त्यस्तै मुख्य अभियुक्तको रुपमा पक्राउपर्नेहरूमा सल्यान झिम्पे कोरवाङ घर भई हाल दाङको साविक हेकुली-६ बालापुर



बस्ने ३७ वर्षीय मानबहादुर भण्डारी, दाङकै साविक शान्तिनगर ४ घर भई हाल तुलसीपुर-६ बस्ने ३९ वर्षीय टीकाराम घर्ती र उनकै छोरी १८ वर्षीया पूजा घर्ती रहेका छन्। उनीहरूलाई बाँकको डुडुवा गाउँपालिका-६ स्थित नेपाल भारतको सिमानामा पर्ने हिरमोनिया भन्ने ठाउँबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै घटनामा संलग्न रहेको अभियोगमा तुलसीपुर-९ का ४१ वर्षीय नारायण ओलीलाई पनि पक्राउ गरी अनुसन्धान शुरू गरिएको प्रहरी उपरीक्षक सिंहले जानकारी दिनुभयो। जेठ २६ गते पूजा घर्तीको 'हनी ट्र्यापिङ'मा परेर अपहरणमा परेका श्रेष्ठको २१ दिनपछि हत्या भएको खुलासा भएको थियो। उनको शव सल्यान छत्रेश्वरी गाउँपालिका-४ झिम्पे लेकमा फेला परेको थियो। व्यापारी श्रेष्ठलाई जेठ २६ गते साँझ पौने ६ बजे तुलसीपुर ६ बस्ने पूजा घर्तीले फोन सम्पर्क गरी बोलाएको र सल्यान कपुरकोट-५ मेलखोलासम्म गाडीमै लगेको खुलेको थियो। त्यहाँबाट गाडी छाडेर श्रेष्ठलाई हिँडाएर जेठ २९ गते नै सल्यान छत्रेश्वरीमा लगी हत्या गरेको खुलेको थियो।

व्यापारी श्रेष्ठलाई मोटो रकम फिरौती लिनका लागि अपहरण गरिएको खुलेको प्रहरीले जनाएको छ।

घटनाका अभियुक्त तुलसीपुर उपमहानगरपालिका-१२ निबासी २५ वर्षका अविरल महतरा धादिङमा पक्राउ परेपछि हत्याको रहस्य खुलेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

धोबीखोला करिडोर सुधार आयोजनामार्फत् सरकारले यो करिडोर निर्माणका लागि १ अर्ब ६६ करोड खर्च गरिसकेको छ तर हालसम्म ४५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ।



"निर्माण थालिएको १५ वर्ष बितिसक्दासमेत काम अझै पूरा भएको छैन।"

# धोबीखोला करिडोर कछुवाको गतिमा







सुरेश तामाङ

काठमाडौं उपत्यकाको उत्तर-दक्षिण भित्री लिंकरोडको विकास गरी सवारी व्यवस्थापन तथा शहरी विकासका लागि धोबीखोला करिडोरको निर्माण थालेको १५ वर्ष बितिसक्दासमेत काम अधुरै छ।

धोबीखोला करिडोर सुधार आयोजनामार्फत् सरकारले यो करिडोर निर्माणका लागि १ अर्ब ६६ करोड खर्च गरिसकेको छ तर हालसम्म ४५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ।

यस आयोजनामा योजना सञ्चालनका लागि द्विपक्षीय लगानी निति अपनाइएको छ। आयोजना क्षेत्रमा निर्माण हुने पूर्वाधारका कार्यहरुमा नेपाल सरकारबाट लगानी भइरहेको छ।

आयोजनाले १५ वर्षमा अर्बौं खर्चेर पनि आधा काम गर्न सकेको छैन। आखिर किन यस्तो ढिलासुस्ती त ? आयोजना प्रमुख दीपक श्रेष्ठले भन्नुभयो- 'समयमै बजेटको अभाव, स्थानीयको अवरोध, अन्तर निकायबीच समन्वयको अभावलगायतले गर्दा यस कोरिडोरको निर्माणमा ढिलाइ भएको हो।'

आयोजनालाई वार्षिक ६०-७० करोडको हाराहारीमा बजेटको आवश्यकता परे पनि हाल ३५ करोडको हाराहारीमा वार्षिकरूपमा बजेट विनियोजन हुँदै आइरहेको छ।

त्यस्तै, अधिकार सम्पन्न बागमती एकीकृत सभ्यता विकास समितिद्वारा ढल बिछ्याउने कार्य गरे पनि कुन ठाउँमा कसले ढल बिछ्याउने भन्ने टुंगो नलाग्दा पनि करिडोर निर्माणमा समस्या देखिएको आयोजनाका इन्जिनियर सज्जन कुँवरले बताउनुभयो।

यसको निर्माण कार्य २०५९ सालदेखि नै थालिएको थियो। तर, बल्ल आर्थिक वर्ष २०६७/०६८ देखि मात्रै निर्माणको कामले केही गति लिन थाल्यो। काम उही कछुवाकै गतिमा हिँडिरह्यो।

जापानी सहयोग संस्था जाइकाको सन् १९९३ को अध्ययन प्रतिवेदनअनुसार भित्री रिङरोडको पूर्वतर्फको अंशको रूपमा धोबीखोला कोरिडोर सुधार आयोजनालाई प्रस्ताव गरिएको थियो।

तीन चरणमा धोबीखोलाको दुवै किनार गरी जम्मा २४ किमि सडकको ट्र्याक खोल्ने, कालोपत्रे गर्ने, ढल बिछ्याउने, फुटपाथ बनाउने काम भइरहेको छ।

पहिलो चरणमा खैरो पुल (बागमती दोभान), बैजनी पुल (चाबाहिल) सम्म ११ किमि, त्यस्तै दोस्रो चरणमा बैजनी पुल (चाबहिल), कपन भंगाल पुलसम्म ८ किमि र कपन भंगालपुल, राम मन्दिर (खड्का भद्रकाली मन्दिर) ५ किमि सडक हुने गरी निर्माण कार्य भइरहेको छ।

धोबीखोलामा करिडोर बनिसकेपछि काठमाडौंमा हाल देखिएको सवारी चाप तथा धोबीखोलामा हाल भइरहेको अनियन्त्रित खोलाको अतिक्रमण र बस्ती विस्तारलाई व्यवस्थित गरी वातावरणीय सुधार गर्ने विश्वास लिइएको छ।

बेला-बेला संसद्मा धोबीखोला करिडोरको बारेमा काम धिमा भयो भन्दै सांसदहरुले कुरा उठाउने गरेको पाइन्छ। उनीहरुले छिटोभन्दा छिटो यस करिडोरको निर्माण सम्पन्न गर्नसमेत सरकारलाई माग गर्दै आएका छन्।

## के हुन् समस्या ?

- विस्थापित जग्गा धनिको मुआब्जामा समस्या।
- आयोजना विस्तार गर्ने क्रममा स्थानीय व्यक्तिको घरजग्गा पर्ने भएकाले निर्माण कार्यमा अवरोध आउने गरेको।
- चाबहिल पुलदेखि भंगाल पुलसम्मको क्षेत्रमा ९ मिटर कोरिडोर निर्माण गर्ने क्रममा कपन, पाथिभरा क्षेत्रमा सुकुम्बासी बस्तीका २८ वटा घर-टहरा भएका कारण सो स्थानमा अहिलेसम्म ट्र्याक खोल्ने कार्य गर्न सकिएको छैन।
- बजेटको अभाव।
- अधिकार सम्पन्न बागमती एकीकृत सभ्यता विकास समितिद्वारा ढल निर्माण गर्ने कार्य समयमा सम्पन्न नभएकाले कालोपत्रे गर्ने कार्य समयमा हुन नसकेको।

## पृष्ठभूमि

तत्कालीन काठमाडौं उपत्यका नगर विकास समितिले धोबीखोला करिडोर सुधार आयोजना व्यवस्थापन उपसमिति गठन गरी यस करिडोरको निर्माण कार्यका लागि काठमाडौं महानगरपालिकालाई जिम्मा दियो।

महानगरले आफूले निर्माण गर्ने भन्दै त्यस ताका समितिसँग माग राखेको थियो। २०५९ वैशाख १७ देखि महानगरले यस आयोजनालाई सञ्चालनमा ल्याइयो।

करिब ६ वर्ष सञ्चालन गरेपछि पूर्वाधार विकासका लागि बजेट अभाव जस्ता कारणहरु देखा पर्न गई महानगरबाट कार्य हुन नसकेपछि पुन: २०६४ पुस २ गतेदेखि तत्कालीन काठमाडौं उपत्यका नगर विकास समितिबाट नै आयोजनाको कार्य सञ्चालन हुन थाल्यो।

काठमाडौं उपत्यका नगर विकास समिति, काठमाडौं उपत्यका विकास प्राधिकरणमा परिणत भएपछि यो आयोजना शहरी विकास मन्त्रालयअन्तर्गत रहेर सञ्चालित छ।

## निर्माण गर्नुको उद्देश्य

- काठमाडौं महानगरपालिका र बूढानीलकण्ठ नगरपालिकाको मध्य शहरी भागको उत्तर दक्षिण लिंक रोड तयार गर्ने।
- नदीको दुवै किनारामा सडक निर्माण पश्चात् शहरको भित्री भागको यातायात व्यवस्थापनमा सुधार गर्ने।
- नदीको अतिक्रमणमा रोकथाम तथा नदी नियन्त्रण गर्ने।
- धोबीखोलाको प्रदूषित वातावरणमा सुधार गरी शहरी सौन्दर्यतामा वृद्धि गर्ने।
- नदीको दुवैतर्फ व्यवस्थित व्यापारिक तथा आवासिय क्षेत्रको विकास भई स्थानीय उपभोक्ताहरुको सामाजिक तथा आर्थिक व्यवसाय वृद्धि हुन जाने।
- स्थानीय उपभोक्ताहरुलाई समेत सहभागी बनाई सम्बन्धित क्षेत्रको संरक्षण स्थानियलाई नै जिम्मा लगाउने।

## पहिलो चरण कति प्रगति ?

- यस आयोजनाको क्षेत्र उत्तरमा बैजनी पुल (चावहिल) देखि दक्षिणमा खैरोपुल (बागमती दोभान) सम्म खोलाको दायाँ-बायाँ दुवैतर्फ ५ दशमलब ५ किमि गरी जम्मा ११ किमि लम्बाई रहेको छ।
- निर्माण क्षेत्रमा खोलाको चौडाई १२, १४ र १७ मिटरसम्म र पुलको छेउमा विद्यमान खोलाको चौडाई नै कायम गरिनुका साथै खोला किनारबाट दुवै तर्फ ९/९ मिटर करिडोरसमेत निर्माण गरिएको छ।
- बैजनी पुल (चाबहिल रिङरोड) देखि खैरोपुल (बागमती दोभान) सम्म खोलाको दुवैतर्फ ५ दशमलब ५ र ५ दशमलब ५ गरी जम्मा ११ किमि लम्बाईको ९ मिटर चौडा सडक ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।
- ९ किमि फुटपाथ निर्माण कार्य सम्पन्न भएको छ।
- ८ किमि रेलिङ निर्माण कार्य सम्पन्न भएको छ।
- ७ किमि सडक कालोपत्रे गर्ने लक्ष्य राखेकोमा १ दशमलब ७ किमि सडक कालोपत्रे भएको छ।
- चोक तथा मोड सुधारतर्फ हरियो पुल (बिजुलीबजार पुल), सिम्रिक पुल (हनुमानस्थान), सेतोपुल, रातोपुल, कालोपुल र पहेंलो पुल (भत्केको पुल) मा मोड सुधारका लागि ५ दशमलब ६२ रोपनी जग्गा अधिग्रहण गरी मोड सुधारको कार्य सम्पन्न भएको छ।
- खैरोपुलदेखि बैजनी पुलसम्मको विभिन्न स्थानमा वातावरणीय सुधार गर्ने कार्यका लागि रुख-बिरुवा रोप्ने कार्य गरिएको छ।

## दोस्रो चरणमा कति प्रगति ?

आर्थिक वर्ष ०७१/७२ देखि धोबीखोला करिडोर सुधार आयोजनाको क्षेत्र उत्तरमा कपन भंगालपुलदेखि दक्षिणमा बैजनी पुल चावहिलसम्म विस्तार गरिएको छ।

दोस्रो चरणको आयोजना क्षेत्र उत्तरमा कपन भंगाल पुलदेखि दक्षिणमा बैजनी पुलसम्म धोबीखोलाको दायाँ-बायाँ दुवैतर्फ ४/४ गरी जम्मा ८ किमि लम्बाई रहेको छ।

महानगरको वडा नं. ४, ७ र बूढानीलकण्ठ नगरपालिकाको वडा नं. ९, १०, ११ र १२ आयोजनामा समेटिएका छन्। उक्त क्षेत्रमा खोलाको चौडाई १२ र १० मिटरसम्म र पुलको छेउमा विद्यमान खोलाको चौडाई नै कायम गरिनुका साथै खोला किनारबाट दुवैतर्फ ९/९ मिटर करिडोर ट्र्याक खोल्ने कार्यसमेत गरिएको छ।

यस चरणको काममा ८५ प्रतिशत ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने १ दशमलब ५ किमि फुटपाथ निर्माण गरिएको छ। त्यस्तै यस खण्डमा ढल कसले बिछ्याउने भन्नेमा कुरो नटुंगिँदा काममा थप अन्योल देखिएको छ।

## तेस्रो चरणमा कति प्रगति ?

आव २०७२/०७३ देखि कपन भंगालपुलदेखि उत्तरतर्फ राम मन्दिर खड्का भद्रकाली मन्दिरसम्म सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ। ३ किमि नदी नियन्त्रणको कार्य सकिएको छ।













# दुई वर्षा सँगै



*फिल्म नाइँ नभन्नु लको* सिरिजमार्फत् डेब्यु गरेका वर्षा राउत र वर्षा शिवाकोटीलाई सँगै राखेर अभिनय गराउने निर्माता तथा निर्देशकको चाहना उनीहरुबीच आपसी सम्बन्ध राम्रो नरहेको चर्चाका कारण प्रस्तावसम्म बन्न सकेन।

त्यसैले एकसाथ फिल्ममा नदेखिएको यो जोडीलाई एक गीतको म्युजिक भिडियोमा भने सँगै देखिएको छ। गायिका सिन्धु मल्लले झण्डै ५ वर्षको अन्तरालपछि गाएको एक गीतको भिडियोमा सुब्रत आचार्यले यी दुई वर्षालाई एक साथ प्रस्तुत गरेका छन्। राजकुमार बगरको शब्द तथा सुदाम थापाको संगीत गीतमा नजिकिँदो तीजको चर्चा गरिएको छ।

*अहिलेको तीजैमा नाचौं छमछम* बोलको गीतमा दुई वर्षालाई नचाउने काम भने नृत्य निर्देशक गम्भीर विष्टले गरेका छन्।

भिडियोमा यी दुई निकै खुसी देखिएका छन्। 'हामी बीचमा त्यस्तो नराम्रो केही थिएन। तर, हल्ला बढी भयो', शिवाकोटीको भनाइ छ- 'हाम्रो सम्बन्धलाई अनुमानकै भरमा हल्लामा ल्याइयो।' अर्की नायिका वर्षा राउतले पनि सँगै काम गर्न पाउँदा निकै खुसी लागेको बताउँछिन्। 'हामीलाई पनि सँगै काम गर्ने इच्छा थियो। तर, अफर नै आउँदैन थियो।' गायिका मल्लले केही वर्षको अन्तरालपछि ल्याएको गीतले पहिले झैं माया पाउने विश्वास व्यक्त गरिन्। 'केही समय मैले मेरो घर गृहस्तीलाई दिएँ। किनकि परिवारको दायित्व पनि पुरा गर्नुपर्छ नै। अब फेरी विस्तारै आफ्नै गीत लिएर आउँदै छु' -गायिका मल्लले भनिन्। यो गीतको म्युजिक भिडियोमा छायांकन अर्जुन तिवारी र सम्पादन भरत रेग्मीको रहेको छ।

# सलमान ट्युबलाइटलाई ५५ करोड क्षतिपूर्ति तिर्दै



बलिउड नायक सलमान खानले ट्युबलाइट फ्लप भएपछि क्षतिपूर्ति तिर्ने भएका छन्। उनको फिल्म ट्युबलाइटले रिलिजपूर्व बलिउडको सबै रेकर्डलाई तोड्न सक्ने आँकलन गरिएको थियो।

यहाँसम्म कि बाहुबली-२ लाई पनि टक्कर दिने अनुमान गरिएको थियो। तर, फिल्मले सोचेभन्दा विपरीतको परिणाम देखाइदियो। यसले व्यापार गर्न सकेन र फ्लप भयो। फलस्वरूप फिल्मका वितरकहरुलाई पनि ठूलो धक्का लाग्यो।

भारतीय सञ्चारमाध्यमका अनुसार वितरकहरु के भन्छन् भने उक्त फिल्मका कारण उनीहरुलाई निकै घाटा भएको छ। जसको क्षतिपूर्ति सलमान खानले तिर्नुपर्छ। सलमान भने यसका लागि पनि तयार भइसकेका छन्। सूत्रलाई उद्धृत गर्दै भारतीय समाचारमा जनाइएअनुसार सलमान आफ्ना फिल्मका वितरकहरुलाई ५५ करोड क्षतिपूर्ति तिर्न तयार भएका छन्।

फिल्मले घाटा हुनबाट बच्न कम्तिमा २ सय करोड माथिको व्यापार गर्नुपर्ने थियो। तर, यसले १ सय ५० करोड माथिको आँकडा पूरा गर्न सकेन।

# खरेलको चैतन्य सार्वजनिक

गीतकार तथा फिल्मकर्मी यादव खरेलको एकल रचनामा भक्तिगीत एल्बम *चैतन्य* लोकार्पण गरिएको छ। गुह्येश्वरीको किराँतेश्वर मन्दिरको किराँतेश्वर संगीत आश्रममा पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव डा. गोविन्द टण्डनले एल्बमको लोकार्पण गरेका हुन्।

मधुर गुञ्जनको प्रस्तुति रहेको एल्बममा ५ भक्ति गीत छन्। एल्बममा चण्डीप्रसाद काफ्लेको संगीत र गायक राज सिग्देलको स्वरमा *सबै आत्माको ऐनामा*, प्रभु भागवतको संगीत र गायिका मिलन अमात्यको स्वरमा *तिम्रो मुरलीको*, अच्युतराम भण्डारीको संगीत र गायिका जोनिशा पौडेलको स्वरमा *गहिरो छ धेरै*, प्रभु भागवतकै संगीत र स्वरूपराज आचार्यको स्वरमा *के चढाउँ प्रभु* तथा चन्द्रराज शर्माको संगीत र गायिका लोचन भट्टराईको स्वरमा *देवादिदेव स्वस्थानी माता* बोलका भक्ति गीत छन्।

यो खरेलको दोस्रो भक्तिगीत एल्बम हो। खरेलले २ वर्षअघि *पूर्ण मद:* नामक भक्तिगीत ल्याएका थिए। लोकार्पित *चैतन्य* एल्बमबाट उठेको रकम किराँतेश्वर संगीत आश्रमको विकासमा खर्चिने उनले जानकारी गराए। सांगीतिक क्षेत्रमा लागेको झण्डै ६ दशक हुनै लाग्दा अन्तिम समयसम्म संगीतको उन्नयन र विकासमा आफ्नो यात्रा नरोकिने खरेलले बताए। '*चैतन्य* शब्दले चेतनालाई जनाउँछ र चेतनाको माध्यमद्वारा आम मानिसलाई भक्तिसंगीतमा जोड्नका लागि यो एल्बम सार्थक बन्न सक्छ' -एल्बमको बारेमा उनले भने। भजनमार्फत् केवल देवी-देउताको शारीरिक वर्णन मात्र नभई त्यसको तत्त्वका बारेमा बुझाउन आवश्यक रहेको उनले बताए। कार्यक्रममा प्रमुख अतिथि टण्डनले *चैतन्य*बारे चर्चा गर्दै एल्बममार्फत् धर्म र अध्यात्मलाई सहजरूपमा प्रस्तुत गरिएको बताए। सो अवसरमा स्वर्गीय ब्रह्मज्ञानी विद्वान् डा. रामानन्द गिरीको सम्झनामा एक मिनेट मौनधारण पनि गरिएको थियो। त्यस अवसरमा चण्डीप्रसाद काफ्ले, प्रभु भागवत, शालिकराम रेग्मी र स-साना बालबालिकाको समूहले भक्तिसंगीत प्रस्तुत गरेका थिए।



# पल्पसाले बाह्रमासे बनाउने

बनेपा, काभ्रे, (नेस)। टेलिभिजनको पर्दामा नक्कली प्रचण्डको भूमिका निर्वाह गर्दै आएका काभ्रेली कलाकार प्रदीप पाठकले ठूलो पर्दाको फिल्म निर्माण गर्ने भएका छन्।

उनले निर्माण गर्न लागेको *बाह्रमासे* नामक फिल्ममा *भद्रगोल*लगायत अन्य हास्य टेलिशृंखलाका कलाकार रहनेछन्। यसै महिनाको अन्त्यबाट सुटिङ हुने यो हास्यप्रधान फिल्मको निर्देशन पल्पसा डंगोल 'चम्सुरी' ले गर्नेछिन्।

फिल्ममा *भद्रगोल*का निर्माता एवं कलाकार सुवास कार्की 'बेलासे' मुख्य पात्रका रूपमा देखिने छन्। फिल्ममा मधुसूदन पाठक 'सिते बा', सीपी पुडासैनी 'धतुर', गोविन्द कोइराला 'जयन्ते', सुरवीर पण्डित, रामचन्द्र अधिकारी, केदार न्यौपाने, निर्मल शर्मा, अरुणा कार्की, रोहित दंगाल, राधा लम्साल, निरू खड्का, सुदीप बराल, सुशील सैंजु, अमृता भट्ट, पत्रकारहरु ऋषि धमला र जनार्दन पौडेललगायतले पनि अभिनय गर्नेछन्। २ गीत रहने फिल्ममा गायिका मीना निरौला र सञ्जय बरालको स्वर रहनेछ।



# चित्रमा नयाँ नेपाल



नयाँ नेपालको प्रतिबिम्बलाई करिब एक दर्जन अग्रज र २० जना कलाका विद्यार्थीले चित्रमा उतारेका छन्। समृद्ध देशको सपनालाई रङ र कुचीले क्यानभाषमा कलात्मकरूपमा प्रस्तुत गरेका चित्रको प्रदर्शनी नेपाल आर्ट काउन्सिलमा चलिरहेको छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको ललितकला क्याम्पस भोटाहिटी र राष्ट्रिय योजना आयोगको सहकार्यमा ५ दिने कला प्रदर्शनी आइतबारदेखि शुरु भएको हो। *विकासका लागि चित्रकला निर्माण र प्रदर्शनी* शीर्षकको कला प्रदर्शनीको शुभारम्भ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्यायले संयुक्तरूपमा गरेका थिए। प्रदर्शनीमा सहभागी ११ जना अग्रज कलाकारलाई सो अवसरमा सम्मानसमेत गरिएको थियो।

कार्यक्रममा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्यायले कलाले नेपाललाई विश्वमा चिनाउन सकेको चर्चा गरिन्। त्यसै गरी प्रदर्शनीमा नेपाली कलामा काँचुली फेर्ने कलाकारका कलाकृति प्रदर्शनीमा राखिएको कलाकार तथा लेखक मदन चित्रकारले चर्चा गरे।

प्रदर्शनीमा उत्तम नेपाली, मदन चित्रकार, रागिनी उपाध्याय, हरिप्रसाद शर्मा, वत्सगोपाल वैद्य, कृष्ण मानन्धर, शशिकला तिवारी, शशि शाह, किरण मानन्धर, रतन कुमार राई र विपीन घिमिरे सहभागी छन्। नेपाललाई चिनाउने गौरवका विषयसँगै वातावरण, शिक्षा, भौतिक पूर्वाधार, गरिबी, अशिक्षा, जलवायु परिवर्तन र त्यसको प्रभावलगायतका आम चासोका विषय कलाकारले चित्रमा उतारेका छन्। साथै ललितकला क्याम्पसमा अध्ययनरत् करिब २० जना कला विद्यार्थीका देश निर्माण र विकासमा आधारित कला प्रदर्शनीमा राखिएको क्याम्पस प्रमुख पोखरेलले बताए।



# विचार

मेरो चिन्ता यो होइन कि तपाई खस्नुभयो, सबभन्दा ठूलो चिन्ता यो हो कि खसेपछि तपाई उठ्नुभएन।
-अब्राहम लिंकन

मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।
-तिरुवल्लुवर

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## संविधान संशोधनको टुंगो लगाऊ

संविधानसभाबाट संविधान जारी भएपछि देशमा शान्ति र समृद्धिको युग शुरु हुने अपेक्षा आमनागरिकले गरेका थिए । स्थानीय तहको निर्वाचनमार्फत संविधान कार्यान्वयनको काम शुरु भएको छ । तर विकास र समृद्धिको लागि केन्द्रित हुनुपर्ने सरकार र राजीतिक दलहरु सबैभन्दा बढी संविधान संशोधनमा अल्झिएका छन् । मुलुकमा समस्या र चुनौतीहरु रहेको कुरा राजनीतिक दलहरुले स्वीकार गर्दै आएका छन् । ती समस्या समाधानको लागि प्रयास भए पनि पार लगाउन भने सकिरहेका छैनन् । सरकारले संविधान संशोधनलाई प्राथमिकतामा राखेर काम गरे पनि न संविधान संशोधन विधेयक पारित हुन सकेको छ, न संविधान संशोधनको माग राख्दै आएका मधेसवादी दलहरु आफ्नो मागबाट पछि हटेका छन् ?

समयमा नै सम्पन्न हुनुपर्ने स्थानीय तहको निर्वाचन गर्न अझै प्रदेश नम्बर २ मा बाँकी नै छ। संविधान संशोधन विधेयक पारित नहुँदा राष्ट्रिय जनता पार्टीले निर्वाचनमा भाग नै लिएन। स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न भएपछि अहिले सरकार संविधान संशोधन विधेयक पारित गराउने गृहकार्यमा जुटेको छ तर सरकारसँग विधेयक पारित गराउनको लागि आवश्यक दुई तिहाइ बहुमत छैन । सरकारसँग दुई तिहाइ बहुमत छैन भन्ने राजपालाई पनि राम्रोसँग हेक्का छ । सरकार भने पटक–पटक विधेयक पारित गराउने असफल प्रयास गर्दै आएको छ। संविधान संशोधन विधेयक पारित गराउने मुद्दामा केन्द्रित हुँदा प्रदेश र केन्द्रको निर्वाचनमा थप अन्यौलता र आशंका देखिएको छ । संविधानले तोकेको समयसीमाभित्र तीनवटै निकायको निर्वाचन सम्पन्न गराउनुपर्ने बाध्यता भए पनि सरकार पुनः संविधान संशोधन विधेयक पारित गराउने गृहकार्यमा जुटेको छ ।

संविधान संशोधन विधेयक पास गराउनुलाई सत्तापक्षले प्रतिष्ठाको विषय बनाएको छ भने विधेयक असफल बनाउनुलाई प्रमुख प्रतिपक्ष दल एमालेले आफ्नो प्रतिष्ठाको विषय बनाएको छ । राष्ट्रिय समस्या समाधान गर्नको लागि सबै राजनीतिक दलहरु जिम्मेवार बन्नुपर्छ। राष्ट्रिय समस्या सत्तापक्ष र विपक्षको भन्दा पनि समग्र देशको हो । समस्यामाथि समस्या थोपर्ने भन्दा पनि समस्याको उचित निकास निकाल्नु नै सरकार र राजनीतिक दलहरुको सफलता हो । त्यसैले देश र जनताको चाहना अनि भावनाअनुसार संविधान संशोधनको विषय टुंगो लगाउनुपर्छ । आपसी विवाद र आरोप–प्रत्यारोपभन्दा पनि जसरी संविधान जारी गर्न सहमति जुटेको थियो, त्यसै गरी संविधान संशोधनको विषय पनि आवश्यक हो कि होइन भन्ने एकिन गरेर निकास दिनुपर्छ ।

### लेखकहरूलाई अनुरोध

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# अनौपचारिक अर्थतन्त्रको आयतन



नन्दलाल खरेल

मुलुकमा थुप्रै राजनीतिक परिवर्तन भइरहँदा पनि अनौपचारिक अर्थतन्त्रको आयतन बढ्दो रुपमा छ। कुनै पनि राष्ट्रका लागि अनौपचारिक अर्थतन्त्र बहुआयामिक र बहुमुखी चनौती हुने गर्दछ। विश्वका प्रायः सबै राष्ट्रले अनौपचारिक अर्थतन्त्रलाई गम्भीरताका साथ लिने गर्छन् तर हाम्रो राष्ट्रको सरकारले सगर्व भन्छ- औपचारिक बराबर अनौपचारिक अर्थतन्त्र अर्थात् कुल अर्थतन्त्रमध्ये ५० प्रतिशत औपचारिक र अर्को ५० प्रतिशत अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको छ।

के हो अनौपचारिक अर्थतन्त्र ? यसलाई बुझ्न जरुरी छ। धेरैको आँखामा अनौपचारिक अर्थतन्त्रलाई सरल तरिकाले बुझ्दा छाया अर्थतन्त्र, भूमिगत अर्थतन्त्र, समानान्तर अर्थतन्त्र आदि विभिन्न नामले बुझ्ने गरिन्छ। अनौपचारिक अर्थतन्त्रलाई यसरी पनि बुझ्न सकिन्छ। कुनै सरकारी निकायमा दर्ता नभएका तथा असंगठित आर्थिक क्रियाकलापलाई अनौपचारिक अर्थतन्त्र भनिन्छ। अनौपचारिक अर्थतन्त्रमा अवैध प्रकारबाट भएको आर्थिक क्रियाकलाप समाविष्ट हुन्छ। त्यति मात्र होइन, करको दायरामा पर्ने तर कर छलेर कारोबार गरिएका आर्थिक क्रियाकलाप पनि अनौपचारिक अर्थतन्त्रभित्रै पर्दछन्।

> अनौपचारिक अर्थतन्त्रले विधिको शासन अर्थात् लोकतन्त्रको अवमूल्यन गर्छ, मानवअधिकारको हनन गर्छ, संगठित अपराध र आंतकवादलाई बढाउने गर्दछ। त्यति मात्र होइन, बजारलाई गलत दिशामा उन्मुख गराई अन्ततोगत्वा अर्थतन्त्रलाई धराशायी पार्छ। यस्तो अर्थतन्त्रले मानिसको नैतिकता र इमानदारितामा पनि ह्रास ल्याउँछ। नियम कानुन मान्ने परिपाटीको अन्त्य भई समाज आराजक बन्छ।

अनौपचारिक अर्थतन्त्रको आयतन कति छ ? के अनौपचारिक अर्थतन्त्रलाई रोक्न सकिँदैन ? यसको निर्माण कसरी हुन्छ ? के अनौपचारिक अर्थतन्त्रको रुप करछली हो ? यसले के प्रभाव पर्छ अर्थतन्त्रमा ? यसको स्वरुप कस्तो छ ? यी विषयहरु गम्भीर तथा जटिल छन्। तै पनि यसबारे बहस हुन जरुरी छ। मुलुकमा अनौपचारिक अर्थतन्त्रको आयतन निकै बढेको छ। केन्द्रीय बैंकका अनुसार आर्थिक वर्ष २०६४/०६५ देखि २०७२/०७३ सम्ममा ६ खर्ब १९ अर्ब १४ करोड रुपैँयाको अनौपचारिक आयात भएको छ। पछिल्ला ९ वर्षमा दुई देश अर्थात् भारत-नेपालको भन्सार अभिलेखबीच तुलना गरेर यस्तो आँकडा प्रस्तुत गरेको हो। अझ नेपाल-भारतबीचहुने दुई पक्षीय व्यापारको ३५.५ प्रतिशत अनौपचारिकरुपमा हुने गरेको छ। यो ज्यादै ठूलो डरलाग्दो तथ्यांक हो। मुलुकको राजस्व चुहावटको स्थितिलाई विचार गर्दा राज्यमा अनौपचारिक अर्थतन्त्रको आकार ५० प्रतिशत रहेको निष्कर्षमा पुगेको छ। हाम्रो अर्थ मन्त्रालय अनौपचारिक अर्थतन्त्रको निर्माण खासगरी कालोबजारी, लागूपदार्थको कारोबार, तस्करी, भ्रष्टाचार, करछली आदि विभिन्न तरिकाबाट हुने गर्दछ। विश्वव्यापीरुपमै यस्तो आर्थिक अपराध बढ्दोरुपमा छ तर विकसित देशमा यस्ता अपराध कम हुन्छ भने नेपालजस्ता अल्पविकसित देशमा यसको स्वरुप बढ्दोरुपमा देखिन्छ। हरेक वर्ष यस्तो अर्थतन्त्रको आधार बढ्दोरुपमा छ।

अनौपचारिक अर्थतन्त्रको रुप करछली हो। आयातकर्ताहरुले ठूलो परिमाणमा वस्तु आयात गर्दा न्यून बीजकीकरण, वास्तविक मूल्यभन्दा कम कबोल, मालवस्तुको गुणस्तरमा तल-माथि अर्थात् हेरफेर गर्ने, कुनै पनि वस्तुको बढी मूल्यांकन देखाई विदेशी मुद्राको अपचलन गर्ने आदि विषयहरु पर्दछन्। अनौपचारिक अर्थतन्त्रले बहुआयमिक प्रभाव पार्ने गर्दछ। राष्ट्र बैंकका अनुसार अनौपचारिक व्यापार बढ्दा एकातिर राजस्व घट्नेदेखि अर्कोतिर नेपालीले विदेशमा गएर कमाएको पैसामध्ये धेरै रकम विदेशमै रहने सम्भावना रहन्छ। त्यति मात्र होइन, अनौपचारिक व्यापारले पुँजी पलायनलाई पनि सहयोग गर्ने गरेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले २०१४ मा प्रकाशित गरेको को-अर्डिनेड डाइरेक्ट इन्भेस्टमेन्ट सर्भेअनुसार नेपालीहरुले चीन, थाइल्यान्ड, इटली, दक्षिण कोरिया र सिंगापुरमा मात्रै करिब ९ अर्ब रुपियाँ उल्लेख गरेको छ। जबकि हाम्रो कानुनअनुसार कुनै पनि नेपालीले यसरी विदेशमा लगानी गर्न पाउँदैनन्।

उपप्रधानमन्त्री कृष्णबहादुर महराले अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन एकीकृत र समन्वयात्मकरुपमा कार्यसम्पादन गर्न निर्देशन दिएका छन्। राजस्व चुहावटका संवेदनशील क्षेत्र र वस्तुको ठोस पहिचान गरी राजस्व चुहावट नियन्त्रणकै लागि वस्तुगत कार्य योजना बनाउन र त्यसको कार्यान्वयन गर्न मन्त्री कृष्णबहादुर महाराले निर्देशन दिएको अर्थ मन्त्रालयले जनाएको छ। तर विडम्बना, मुलुकमा राजस्व लुटमा सत्ताधारी नेता, कर्मचारी र व्यापारीको साँठगाँठ तथा मिलेमतोमा २१ अर्ब रुपियाँ राज्यकोषमा हानि पुर्‍याएको महालेखा परीक्षकको ५४ औं वार्षिक प्रतिवेदनले तथ्य बाहिर ल्याएको हो। २०७१ माघ २१ गते सरकारले कर फर्स्योट आयोग गठन गरेको थियो तर त्यो आयोगले गर्नुपर्ने काम नगरी राज्यको ढुकुटीमा नाम मात्रको रकम जम्मा गर्ने र व्यवसायीलाई पोस्ने काम गरेको छ। १ हजार ६९ करदाताले सरकारलाई बुझाउँछु भनेको र बुझाउनुपर्ने ३० अर्ब ५२ करोड ५८ लाखमध्ये २१ अर्ब रुपियाँ छुट पाएका छन्। ९ अर्ब ५४ करोड ६६ लाख रुपियाँ मात्र सरकारलाई तिर्नुपर्ने गरी आयोग र करछलीबीच सम्झौता भएको छ। अर्थात्, तिर्नुपर्ने रकमको ६८.७३ प्रतिशत मिनाहा पाएका छन्।

अनौपचारिक अर्थतन्त्र बढ्नुमा मुख्य कारण कथित लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिएपछि नेपालमा दलाल पुँजीवादी अर्थतन्त्र हाबी भएकोले हो। दलाल पुँजीवादको मुख्य चरित्र आफ्नै देशमा रहेका विकसित उद्योग र कलकारखानाबाट उत्पादित वस्तु उपभोग र वितरण नगरी, विदेशमा उत्पादित वस्तु आयात गरी, महँगोमा बिक्री गरी स्वदेशको कच्चा पदार्थलाई कौडीको मूल्यमा साम्राज्यवादलाई निर्यात गर्नु हो। आज हाम्रो व्यापार घाटा तीव्र गतिमा बढ्नु यही कारणले भएको हो। चालू आर्थिक वर्षको १० महिनासम्म नेपालको व्यापार घाटा ७ खर्ब ४७ अर्ब ६५ करोड पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको सोही तुलनामा ३७.५ प्रतिशतले बढी हो।

मुलुकका संसद्वादी दलहरु दलाल पुँजीवादमाथि आश्रित छन्। दलाल पुँजीवाद सफल रुपमा प्रयोग गरेबापत उनीहरुले ठूलो रकम कुम्ल्याइरहेका छन्। संसद्मा रहेका ठूला दलहरुले यो स्थानीय निर्वाचनमा गरेको खर्चले पनि यस कुराको पुष्टि गर्दछ।

अनौपचारिक अर्थतन्त्र बढ्नुमा निगम पुँजीको विकास पनि कारक रहेको छ। यो साम्राज्यवादको नयाँ अर्थनीतिसँग जोडिएको छ। विगतका नीतिहरुले काम नचलेपछि पुँजीपति वर्गले आफ्नो आर्थिक एकाधिकारलाई बलियो पार्न र चारैतिर फैलाउन निगम पुँजीको विकास गरेको हो। यसको मुख्य चरित्र भनेको एउटै डालोभित्रबाट सम्पूर्ण क्षेत्रलाई नियन्त्रण गर्ने रहेको छ। अर्थात् एकै ठाउँबाट पुँजीको उत्पादन, विनिमय र वितरणलाई परिचालन गर्छ। अहिले मुलुकको अर्थव्यवस्था मुट्ठीभर दलाल तथा नोकरशाही पुँजीपतिवर्गको कब्जामा छ। उनीहरुको एकमात्र ध्यान नेपाली जनताको सस्तो श्रम, कच्चा पदार्थ र राष्ट्रिय प्राकृतिक स्रोत-साधन निर्बाध वैदेशिक एकाधिकार पुँजीको शोषणमा पर्नुबाहेक अर्को छैन। दलाल तथा नोकरीशाही पुँजीपतिवर्गको खेती भ्रष्टाचार र कमिसन मात्र छ। सन् १९९० को दशकको निजीकरण र उदारीकरणको प्रयोग नेपालमा भने फलदायी भएको छैन। सार्वजनिक क्षेत्र त्यस अवधिमा करिब नष्ट भएको छ। निजीकरण र उदारीकरणले एकाधिकार र सिन्डिकेटलाई मात्र प्रवर्द्धन गरेको छ।

अनौपचारिक अर्थतन्त्रले विधिको शासन अर्थात् लोकतन्त्रको अवमूल्यन गर्छ, मानवअधिकारको हनन गर्छ, संगठित अपराध र आंतकवादलाई बढाउने गर्दछ। त्यति मात्र होइन, बजारलाई गलत दिशामा उन्मुख गराई अन्ततोगत्वा अर्थतन्त्रलाई धराशायी पार्छ। यस्तो अर्थतन्त्रले मानिसको नैतिकता र इमानदारितामा पनि ह्रास ल्याउँछ। नियम कानुन मान्ने परिपाटीको अन्त्य भई समाज आराजक बन्छ।

अन्त्यमा अनौपचारिक अर्थतन्त्रलाई नरोक्ने हो भने यस्तो अर्थतन्त्र धरापमा पर्न गई राष्ट्र असफलतातर्फ नजाला भन्न सकिन्न। अनौपचारिक अर्थतन्त्र समृद्धिको बाधक हो। यो अर्थतन्त्र निकै खराब र चुनौतीपूर्ण विषय हो। भारतसँग १८ सय किलोमिटर खुल्ला सीमा र स्वतन्त्र आवतजावत गर्न सक्ने व्यवस्थाका कारण अनौपचारिक व्यापार उच्च देखिएको छ। तर यस्तो व्यापारको आकार कति छ भन्ने एकिन तथ्यांक राष्ट्र बैंकसँग छैन। अहिलेको राज्यव्यवस्थाले यसलाई हल गर्न चाहँदैन अथवा सक्दैन। तसर्थ कम्युनिस्ट क्रान्तिकारीहरु, दलाल पुँजीवादका विरोधी देशभक्त र प्रगतिशील शक्तिहरु मिलेर औद्योगिक पुँजीको विकास गर्न दलाल पुँजीवादी राज्यसत्तालाई वैज्ञानिक समाजवादी राज्यसत्ताले प्रतिस्थापन गर्नु आजको आवश्यकता हो।

## पाठक पत्र

### विद्युत् महसुल उठाउन जागरुकता खै ?

नेपाल विद्युत् प्राधिकरण वितरण शाखा, गोरखाले चालू आर्थिक वर्षको लाखौं बक्यौता रकम उठाउन नसकेको रहेछ। चालू आर्थिक वर्षमा मात्रै प्रधिकरण गोरखा शाखाले ८० लाखभन्दा बढी बक्यौता उठाउन बाँकी रहको कुरा बाहिर आएको छ। विद्युत् प्राधिकरण र उपभोक्ता दुवैको लापरबाहीका कारण बर्सेनि ठूलो मात्रामा रकम बक्यौता हुने विद्युत प्राधिकरणको पुरानै समस्या हो। महसुल नबुझाउनेहरुमा सरकारी कार्यालयदेखि विद्यालयसम्म रहेको प्राधिकरण हरेक पटक बताउँछ, तर कडा कदम नचालेको देखिन्छ।

सबैभन्दा बढी बक्यौता रकम गोरखकाली रबर उद्योगको छ। त्यति ठूलो उद्योगले लापर्वाही गरेर रकम नतिरेको स्पस्ट देखिन्छ। ६ महिनादेखि महसुल नबुझाएको यस उद्योगले ३० लाख महसुल तिर्न बाँकी रहँदासमेत कार्वाहीको प्रक्रिया नथालिनु आफैंमा सरमको कुरा हो। त्यस्तै छेवेटारमा इँटा उद्योग सञ्चालन गरेको सेभेन ग्रप प्रालिको ११ लाख, पृथ्वीनारायण तरकारी बजारको ३९ हजार र प्रगतिशील युवा समूहको १९ हजार बक्यौता बाँकी रहँदा पनि कर्मचारीले रकम असुल्न कुनै कदम नचालेको देखिएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय मातहतका विभिन्न स्वास्थ्य संस्थाहरुले पनि महसुल बुझाएका छैनन्। जौबारी प्राथमिक स्वास्थ्य केन्द्रले २ लाख १ हजार, मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रले २ लाख, भच्चेक हेल्थपोस्टले ४२ हजार, दर्बुङ हेल्थपोस्टले २१ हजार ८ सय महसुल तिर्न बाँकी छ।

यसै गरी बुंकोट हेल्थपोस्टको १० हजार र केराबारी उपस्वास्थ्यचौकीको ९ हजार बक्यौता रकम रहेको प्राधिकरणले जनाए पनि आजसम्म उक्त रकम उठाउन कुनै पहल गरेको पाइएको छैन। विद्यालयहरुमा नेपाने सेकेन्डरी स्कुलको २३ हजार, धर्मोदय निमावी मिरकोटको १२ हजार, रत्नेश्वर माविको ७ हजार र मिरकोट माविको ६ हजार बक्यौता रहँदा पनि उठाउन कुनै पहल भएको छैन। आख्लेपाखा सामुदायिक वनले ८ हजार र सुनौलो परिवार नेपालले ८ हजार बक्यौता रकम तिर्न बाँकी रहेको खबर मिडियामा आइरहेको छ तर प्राधिकरण यो विषयमा मौन छ।

त्यस्तै सडक बत्तीअन्तर्गत ५८ लाख २१ हजार ३ सय रुपियाँ बक्यौता रकम बाँकी रहेछ। त्यो पनि उठाउने कुनै सुर देखिँदैन। नगरपालिकाले महसुल तिर्ने भने पनि हालसम्म रकम नतिरेको पाइन्छ। यति धेरै महसुल उठ्न बाँकी रहँदा र सरकारी ढुकुटीमा ब्रह्मलुट मच्चाउँदासमेत सम्बन्धित कर्मचारी मौन हुनुमा मिलेमतोको शंका उब्जन्छ। त्यहाँका प्रधिकरण प्रमुखले पनि यो विषयमा गम्भीर हुन जरुरी देखिएको छ। नेपाल सरकारको यो विषयमा ध्यान जान जरुरी छ। किनकि यो एउटा उदाहरणको कुरा मात्रै हो। देशभरको अवस्था यस्तै छ। यो विषयमा सम्बन्धित निकाय जागरुक हुनुपर्‍यो।

*-दीपेन्द्र पाण्डे, गोरखा*

### साम्प्रदायिक तनाव नहोस्

गोर्खाल्यान्डको मागलाई लिएर दार्जीलिङ अशान्त भइरहेको छ भने अर्कोतर्फ कोलकाताको नजिक दक्षिण बंगालमा दुई समुदायहरुबीच साम्प्रदायिक तनावको अझै गम्भीर मामला अगाडि आएको छ। यस साम्प्रदायिक तनावमा कुनै स्पष्ट माग छैन। तर, पछिल्लो केही महिनामा पश्चिम बंगालमा साना-ठूला थुप्रै दंगाहरु भड्किएका छन्। यसको असर त्यहाँ रहेका नेपालीमा पर्ने खतरा छ। जसका कारण नेपालमा पनि सम्प्रदायिक हावा लाग्न सक्छ। सीमापारिबाट बंगलादेशी मुसलमानहरुको घुसपैठको स्थानीय मानिसहरुले, खासगरी विभाजनपछि बंगलादेशबाट आएका हिन्दू शरणार्थीहरुले जमेर विरोध गरेपछि हिन्दू र मुस्लिमबीच टकराव देखिएको छ। त्यति बेलादेखि बशीराहटमा मात्र हैन, राज्यका थुप्रै दक्षिणी जिल्लामा हुगली नदीका दुवै किनारहरुमा पनि तनाव उत्पन्न भइरहेको छ। हामीलाई त्यो विद्रोहको आगो नेपालमा नआओस् भन्ने मात्रै हो। त्यसकारण भारत सरकारले यस्ता गम्भीर कुरामा ध्यान दिन जरुरी छ।

*- बबिता कार्की, गाईघाट, उदयपुर*

### विमानस्थल छिटो बनाऊ

करिब २० वर्षदेखि बन्द रहेको बैतडीको पाटन विमानस्थल पुनः सञ्चालनमा ल्याउनका लागि काम शुरु गर्नुपर्ने अवस्था छ। बैतडी विमानस्थल पाटनलाई पुनः सुचारु गर्ने गरी सरकारले गतवर्ष बजेट विनियोजन गरेको थियो तर काम भने शुरु हुन सकेको छैन। सोही अनुसार गत मंसि रमा विमानस्थल सञ्चालनको लागि विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार पारिएको थियो। अब काम शुरु गर्नुपर्ने अवस्था छ। लामो समयदेखि बन्द रहेको विमानस्थल सुचारु गरेमा स्थानीय बासिन्दालाई धेरै राहत हुने थियो।

बैतडीमा रहेका निङ्लासैनी, बाबा जगन्नाथ, उदयदेव मन्दिर, पाताल भूमेश्वरजस्ता धेरै पर्यटकीय सम्भावना बोकेका स्थानहरुको विस्तार हुनुका साथै धेरै पर्यटकहरुको आगमन हुने भएकाले बैतडी विमानस्थल पाटन सञ्चालनमा आउनु आवश्यक रहेको छ। पाटन देशका १० नमुना शहरमध्ये एक भएकाले विमानस्थल सञ्चालनमा आए धेरै सजिलो हुने अवस्था छ। यो विषयमा सम्बन्धित निकायको ध्यान जाओस्।

*- सुबोध न्यौपाने, बैतडी*

### नमुना काम गर्नुपर्छ

गुल्मीको सत्यवती गाउँ कार्यपालिकाको पहिलो बैठकले अपांगता भएका व्यक्तिहरुलाई घर-घरमा परिचयपत्र उपलब्ध गराउने निर्णय गरेको छ, जुन एउटा जनमैत्री र नमुना काम हो। नवनिर्वाचित पदाधिकारीहरुको स्वागतपछि बसेको बैठकले जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी अपांगता भएका व्यक्तिहरुलाई सहज र सरल ढंगले परिचयपत्र उपलब्ध गराउने निर्णय गरेकोप्रति निक्कै खुशी लागेको छ।

त्यस्तै सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाउन सम्बन्धित बैंकहरुसँग समन्वय गरी झन्झट मुक्त बनाउने निर्णय पनि गरेको छ। अध्यक्ष, उपाध्यक्ष र ८ वटै वडाका वडाध्यक्षहरु संलग्न कार्यपालिकाको बैठकले यस गाउँपालिकाका अधिकांश सर्वसाधारणले प्रयोग गर्ने रिडी-रुद्रवेणी सडक खण्डलाई कालोपत्रे गर्नका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णयसमेत गरेको छ। यो निर्णय छिट्टै कार्यान्वयन हुनु जरुरी छ। गुल्मीजस्तै अन्य गाउँपालिकाका प्रतिनिधिले पनि जनताको पक्षमा काम गरेर नमुना प्रतिनिधि हुन सुझाव दिन चाहन्छु।

*- श्रीधर पन्थी, गुल्मी*

## सामाजिक सञ्जाल



नेपाल प्रहरीका हवल्दार श्री दुर्गा बहादुर राना गृह मन्त्रालयमा भेट्न आएका र मैले धन्यवाद दिएको हो, भेटका क्रममा गृहमन्त्रीले रू. १५०० दियो भनी भ्रम छरेर उहाँको साहसिक कदमको अपमान नगर्न आग्रह गर्दछु।

**Janardan Sharma**
**@JSPrabhakar**



केन्द्रीय राजनीतिको असर स्थानीय तहमा पर्न दिनुहुँदैन। यसो हुन सक्यो भने मात्र स्थानीय तहले जनअपेक्षाको आवश्यकताअनुसार काम गर्न सक्नेछन्।

**बुद्धि पाण्डे**
**@buddhipandey4**



एकजना गुरूको भनाइ : मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र छातीमा इमानदारी लिएर हिंड्नुपर्छ। त्यति गर्न सके व्यक्ति, समाज र देश आफैं बन्छ।

**Rabindra Mishra**
**@RabindraMishra**

२०७४, असार
बुधबार
२८

आयोजना कार्यान्वय निर्देशनालयले यसअघि ६ सय ७० किलोमिटर क्षेत्रमा विस्तार गरेको पाइप लाइन सञ्जालले समेट्न नसकेका चक्रपथ भित्रका क्षेत्रमा वितरण प्रणाली स्थापना गरिने भएको हो। पाटनको मंगलबजार, सानेपा, काठमाडौंको खुसीबुँ-नयाँबजार, कलंकी र टेकु क्षेत्रमा नयाँ वितरण प्रणाली स्थापना गर्ने तयारी गरिएको आयोजना कार्यान्वय निर्देशनालयका प्रवक्ता लीलाप्रसाद ढकालले जानकारी दिनुभयो।

# नेपाल

## संक्षेप

### राष्ट्रपतिसँग जापानी उपमन्त्रीको भेट

काठमाडौं, (नेस)

राष्ट्रपति विद्यादेवी भण्डारीसँग नेपाल भ्रमणमा रहनुभएका जापानका विदेश मामिलासम्बन्धी उपमन्त्री कियोशी ओडाबाराले मंगलबार राष्ट्रपति भवन शीतल निवासमा शिष्टाचार भेट गर्नुभएको छ।

सो अवसरमा दुई देशबीच रहिआएको सुमधुर सम्बन्ध, आपसी हित र चासोका विषयमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ। उक्त भेटका अवसरमा नेपालस्थित जापानका राजदूत एवम् नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु समेतको उपस्थिति रहेको बताइएको छ।

### आतंकवादी आक्रमणको निन्दा

काठमाडौं, (नेस)

नेपाल सरकारले भारतको अमरनाथ यात्रामा गएका तीर्थयात्री बोकेको बसमा सोमबार भएको आतंकवादी आक्रमणको निन्दा गरेको छ।

भारतको जम्मु कास्मिर राज्यको अनन्तनाग जिल्लामा भएको उक्त आक्रमणमा निर्दोष सात यात्री मारिएका र अन्य घाइते भएका थिए। सरकारले उक्त आक्रमणमा परी ज्यान गुमाएकाहरुका परिवारजनमा समवेदना एवं सहानुभूति प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

### मानवअधिकारप्रति बेवास्ता : आयोग

काठमाडौं, (नेस)

राष्ट्रिय मानव अधिकार आयोगले गम्भीर मानव अधिकार उल्लंघनका विषयमा सरकारलाई कारबाहीका लागि गरेका सिफारिस १७ वर्षदेखि प्रभावकारी रुपमा कार्यान्वयन नभएको जनाएको छ।

व्यवस्थापिका-संसद्अन्तर्गत सामाजिक न्याय तथा मानव अधिकार समितिका मंगलबार बसेको बैठकमा आयोगको वार्षिक प्रतिवेदन माथिको छलफलमा आयोगका अध्यक्ष अनुपराज शर्माले सो कुरा बताउनुभएको हो। उहाँले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका विषयमा आयोगले विगत १७ वर्षदेखि गरेको कारबाहीको सिफारिस प्रभावकारी रुपमा कार्यान्वयन भएको छैन भन्नुभयो।

### पेस्तोलसहित पक्राउ

काठमाडौं, (नेस)

डडेल्धुरा पर्शुराम नगरपालिका-१ बस्ने २८ वर्षीय सुरेश भण्डारीलाई प्रहरीले १ थान कटुवा पेस्तोल र सोको ३ राउन्ड गोलीसहित पक्राउ गरेको छ।

महानगरीय प्रहरी प्रभाग गंगबुबाट खटिएको टोलीले सोमबार भण्डारीलाई बसुन्धारा स्थित चिया पसलमा शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उक्त पेस्तोल र गोली बरामद भएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

## दलहरु छलफलमा
# विषयवस्तु जहाँको त्यही



नेपाल समाचारपत्र

काठमाडौं

संविधान संशोधन विधेयक पारित गराउनका लागि सरकारले सक्रियता बढाएको छ। संविधान संशोधनका लागि सघाउन प्रधानमन्त्री शेरबहादुर देउवाले राखेको प्रस्ताव प्रमुख विपक्षी दल नेकपा एमालेले अस्वीकार गरेको छ।

मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको तीन दलका शीर्ष नेताहरुको बैठकमा प्रधानमन्त्री देउवाले राजपालाई चुनावमा ल्याउन र संविधान कार्यान्वयनलाई सहज बनाउन संविधान संशोधन गर्नुपर्ने भएकाले एमालेले पनि सहयोग गर्नुपर्ने प्रस्ताव गर्नुभएको थियो। तर एमाले अध्यक्ष केपी शर्मा ओलीले सबै चुनावसम्म संशोधनलाई स्थगित गर्नुपर्ने र त्यसपछि खुला छलफल गर्न सकिने जवाफ दिनुभएको थियो।

बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जारी समस्या समाधानको लागि तीन विकल्प प्रस्तुत गर्नुभएको छ। दलहरुको सहमतिमै संशोधन प्रस्ताव बनाउने र पास गर्ने, अहिलेकै प्रस्तावलाई भोटिङमा लैजाने र संशोधन प्रस्ताव होल्ड गर्ने तथा राजपालाई चुनावमा ल्याउन आवश्यक अन्य सबै माग पुरा गर्न प्रस्ताव अगाडि सार्नुभएको बताइएको छ। बैठकपछि नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले राजपासँग छलफल गरेर पुनः तीन दलको बैठक बस्ने सहमति भएको बताउनुभयो।

सविधान संशोधन विधेयक पारित गराउन सत्ता पक्षले गृहकार्य तीब्र बनाएपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाबीच भेटवार्ता भएको छ। राप्रपाले एमाले बिनाको संविधान संशोधन विधेयकको पक्षमा मतदान नगर्ने नीति लिएको छ।

मंगलवार सिंहदरवारस्थिति एमाले संसदीय दलको कार्यालयमा भएको भेटमा अध्यक्ष थापाले सीमाकंन बाहेकका विषयलाई समेटेर ल्याए विधेयक पारित गर्न सकारात्मक रहेको बताउनुभएको थियो।

तर ओलीले भने तीन तहकै निर्वाचन सम्पन्न भएपछि मात्र संविधान संशोधन विधेयकको बारेमा छलफल गर्न सकिने बताउनुभएको थियो। बैठकपछि अध्यक्ष थापाले संविधान संशोधन प्रस्तावको पक्षमा उभिन आफूहरुलाई नैतिक बाँध्यता रहेको विषय राखेको बताउनुभयो। बैठकपछि एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले तीन तहको निर्वाचनपछि मात्र संशोधनको विषयमा विचार गर्न थापालाई आग्रह गरेको बताउनुभयो।

## शर्मालाई थुनामुक्त गर्न माग गर्दै रिट

काठमाडौं, (नेस)

भ्रष्टाचारको आरोपमा थुनामा रहेका आन्तरिक राजश्व विभागका महानिर्देशक चुडामणि शर्मालाई थुनामुक्त गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ।

शर्माकी पत्नि कल्पना उप्रेती शर्माले विशेष अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतलाई विपक्षी बनाइ मंगलबार दायर गरेको रिट निवदेनमा शर्मालाई गैरकानुनी रूपमा थुनामा राखेको हुँदा थुनामुक्त गर्न माग गरिएको छ।

रिट निवेदनमा राजश्व विभागका महानिर्देशकको कर दायरा घटाउने वा बढाउने विशेष अधिकार हुने र सोही अनुसार शर्माले काम गरेको हुँदा थुनामा राख्ने कार्य गैरकानुनी भएको उल्लेख छ।

राजश्व निर्धारणमा अनियमितता गरेको आरोपमा आन्तरिक राजश्व विभागका महानिर्देशक शर्मालाई गत जेठ १९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरी विशेष अदातलमा मुद्दा दायर गरेको थियो।

विशेष अदालतले पुर्पक्षका लागि उहाँलाई थुनामा राख्ने आदेश दिएको थियो। सो आदेशअनुसार शर्मालाई अहिले पनि थुनामा राखिएको छ।

शर्माविरुद्ध एनसेलको स्वामित्व बिक्री हुँदा पुँजीगत लाभकर नउठाइ एनसेललाई उन्मुक्ति दिएको, कर फछ्र्यौट आयोगको सदस्य सचिवसमेत रहेका शर्माले २१ अर्ब रुपियाँबराबरको रकम कर मिनाहा गर्न भूमिका खेलेकोलगायतका आरोप छ।

## तातोपानीमा डुबेकी बालिकालाई आर्थिक सहयोग

काठमाडौं, (नेस)



तातो पानीले पोलेको उपचाररत काभ्रे महाभारत-८, घर्तिछाप मैना डाँडाकी साँढे दुई वर्षीया अस्मिता मोक्तानलाई विभिन्न देशमा वैदेशिक रोजगारीमा रहेका घर्तिछापवासीहरुले संकलन गरेको रकम १ लाख २१ हजार ३ सय रुपियाँ सहयोगस्वरुप उपलब्ध गराएका छन्।

आर्थिक अवस्था निकै कमजोर रहेका पीडितका बाबु देवराज मोक्तानलाई संकलित सहयोग रकम उनी उपचाररत कीर्तिपुर अस्पतालमा नै पुगेर अस्मिता बचाउ अभियानका संयोजक अमर मगर (रिजन) ले हस्तान्तरण गरेका हुन्। सहयोग गरिएको उक्त रकम घर्तिछाप स्थायी घर भइ भारतमा रोजगारीमा रहेका भरत मगरले संकलन गरेको ५० हजार रुपियाँ र मलेसियामा रहेका घर्तिछाप कै दुर्गा तामाङले संकलन गरेको ७१ हजर ३ सय रुपियाँ अभियानका संयोजक मगरले हस्तान्तरण गरेका थिए।

देवराज तथा निरुता मोक्तानका छोरी साँढे दुई वर्षीय अस्मिता असार ११ गते खेल्ने क्रममा तातीरहेको पानीमा डुब्न पुगेकी थिइन्। असार १२ गते देखि कीर्तिपुर अस्पतालमा उपचार गराइरहेका छन्। हालसम्म साँढे दुई लाख उपचारमा खर्च भइसकेको बाबु देवराजले बताए। महँगो उपचार खर्च थेग्न गाह्रो भए पछि उनले सहयोगका लागि हात फैलाएको देवराजले बताए। हालसम्म साथीभाइहरुले २५ हजार र पछिल्लो सहयोग १ लाख २१ हजार ३ सय सहयोग आफूले पाएको बताए।

दिन कै औषधिहरुमा मात्र २५ हजारको हाराहारीमा खर्च भइरहेको र प्रत्येक पाँच दिनमा अपरेसन गर्दा ३७ हजार खर्च गर्दै आएको बताउने देवराज महँगो उपचारखर्च धान्न धौधौ भएकाले सहयोगी हातहरुलाई सहयोगको याचना गर्दछन्। उनी भन्छन्-'सहयोगी हातहरुको सहयोगबिना छोरीको उपचार गर्न सक्दिन। त्यसैले छारीको ज्यान बचाइदिनका लागि सबैमा अनुरोध गर्न चाहन्छु।' सामान्य खेती किसानी गरेर जीविकोपार्जन गरिरहेका उनलाई सहयोग जुटाउन अस्मिता बचाउ अभियान चलाइएको संयोजक अमरले बताए।

## मेलम्चीबारे सहमति

काठमाडौं, (नेस)

मेलम्ची खानेपानी आयोजनामार्फत काठमाडौं उपत्यकामा वितरण गरिने खानेपानीलाई प्रभावकारी बनाउन उपत्यकाका विभिन्न ५ स्थानमा वितरण प्रणाली स्थापना गरिने भएको छ।

आयोजना कार्यान्वय निर्देशनालयले यसअघि ६ सय ७० किलोमिटर क्षेत्रमा विस्तार गरेको पाइप लाइन सञ्जालले समेट्न नसकेका चक्रपथ भित्रका क्षेत्रमा वितरण प्रणाली स्थापना गरिने भएको हो। पाटनको मंगलबजार, सानेपा, काठमाडौंको खुसीबुँ-नयाँबजार, कलंकी र टेकु क्षेत्रमा नयाँ वितरण प्रणाली स्थापना गर्ने तयारी गरिएको आयोजना कार्यान्वय निर्देशनालयका प्रवक्ता लीलाप्रसाद ढकालले जानकारी दिनुभयो।

एसियाली विकास बैंक (एडीबी)को २ अर्ब ६२ करोड ४९ लाख रुपियाँको ऋृण सहयोगमा विस्तार हुने नयाँ वितरण प्रणालीको कूल लम्बाई २ सय २९ किलोमिटर रहने उहाँले बताउनुभयो।

सञ्जाल विस्तारको जिम्मेवारी चिनीयाँ निर्माण कम्पनी गोन्भ्फाओ इन्टरनसनल इकोनोमिक एन्ड टेक्निकल कोअपरेसन (जीआईईटीसी) तथा नेपाली साझेदारहरु शर्मा एण्ड कम्पनी र रमण कन्स्ट्रक्सले प्राप्त गरेका छन्। सो बारेको सम्झौता पत्रमा मंगलबार आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक तिरेश प्रसाद खत्री र निर्माण कम्पनीका प्रतिनिधी बीच हस्ताक्षर भएको छ।

सो सम्झौताअनुसार निर्माण पक्षले आगामी ३० महिनाभित्रमा ३२ हजार घरधुरीमा नयाँ प्रणालीमा आधारित धारा जडान गर्ने बताइएको छ।

### सार्क स्तरीय बैठक
## गृहमन्त्री कोलम्बोतिर

काठमाडौं, (नेस)

दक्षिण एसियाली मुलुकका गृहमन्त्रीहरुको सुरक्षा बैठकमा सहभागी हुन गृहमन्त्री जनार्दन शर्मा नेतृत्वको टोली मंगलबार श्रीलंका प्रस्थान गरेको छ। सार्क गृह मन्त्री स्तरीय ८औं बैठक भोलि विहीबार श्रीलंकामा आयोजना हुँदै छ।

बैठक सार्क सदस्य राष्ट्रमा व्याप्त आतंकवाद न्यूनिकरण, लागूऔषध नियन्त्रणम जस्ता विषयमा केन्द्रित रहने बताइएको छ। बैठकको पहिलो दिन मंगलबार अध्यागमन र अन्य सुरक्षा चुनौतीबारे सार्क सदस्य राष्ट्रका उच्च अधिकारीहरु बीच छलफल भएको छ। आज बुधबार गृह-सचिव स्तरीय बैठक तय गरिएको छ भने भोलि सबै सदस्य राष्ट्रका गृहमन्त्री सहभागी बैठक बस्नेछ। सो बैठकमा सहभागी हुन मन्त्री शर्मासँगै गृहसचिव लोकदर्शन रेग्मी र गृह प्रवक्ता दीपक काफ्ले, परराष्ट्र मन्त्रालयका सह-सचिव मणि भट्टराईलगायतका उच्च अधिकारी मंगलबार त्यता प्रस्थान गर्नुभएको हो।

श्रीलंकामा रहँदा गृहमन्त्री शर्माले आफ्ना श्रीलंकाली समकक्षीलगायतका अधिकारीहरुसँग पनि भेटवार्ता गर्ने बताइएको छ।

## सिनेमा कर्नर










मा‌उन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : स्वस्थता, वस्तु/सेवा लाभ, सन्तोष, द्रव्यलाभ, उत्तम भोजन।
**वृष** : राज्यसुख, राजनीतिमा सफलता, कार्यसिद्धि, स्वस्थता।
**मिथुन** : बिहान रोगव्याधि, धननाश, त्यसपछि भने सुख-सन्तोष।
**कर्कट** : बिहान मान-सम्मान, त्यसपछि भने रोगव्याधि, संकट।
**सिंह** : आर्थिक लाभ, सफलता, प्रतिस्पर्धामा विजय, प्रतिष्ठामा वृद्धि।
**कन्या** : कार्यसिद्धि, सुख-सन्तोष, शत्रु विजय, पारिवारिक सुख।
**तुला** : पूर्वान्ह पेट गडबड, त्यसपछि भने कार्य सफल, तनाव मुक्त।
**वृश्चिक** : बिहान धनप्राप्ति, प्रतिष्ठा, त्यसपछि झमेला, तनाव।
**धनु** : आर्थिक लाभ, पराक्रम वृद्धि, प्रगतिको अवसर, प्रसन्नता।
**मकर** : भाग्योदय, अन्नलाभ, उत्तम भोजन, आर्थिक लाभ, कार्य सफल।
**कुम्भ** : बिहान कार्य बाधा, त्यसपछि सुख, उपहारादि वस्तु प्राप्ति।
**मीन** : पूर्वान्ह मिष्ठान्न भोजन, त्यसपछि दुर्घटनाको भय, खर्च।

सानाे योजना सञ्चालन गर्न वडाबाट नै खर्च गर्न गरै ५/५ लाखका योजना प्रस्ताव गरिएको छ भने प्राथमिकता तोकेका क्षेत्रमा कुनै हेरफेर नगरी प्रति वडा २० लाख रकम विनियोजन गरिएको छ। विकासलाई समानुपातिक, समन्यायिक तथा सन्तुलित बनाउन प्रत्येक वडामा कम्तिमा ६० लाखको योजना तथा कार्यक्रमहरु पर्ने बजेट बाँडफाँड गरिएको छ।

# नेपाल

# धुलिखेललाई ग्रिन र स्मार्ट सिटी बनाइँदै

मोतीराम तिमल्सिना, काभ्रे

हल खचाखच हुँदै थियो। सभासद्हरू राष्ट्रिय पोशाकमा आसन ग्रहण गरिरहँदा विशिष्ट अतिथिहरू आफ्नो सिट खोज्दै थिए। पत्रकार र अन्य विषयगत कार्यालय, सामाजिक संघ संस्थाका प्रतिनिधिहरू आसन ग्रहण गरिरहँदा राष्ट्रिय पोशाकमा सजिएका धुलिखेल नगरका प्रमुखले प्रथम नगर सभा शुरू भएको औपचारिक जानकारी गराए।

लगत्तै राष्ट्रिय गान, शहीदहरूलाई सम्झँदै मौन धारणपछि उपप्रमुख विमला शर्माले स्वागत मन्तव्य राखे लगत्तै नगर प्रमुख अशोक ब्याञ्जुले धुलिखेल नगरपालिकाको प्रथम नगर सभामा आर्थिक वर्ष २०७४/२०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए। सिंहदरबारमा रहेको संसद्जस्तै धुलिखेल नगरको पहिलो सभा सञ्चालन र सभामा प्रस्तुत कार्यक्रमका बारेमा सबैले स्थानीय तहको सरकार घर आँगनमै भएको टिप्पणी गरे। धुलिखेल नगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष हर्कबहादुर तामाङले गाउँ र नगर परिषद्भन्दा बिल्कुल फरक रहेको यो नगर सभा अगावै टोल टोलमा र वडा वडामा ब्यापक छलफल पछि प्रस्तुत भएका कार्यक्रमहरूले सिङ्गो नगरलाई नेपालमै नमुना बनाउन सहयोग पुग्ने प्रतिक्रिया दिए।

झण्डै एक घण्टा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका नगर प्रमुख ब्याञ्जुको प्रस्तुती लगत्तै कार्यकारी अधिकृत एवं नगर सभाका सदस्य सचिव महेश बरालले धन्यवाद दिए लगत्तै प्रमुख ब्याञ्जुले आगामी २८ गते बुधबार दिउँसो १ बजेसम्मका लागि नगर सभा स्थगित भएको जानकारी गराएका थिए। सभामा धुलिखेलका लागि आव २०७४/२०७५ का लागि कुल आय निर्धारण गर्दा आन्तरिक आय ५ करोड ८१ लाख राजश्व बाँडफाँडबाट




एक करोड, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानबाट १७ करोड २२ लाख, सशर्त अनुदान १२ करोड ९० लाख, नगर विकास कोषको ऋण रकम २ करोढ, अन्तर्राष्ट्रिय सहयोग २ करोड, सकड बोर्डबाट आउने सडक मर्मत खर्च ६५ लाख, बैक मौज्दात ४८ लाख गरी ४२ करोड ६६ लाखको बजेट सिमा तयार भएको छ। सशर्त अनुदानको रकमबाट सञ्चालन गरिने कृयाकलापमध्ये चालु तथा पूँजीगत तर्फका कार्यक्रम एकिन गर्न अझै नसकिएकाले कुल बजेटमा चालु खर्च तथा पुँजीगत खर्चको हिस्सा एकिन रूपमा देखाउन नसकिएको प्रमुख ब्याञ्जुले सभामा जानकारी गराएका थिए।

प्रमुख ब्याञ्जुले सभामा राजश्ज परिचालन सम्बन्धी नीतिहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारतर्फका नीतिहरू, भवन निर्माण, नक्सा पास तथा भूमी व्यवस्थापनसम्बन्धी नीतिहरू, सेवा प्रवाह, संस्थागत विकास तथा सुशासनसँग सम्बन्धित नीतिहरू, सामाजिक क्षेत्र विकासका नीतिहरू, स्थानीय आर्थिक विकाससँग केन्द्रित नीति तथा कार्यक्रमहरू, फोहोरमैला व्यवस्थापन, वातावरण तथा प्रकोप व्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रमहरू, पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरू प्रस्तुत गरेका थिए।

सभामा नगर प्रमुख ब्याञ्जुले नेपालको संविधान २०७२ले स्थानीय तहलाई दिएका महत्वपूर्ण राजश्व परिचालनका शीर्षकहरूबाट परिचालित रकमको के कति अंश नगरपालिकाले पाउने हो एकिन नभएकाले वार्षिक बजेटको सिमा निर्धारणमा अलमल भएको बताए। नगरपालिकाहरूले विगतमा उठाएको बहाल कर त्यसै अनुपातमा मात्रै नगरपालिकाले प्राप्त गर्ने, यसै गरी सवारी साधन कर विगतकै जस्तो असुली गर्ने तथा रजिस्टसन वापतको रकम विगतकै अनुपातमा बाँडफाँड गर्ने हो भने नगरपालिकाको स्वायत्तता व्यवहारमा कार्यान्वयन गर्न नसकिने बजेट, नीति तथा कार्यक्रममार्फत नगर प्रमुख ब्याञ्जुले नेपाल सरकार तथा व्यवस्थापिका संसदको ध्यानाकर्षण गराएका छन्। तीनवटै करको बाँडफाँड गर्दा ५० प्रतिशत स्थानीय तहमै रहनु पर्ने स्पष्ट व्यवस्था गर्न ब्याञ्जुले माग गरेका छन्।

प्रमुख ब्याञ्जुले ८ वर्षदेखि सञ्चालनमा रहेको काभ्रे उपत्यका खानेपानी परियोजनालाई आगामी वर्षभित्रै सम्पन्न गर्न तिर्नुपर्ने रकम ५० लाख भूक्तानी गर्न र आगामी आर्थिक वर्षका लागि एक करोड ५० लाख विनियोजन गरेका छन्। साना योजना सञ्चालन गर्न वडाबाट नै खर्च गर्न गरै ५/५ लाखका योजना प्रस्ताव गरिएको छ भने प्राथमिकता तोकेका क्षेत्रमा कुनै हेरफेर नगरी प्रति वडा २० लाख रकम विनियोजन गरिएको छ। विकासलाई समानुपातिक, समन्यायिक तथा सन्तुलित बनाउन प्रत्येक वडामा कम्तिमा ६० लाखको योजना तथा कार्यक्रमहरू पर्ने बजेट बाँडफाँड गरिएको छ। नगर सभामा ग्रिन सिटी, स्मार्ट सिटी, धुलिखेलसम्म ६ लेनको सडक, साझा बस सञ्चालन जस्तो महत्वपूर्ण र दुरगामी प्रभावका कार्यक्रमहरू प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, पर्यटनमा विशेष जोड दिइएको छ।

# भीमेश्वरको नीति– कृषिमा आत्मनिर्भर

चिरञ्जीवी मास्के, दोलखा

आर्थिक, सामाजिक तथा पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सेवा प्रवाहलाई मुख्य प्राथमिकता दिदै भीमेश्वर नगरपालिकाको प्रथम नगरसभा सम्पन्न भएको छ।

नगरसभाले आर्थिक विकासमा कृषि, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्रहरूलाई प्राथामीकतामा राखेको छ भने सामाजिक विकासमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथामिकतामा राखेको छ।

त्यसैगरी पूर्वाधार विकासमा स्थानीय सडक, पुल पुलेसा, सिंचाइ, भवन तथा सहरी विकास, एकिकृत वस्ती विकास, उर्जा र सञ्चारलाई प्राथामिकतामा राखेको छ भने वातावरण तथा विपद् व्यवस्थापनमा वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण तथा जलवायु परिर्वतन, विपद् व्यवस्थापन, फोहर मैला तथा ढल व्यवस्थापन र वारुण यन्त्र एवं अन्य मेसिन सञ्चालनलाई प्राथमिकतामा राखेको छ। त्यसै गरी संस्थागत विकास तथा सेवा प्रवाहमा सुशासन प्रवर्द्धन तथा सामान्य सेवालाई प्राथमिकतामा राखेको छ।

नगरसभाले पारित गरेको नीति तथा कार्यक्रममा कृषिमा आत्मनिर्भर बनाउने, पर्यटकीय क्षेत्रको पहिचान तथा संरक्षण सम्बर्द्धन गर्ने, सदरमुकाम चरिकोटको चोक सातदोबाटोलाई फ्रि वाइफाइ जोन बनाउने, हस्तकला उद्योगलाई विकास गर्ने, सहकारी मार्फत लगानी बृद्धि गरी उद्योग मैत्री वातावरण बनाउने, गुणस्तरीय शैक्षिक संस्थालाई प्रोत्साहित गर्ने, नगरको प्रत्येक वडामा स्वास्थ्य संस्था र निशुल्क औषधिको व्यवस्था गर्ने, खानेपानी तथा ढल व्यवस्थापन गर्ने कुरालाई प्राथमिकतामा राखिएको र त्यसलाई कार्यक्रमका रूपमा अगाडि बढाइने नगरप्रमुख भरतबहादुर केसीले बताउनुभयो।

लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणअन्तर्गत महिला हिंसा, लैङ्गीक विभेद, बालश्रम, बालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्या पहिचान तथा न्यूनिकरण गर्ने, महिलाहरूलाई सशक्तिकरण, पहुँच अभिबृद्धि गर्न र महिला विशेषको स्वास्थ्य समस्या समाधानका कार्यक्रमहरू कार्यान्वयन गराइने तथा महिलाहरूको कामको सम्मान र कार्यबोझ घटाउन घुम्तीकोष खडा गरी व्यवसायिक बनाइने कार्यक्रमसमेत सञ्चालन गरिने नगरप्रमुख केसीले बताउनुभयो।

नगरसभाले आर्थिक वर्ष ०७४/०७५ का लागि पुँजीगततर्फ १६ करोड, ७६ लाख, ४१ हजार र चालुतर्फ २० करोड, १ लाख ९ हजार गरी ३६ करोड, ७७ लाख, ५० हजार अनुमानित बजेट प्रस्तुत गरेको छ। जसमा विषयगत शाखाअन्तर्गत शिक्षा, स्वास्थ्यलगायतको तलब भत्तासमेत गरी सरकारबाट प्राप्त हुने ३४ करोड, २७ लाख, ५० हजार र आन्तरिक श्रोतबाट २ करोड, ५० लाख अनुमान गरिएको भीमेश्वर नगरपालिकाका उपप्रमुख कमला वस्नेतले बताउनुभयो।

प्रथम नगरसभामा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै नेकपा एमालेका केन्द्रीय अनुशासन आयोगका अध्यक्ष अमृत बोहोराले स्थानीय निकायको विकासमा केन्द्रीय सरकारको मुख ताक्ने नभइ आफ्नो क्षेत्रमा रहेको आर्थिक स्रोतको पहिचान र परिचालन गर्नुपर्ने बताउनुभयो।

एमाले पोलिटब्युरो सदस्य पशुपति चौलागाईंले भीमेश्वर नगरपालिका आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय हिसाबले महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै विकास र समृद्धिलाई सबैको साझा सहमतिमा अगाडि बढाउनुपर्ने बताउनुभयो।

# यार्सागुम्बा संकलन न्यून

प्रताप बानियाँ, म्याग्दी

चालु आर्थिक वर्ष २०७३/७४ मा म्याग्दी जिल्लामा न्यून मात्रामा यार्सागुम्बा संकलन भएको छ। आधा जीव र आधा वनस्पतिको अस्तित्वमा रहने शक्तिबर्द्धक बहुमूल्य जडीबुटी यार्सागुम्बाको संकलनका लागि पुर्जी लिएका व्यापारीले थोरै परिमाणको मात्रै यार्सागुम्बा संकलन गरेका हुन्।

यसवर्ष यार्सागुम्बा संकलनका लागि पाँच जनाले पुर्जी लिएको र उनीहरूले जम्मा साढे ४ केजी संकलन गरेको जिल्ला वन कार्यालय म्याग्दीले जनाएको छ। साढे ४ केजी संकलन लिएकोमा ३ केजी २० ग्राम यार्सागुम्बा संकलनकर्ता व्यापारीले लगेको सहायक वन अधिकृत राजकुमार ठाकुरले जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीय तहमै यार्सागुम्बा संकलन गरिनु, गुणस्तरीय कम हुनु, बजार मुल्यमा गिरावट, जलवायु परिवर्तनको असर, समयमा हिउँ नपर्नु र लोप हुँदै जान थालेपछि यार्सागुम्बा संकलनमा कमी आएको हो।

गत वर्ष पनि विनाशकारी भूकम्प, नाकाबन्दी, हिउँदको समयमा वर्षा नहुनु, राजश्वको दरमा वृद्धि, बजार मूल्यमा गिरावटलगायतका कारणले गर्दा न्युन मात्रामा यार्सागुम्बा संकलन भएको थियो। देशका हिमाली क्षेत्रका विभिन्न जिल्लाहरूमा यार्सागुम्बा संकलन भए पनि म्याग्दीमा भने पछिल्लो समय अपेक्षा गरेअनुसार यार्सागुम्बा संकलन हुन सकेको छैन।

नेपाल सरकारले २०६७ सालदेखि अनुमति दिएपछि जिल्लाको गूर्जा, मुदी, लुलाङ, चिमखोला, कुइनेमङ्गलेलगायतका उच्च हिमाली क्षेत्रमा यार्सागुम्बा संकलन हुने गरेको सहायक वन अधिकृत ठाकुरको भनाइ छ। यार्सागुम्बा संकलनका लागि पुर्जी लिन सीमित व्यापारी आउँदा राजश्वमा समेत गिरावट आएको उहाँले बताउनुभयो।

जिल्लाको हिमाली भेगमा यार्सा खोज्न जाने गरिए पनि पर्याप्त यार्सा पाइन छाडेको स्थानीय वासिन्दाले बताएका छन्। जिल्ला वन कार्यालयको तथ्यांकअनुसार २०६७ सालमा साढे १६ केजी, ०६८ मा १० केजी, ०६९ मा १० केजी र ०७० मा सबैभन्दा धेरै २० केजी मात्रै यार्सा संकलन भएको थियो। हिमाली क्षेत्रमा पाइने विभिन्न जडिबुटीहरूमध्ये यार्सागुम्बा निकै महत्वपूर्ण र सबैको रोजाइमा पर्ने गरेको छ। यसवर्ष मुदीबाट यार्सा खोज्न हिमालतिर गएका स्थानीयले पर्याप्त यार्सा नपाएको धौलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले बताउनुभयो।

अनुकूल मौसममा हिमाली क्षेत्रका बासिन्दाले डेढ महिनासम्म यार्सा संकलन गर्ने गर्दछन्। सरकारले एक किलो यार्सागुम्बा खरिदका लागि २५ हजार रूपियाँ राजश्व तिर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। यार्साको बजार मूल्य न्यूनतम सात लाखदेखि माथि रहेको व्यापारीहरू बताउँछन्। एक किलो यार्सामा ३५ सयदेखि ४ हजारसम्म बुटी हुने गर्दछ। नेपाली बजारमा खपत हुने अधिकांश यार्सा भने अवैध रूपमा चोरी निकासी हुने गरेको छ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: २०००/९/३

स्व. रत्नेश्वरी जोन्छे

स्वर्गारोहण मिति: २०७४/३/१६

पञ्चकन्या ग्रुपका आधिकारिक बिक्रेता सूर्यविनायक हार्डवेयर प्रा.लि., सिर्जनानगर, भक्तपुरका प्रोप्राइटर श्री सुरज जोन्छेज्यूको ममतामयी माता रत्नेश्वरी जोन्छेको असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

पञ्चकन्या ग्रुप
परिवार



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
हनुमानढोका दरबार संग्रहालय विकास समिति
हनुमानढोका

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७४/३/२८

यस संग्रहालय र हेरचाह अड्डा कार्यालयको लागि समेत आ.व. ०७४/७५ मा आवश्यक पर्ने तपसिल बमोजिमका अफिस सामान अपूर्ति, मर्मत तथा सम्भार, परामर्श सेवा, अन्य सेवा आदि उपलब्ध गराउन इच्छुक इजाजत फर्म/संस्था/कम्पनीहरुबाट सूचि दर्ता (standing list) गराउनका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु.१०/- को टिकट टाँस गरी यस कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**क) खरिद तथा आपूर्ति**

१. मसलन्द तथा कार्यालय सामानहरु
२. छपाई सम्बन्धी कार्य
३. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी कार्य
४. कम्प्यूटर, प्रिन्टर, UPS, Fax Machine, फोटोकपी टोनर र सो सम्बन्धी स्पेयर पार्टपुर्जा
५. पिउने पानी सप्लाई
६. इलेक्ट्रीक र इलेक्ट्रोनिक सामानहरु

**(ख) सेवा खरिद तर्फ**

१. कम्प्यूटर तालिम
२. विभिन्न सफ्टवयेर निर्माण
३. विभिन्न मन्दिरहरु र दरबारको अध्ययन प्रतिवेदन कार्य
४. वेभसाइट तथा इन्टरनेट
५. सूचना तथा विज्ञापन
६. खाजा आपूर्ति
७. वार्षिक कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स मेशिन मर्मत सम्बन्धी सेवा लिने कार्य
८. विकास समिति तर्फको आ.व. ०७४/७५ को आ.ले.प सम्बन्धी कार्य

**(ग) मर्मत सम्भार तर्फ**

१. कम्प्यूटर, फोटोकपी, फ्याक्स, प्रिन्टर
२. सवारी साधन मर्मत
३. निर्माण, सम्भार, जीर्णोद्धार
४. सरसफाई

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात**

१. फर्म दर्ता प्रमाण पत्रको छाँयाकपी
२. स्थायी लेखा नम्वर, आयकर इजाजत, मू.अ.कर प्रमाणपत्रको छाँयाकपी
३. आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणको प्रमाणित छायाँकपी
४. कुनै पेशागत कसूर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र

**शर्तहरु**

१. रित नपुगी तथा म्याद नाघी आएको दरखास्तलाई मान्यता दिइने छैन।
२. सूची दर्ताको मान्यता अवधि आ.व. ०७४/७५ सम्म मात्र हुनेछ।
३. सूची दर्ता गराउन चाहने फर्म प्रचलित कानून अनुसार योग्य हुनु पर्नेछ।
४. सूची दर्ता गराउने फर्मलाई मान्यता दिने वा नदिने सम्पूर्ण अधिकार यस संग्रहालयमा निहित रहनेछ।

2017, JULY Wednesday 12

# नेपाल

भनाभनै बढ्दै गएपछि कोहलपुर-१५ मा पुगेपछि अफ्ताववले श्रीमतीलाई छुरा प्रहार गरे। दुई/तीन पटक छातीमा छुरा हानेपछि श्रीमतीको टाउको छुटाइ लिएर अफ्ताव प्रहरी कार्यालय गए। गम्छाले टाउको बेरेर साइकलको टोकरीमा राखी अफ्ताव इलाका प्रहरी कार्यालयको गेटमा १० बजे राति पुगेका थिए।

## घरेलु हिंसाको पराकाष्ठा

### श्रीमतीको हत्या गरी टाउको लिएर प्रहरीकहाँ

**कुमार श्रेष्ठ, बाँके**

कोहलपुर-४, बेलनपुरका मोहम्मद अफ्ताव बेडवाले श्रीमतीको हत्या गरेका छन्। जेठी श्रीमती गुल्सन बेडवाको अफ्तावले घाँटी रेटेर हत्या गरेका हुन्। श्रीमतीको हत्या गरेपछि अफ्ताव टाउको बोकेर इलाका प्रहरी कार्यालय, कोहलपुर पुगेका थिए।

मामाको छोरी विवाह गरेका अफ्तावको जेठीपट्टि ६ सन्तान छन्। अफ्तावले गुल्सनको नागरिकता बनाइदिएका थिएनन्। यही विषयमा प्रायः कचकच हुन्थ्यो। अफ्तावले कान्छी विवाह गरेपछि झन् घर झगडा बढेको थियो।

सधैं झगडा हुने भएपछि 'अब कहिल्यै झगडा नगर्ने' कसम खान अफ्ताव र गुल्सन भारतको बहराइच जान सोमबार घरबाट निस्केका थिए। ५/६ महिनाकी दूधे बच्चा लिएर निस्केका उनीहरू रूपैडिहा पुगेपछि गाडी नपाएर घरतिरै फर्किए। बाटोमा भनाभन भइरहेको थियो। भनाभनै बढ्दै गएपछि कोहलपुर-१५ मा पुगेपछि अफ्तावले श्रीमतीलाई छुरा प्रहार गरे। दुई/तीन पटक छातीमा छुरा हानेपछि श्रीमतीको टाउको छुटाइ लिएर अफ्ताव प्रहरी कार्यालय गए। गम्छाले टाउको बेरेर साइकलको टोकरीमा राखी अफ्ताव इलाका प्रहरी कार्यालयको गेटमा १० बजे राति पुगेका थिए। 'मैले श्रीमतीको हत्या गरेर टाउको बोकेर आएको छु' भन्दा डिउटीमा बसेका प्रहरी नै झस्केका थिए।

त्यसपछि तत्कालै माथिल्लो तहमा कुरा पुग्यो। प्रहरीको टोली घटनास्थलमा पुग्यो। आमाको टाउको नभएको लाश छेउमा बच्ची रोइरहेकी थिई। प्रहरीले उसको उद्धार गर्‍यो।

अफ्तावको घर झगडा र कुटपिट दुईपटक कार्यालयमा पुगेको थियो। असोजमा प्रहरीको उपस्थितिमा गुल्सनको नागरिकता बनाइदिने समझदारी भएको थियो। त्यसअघि पनि अफ्तावले कुटपिट गरेको उजुरी प्रहरीमा पुगेर मिलापत्र गराइएको थियो।

घर बनाउने मिस्त्री काम गर्ने अफ्तावले 'सधैं कचकच र झगडा हुने गरेकाले हत्या गरेको' स्वीकार गरेका छन्। 'सधैं तनाव दिन्थी, भनेको मान्थिन, नागरिकता बनाइदेऊ भनिरहन्थी, अफ्तावले प्रहरीलाई भनेका छन्, तनावमा आएर हत्या गरे।'

प्रहरीले अफ्तावकी कान्छी श्रीमतीलाई समेत अनुसन्धानको दायरामा ल्याएको छ। दुवै श्रीमती एउटै घरमा बस्थे। अफ्ताव मिस्त्री काम गर्न बाहिर जाने र फर्किदा श्रीमती-श्रीमतीको झगडामा पर्ने गरेको र उनले कान्छीलाई बढी च्यापेको भुक्तभोगीहरू बताउँछन्।

बाँकेमा घरेलु हिंसा हत्यामा बदलिएको यो नै नौलो भने होइन। यसअघि कोहलपुर क्षेत्रमै श्रीमतीले श्रीमानको हत्या गरेका छन्। यस्ता घटना भने मदिरा सेवनमा रम्ने र दुई वटा श्रीमती भएकाको धेरै भएको छ।

घरेलु हिंसा बढी हुने जिल्लामा बाँके अगाडि नै आउँछ। प्रहरी कार्यालयमा दैनिक दुईबढी यस्ता उजुरीहरू आउँछन्। घरेलु हिंसा बढ्दै जाँदा भने अपराधमा पुग्ने गरेको छ। सधैं कुटपिट, शंका गर्ने, वैदेशिक रोजगारमा कमाएको पैसा लिएर फरारका घटना धेरै आइरहँदा जिल्लामा जिउँदै आगो लगाएर हत्या गर्ने कर्तुत भने रोकिएको छ। रिस उठ्यो कि श्रीमतीलाई जिउँदै जलाउने घटना बाँकेमा धेरै हुँदै आएको थियो।

पछिल्लो समयमा वैदेशिक रोजगारले घरेलु हिंसा र परिवार विखण्डन र मदिरासेवनले अपराध बढाएको छ। सम्बद्ध जानकारहरू, मदिराको कारोबारलाई व्यवस्थित र कडाइ गर्न सकेमा घरेलु हिंसामा कमी आउन सक्छ। बहुविवाह गर्नेलाई कडा कानुनी कारबाही भए पनि चुप लागेर बस्ने गुल्सनजस्ता अनाहकमा मारिएका छन्। नागरिकता नै नबनाएर गुल्सनलाई अफ्तावले अधिकारविहीन बनाएको देखिन्छ। जबकी श्रीमती गुल्सन मामाकी छोरी थिइन्।

## वर्षाका कारण राजमार्ग अवरुद्ध

**विनोद सिंह विष्ट, बैतडी**

लगातारको वर्षाका कारण बैतडीको खोडपेदेखि बझाङ जोड्ने जयपृथ्वी राजमार्ग अवरुद्ध भएको छ। अविरल वर्षाका कारण यहाँ विगत ३ दिनदेखि विद्युत सेवासमेत अवरुद्ध भएको छ। आइतबारदेखि अवरुद्ध भएको विद्युत सेवा ३ दिनसम्म पनि सुचारु नहुँदा समस्या भएको छ।

वर्षासँगै आएको पहिरोले खोडपे-मोतिनगर सडकखण्डअन्तर्गत बीच बाटोमै अलपत्र परेका छन्। पहिरोले अवरुद्ध पारेको सडक खुलाउन प्रयास भइरहेको भए पनि ठूलो पहिरो भएकाले पन्छाउन समस्या भइरहेको प्रहरीले बताएको छ। पहिरोकै कारण जयपृथ्वी राजमार्गअर्न्तगत बझाङको तमैल बजार नजिक जाल्याबगरमा पहिरो जाँदा त्यहा पनि सडक अवरुद्ध भएको बताइएको छ। यसैबीच बैतडीको देहिमाण्डौदेखि गिरेगडा सडक पनि अवरुद्ध भएको छ। उक्त विद्यार्थीलाई समेत विद्यालय जान समस्या भएको छ। विद्यार्थीहरूको त्रैमासिक परीक्षा चलिरहेको र बाटो अवरुद्ध हुँदा परीक्षा दिनसमेत नपाएको उहाँले बताउनुभयो।

जुकानीमा रहेको पहिरो वर्षौं पहिलादेखि खसिरहेको ठूलो पहिरो रहेकाले हालको लगातारको झरीका कारण पुन खस्न थालेको हो। पहिरोका कारण डिलाशैनीको १ नम्बरको दुनी ,पारीखेत ,लेक ,सिराड र ननरगाड तथा वडा नम्बर



बैतडीको पाटन नगरपीलकाका ८ झौलेक नजिक आज बिहान पहिरो जाँदा सडक अवरुद्ध भएको प्रहरी नायब उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो। पहिरोले सडक अवरुद्ध हुदा बझाङबाट काठमाडौं, महेन्द्रनगर, धनगढी, बैतडीका लागि छुटेका सवारी साधन बन्द भएका छन्। सडक अवरुद्ध भएपछि यात्रुहरू बीच बाटोमै अलपत्र परेका छन्।

यसका साथै बझाङका लागि छुटेका गाडी तथा यात्रु पनि सडकमा सडक फराकिलो गर्ने काम भइरहेको सडक अवरुद्ध भएको से १ ज १३२ जिपमा चालक शिवराज जोशीले जानकारी दिनुभयो।

बैतडीको डिलाशैनीमा पहिरोले बाटो अवरुद्ध हुँदा विद्यार्थीलाई समस्या भएको छ। डिलाशैनी गाउँपालिका १ कोटपेटराको जुकानी भन्ने ठाउँमा पहिरो जाँदा विद्यार्थीलाई समस्या भएको स्थानीय रविन्द्र धामीले जानकारी दिनुभयो। बाटो अवरुद्ध भएपछि मण्डेश्वरी माविका २ पन्तौडाका स्थानीय बासिन्दालाई आवतजावत गर्नसमेत समस्या भएको बताइएको छ। यस्तै लगातारको वर्षाका कारण सुर्नया गाउँपालिका ७ का किसानहरूले लगाएका मकैबाली ढलेर नष्ट भएको स्थानीय राकेश मडैले जानकारी दिनुभयो।

नेपाल विद्युत प्राधिकरण बैतडी वितरण केन्द्रका प्रमुख राजेन्द्र लालले देवले वर्षाको कारण कैलालीको फल्टुडेमा ६६ केभी प्रसारण लाइनमा क्षति भएको बताउनुभयो।

## पशुमा कृत्रिम गर्भाधारण प्रभावकारी

**नेपाल समाचारपत्र**

काभ्रे

पशु सेवा कार्यालय काभ्रेपलाञ्चोकले आर्थिक वर्ष २०७३/२०७४ मा गरेका गतिविधिका बारेमा कृषक तथा जिल्लाका सञ्चारकर्मीहरूका बीच सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। कार्यालय प्रमुख डा. नारायणबहादुर श्रेष्ठले विभिन्न अनुदान, त्यसका उपलब्धी र प्रगति तथा गर्न नसकेका कार्यहरूका बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा पत्रकारहरूले जिल्लामा पशु सेवा कार्यालयले कृषकहरूका लागि गरिरहेका काम र पारदर्शीका बारेमा जिज्ञासा राखेका थिए। सफल कृषक, कृषि उद्यमी, पशुपालनमा देखिएका समस्या, भुकम्प पछिको अवस्थाका बारेमा सञ्चारकर्मीहरू र पशु सेवा कार्यालयका बारेमा अर्न्तक्रिया भएको थियो। कृषकहरूले अनुदानबाट भएको उपलब्धीका बारेमा अनुभव सुनाएका थिए। पशु सेवा कार्यालयले कर्मचारी कल्याण कोष सञ्चालमा रहेको, एफएम कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई जानकारी गराएको, किसान कल सेन्टर, डिस्प्ले बोर्ड, नयाँ भवनमा कार्यालय, बेसिक ल्याव, दुधमा सुधार कार्यक्रम, चौरीमा जग्गा प्राप्त, रुख लिलाम, वेभ साईट सञ्चालन, सिसि क्यामेराको व्यवस्था, मुखपत्र र इन्भेन्ट्री प्रकाशन, फोकल ब्यक्ति सार्वजनिक, ४० सेवा केन्द्र थप विस्तार, बाख्रामा कृत्रिम गर्भाधान सेवालगायतका कार्यहरू सम्पन्न गरेको छ। बेरुजू शून्य पार्ने, पिग मेसिनमा शुद्धता र बनेपामा मिट मार्टको काम गर्न नसकिएको डा. नारायण श्रेष्ठले जानकारी दिए। पत्रकार महासंघ काभ्रेका अध्यक्ष मोतीराम तिमल्सिनाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कार्यालयका पशु विकास अधिकृत राजकुमार हुमागाईं, पशु चिकित्सक मणिप्रसाद सापकोटा र श्यामनारायण महत्तोले पशु सेवा कार्यालयले दिएको सेवाका बारेमा जानकारी गराएका थिए।

पशु सेवा कार्यालयले गाईमा सेक्स सिमने र इटीको प्रयोग, एकै बेतमा गाईले तीनवटा बाछी पाउन गुणस्तरीय र कृत्रिम गर्भाधान, पशु सेवाका लागि कर्मचारी र कृषकलाई तालिम, साना डेरी सञ्चालनका लागि १० लाखका दरले ५ वटा डेरीलाई ५० लाख अनुदान, १२ वटा सहकारीका कृषकहरूलाई दूध उत्पादनका आधारमा ५६ लाख ६१ हजार अनुदान, जम्मा २ करोड १७ लाख अनुदान वितरण गरेको जानकारी गराएका थिए। पशु विकास सेवामा पशु उत्पादन, पशु आहारा, युवा लक्षित गाई, भैंसी कार्यक्रम, बाख्रापालन, खुवा बनाउने मेसिन, निजी साझेदारी दूध विकास अभियान, साना मासु पसल सुधार कार्यक्रम सञ्चालन भएको प्रमुख नारायण श्रेष्ठले जानकारी दिए। दूधमा आत्मनिर्भर भएको काभ्रेपलाञ्चोक जिल्ला गुणस्तर दूध उत्पादनमा सक्रिय भएको छ भने मासु उत्पादनमा पनि आत्मनिर्भर हुँदै छ। पशु सेवा कार्यालयमार्फत ७ करोड ८३ लाख ८८ हजार रकम चालु आवमा खर्च भएको छ।

## बसको ठक्करले एकको मृत्यु

भद्रपुर, (नेस)

पूर्वपश्चिम राजमार्गअन्तर्गत झापाको दमक ९ स्थित चिया दोकाननजिकै यात्रुबाहक बसले मोटरसाइकललाई ठक्कर दिँदा मंगलबार एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोरङ राजगाटका ५५ वर्षीय नरबहादुर श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

विराटनगरबाट झापाको काँकभिट्टातर्फ आइरहेको को १ ख ४४६८ नम्बर बसले सोही दिशातर्फ आई दक्षिणतिर लाग्दै गरेको उनी सवार को २१ प ४६२३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइतेको उपचारको क्रममा न्युरो अस्पताल विराटनगरमा मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी निरीक्षक मिलन बस्नेतले जानकारी दिए। ठक्कर दिने बस र चालकलाई इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिएको छ।

## निर्वाचित जनप्रतिनिधिकै मत बदर

खोटाङ, (नेस) खोटाङको लामिडाडाँ गाउँकार्यपालिकाका लागि गरिएको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिकै मत बदर भएको पाइएको छ। कार्यपालिकाको अल्पसंख्यक तथा महिला प्रतिनिधिका लागि सोमबार सम्पन्न निर्वाचनको अल्पसंख्यकको मत गणना गर्ने क्रममा एक मत बदर भएको पाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

नेकपा एमाले र नेपाली कांग्रेसले उम्मेदवारी दिएको उक्त कार्यपालिकाका लागि अल्पसंख्यकको धर्मबहादुर परियार र रिजन भुजेल निर्वाचित भएको जनाइएको छ। कांग्रेसका उम्मेदवारले ९/९ मत ल्याएका थिए भने एमालेले १८/१८ मत प्राप्त गरेका थिए।

यस्तै महिलामा पनि एमालेकै निर्मला विक, लक्ष्मीदेवी पाण्डे, बलमायाँ राई र पुण्यकुमारी राई निर्वाचित भएका छन्। महिलामा कांग्रेसले १०/१० मत र एमालेले १८/१८ मत प्राप्त गरी विजयी भएको जिल्ला निर्वाचन अधिकारी दिनेश खत्रीले जानकारी दिनुभयो। जिल्लामा सम्पन्न स्थानीय तहको निर्वाचनमा ८ दशमलब ३ प्रतिशत मत बदर भएको थियो।

## गाउँमा घर बनाउँदै महिला

**रोशन पराजुली, हेटौंडा**

बकैया-६, जुइनाकी विमला माझी घर निर्माण तालिमपछि घर बनाउने काममा व्यस्त छिन्। ४० वर्षीया विमला पढ्न खासै नपाए पनि तालिमपछि घर निर्माण गर्ने कार्यमा लाग्न पाउँदा आफूलाई खुसी लागेको बताउँछिन्।

हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल नामक गैरसरकारी संस्थाको सहयोगमा तालिम पाएकी उनी अब घर बनाउनसक्ने भएकी छिन्, त्यो पनि भूकम्पप्रतिरोधी। उनी हेल्भेटासको सहयोगमा प्रदान गरिएको ५० दिने तालिममा सहभागी महिला डकर्मी हुन्। उनीमात्र होइन, हेल्भेटासले प्रदान गरेको तालिम र तालिमकै क्रममा घर बनाउँने उनीजस्ता महिला डकर्मी अरु पछि छन्।

जुइनाकै २८ वर्षीया चन्द्रकुमारी माझी पनि तालिमपछि भूकम्पप्रतिरोधी घर निर्माण गर्ने आत्मविश्वास पलाएको बताउँछिन्। उमेरले नेटो काट्दै गरे पनि बिमला सिप भएमा आफू अरुको अगाडि झुक्न नपर्ने बताउँछिन्। डकर्मी तालिमपछि तालिमलाई व्यवहारमा उतार्न घर निर्माण अभ्यासमा लागिरहेका दुवै जनाको दक्ष डकर्मी बन्ने लक्ष्य छ।

भूकम्पले भत्काएको गाउँलेका घर बनाइदिएर आफ्नो सिप प्रयोग र गाउँलेलाई सहयोग गर्ने यी दुई महिला डकर्मीको रहर छ। बकैया-८, स्कुलदमारमा भूकम्पप्रतिरोधी घर बनाउँदै भेटिइछिन् ३८ वर्षीया नर्वदा घिमिरे।

डकर्मी काम गर्न पाएकोमा दंग उनले भनिन्-पुरुषले सक्छन् भने महिलाले किन सक्दैन। वैदेशिक रोजगारीमा रहेका पतिले 'महिलाले घर बनाउँछन् र' भनेर खिसी गरेपछि झन रहर जागेको उनले बताइन्। विदेशमा दु:ख गर्नुभन्दा गाउँमै डकर्मी काम गर्न पाएकोमा उनी गर्व लागेको उनी बताउँछिन्।

बकैया-९ की २२ वर्षीया सम्झना थिङ र २४ वर्षीया सुमित्रा घलानले पनि डकर्मी तालिम लिँदैछन्। आर्थिक समस्याले १० कक्षापछि छाडेका उनीहरू पनि वैदेशिक रोजगारीभन्दा गाउँमै घर बनाउने योजनामा छन्। गाउँमा थोरै डकर्मी भएकाले पारिश्रमिक बढाएकोमा दु:ख व्यक्त गर्दै उनीहरूले एकै स्वरमा भने-गरिब भूकम्पपीडितसँग थोरै ज्याला लिएर काम गर्नेछौं।

महिला डकर्मीहरूले घर बनाउँदा पुरुषको तुलनामा बढी ध्यान दिएर काम गरेको बकैया-६, जुइनाका मोतीलाल सिगारले बताए। 'महिलाले के नै गर्न सक्छन् र भन्थे, मेरो घर महिला डकर्मीहरूले बनाएको देख्दा धेरै खुशी लाग्यो', बकैया-४, अजिंगरेकी तुलसी उप्रेतीले दंग हुँदै भनिन्।



डकर्मी तालिम पनि बढी उपलब्धिमूलक बनाउन महिलाहरूले सहयोग गर्ने गरेको पुरुषहरूले बताए। महिलाहरूको लगनशीलता, हौसला र आत्मबलले केही गर्ने आँट बढेको बताउँदै बकैया-९ का मदनबहादुर तामाङले भने- तालिमको प्रमाणपत्र कुहिन दिने छैनौ।

तालिम लिँदै महिलाहरूले घर बनाउन थालेपछि ग्रामीण क्षेत्रका उनीहरूलाई हेर्ने दृष्टिमा परिवर्तन आएको छ। महिलाहरूले जग खन्ने, बनाउने, गाह्रो लगाउने, जस्तापाताको छाना लगाउन सहयोग गर्दै आएका छन्।

भूकम्पीय आवास तथा पुनर्निर्माण जिल्ला आयोजना कार्यान्वयन एकाईं मकवानपुरका अनुगमन तथा मूल्यांकन विशेषज्ञ विवेक गौतमले महिला डकर्मी हुँदा समावेशीताको राम्रो प्रभाव पर्ने बताए। महिलाले घर बनाउनसक्ने रहेछन् भनेर सकारात्मक जाने उनको भनाइ छ।

मकवानपुरका साविक २४ गाविसका १ हजार ४ सय जनालाई ५० दिने डकर्मी तालिम दिने लक्ष्य हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालको छ। कार्यक्रमका लागि हेल्भेटासका जिल्ला सिभिल इन्जिनियर विजय कोइराला गाउँगाउँमा तालिमपछि निर्माण भएको घर भूकम्पका दृष्टिबाट बलियो रहेको बताउँछन्। 'तालिमका क्रममा सहभागीले सिकेका सिपको व्यवहारिक प्रयोगबाट बनेका घर साँच्चै भूकम्पप्रतिरोधी छन्,' उनले भने।

## घर भत्किँदा एकको मृत्यु

डोटी (नेस)

डोटीको आदर्श गाउँपालिका ६ गिरीचौकामा घर भत्किदा एक जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय डोटीले दिएको जानकारीअनुसार पाँच दिनदेखिको लगातारको वर्षाका कारण घर भत्किदा स्थानीय प्रताप अधिकारीको मृत्यु भएको हो। लगातार परेको वर्षाले सोमबार राति करिब १२ बजेतिर घर भत्किदा घरभित्र रहेका अन्य ६ जना घाइते भएका छन्।

घाइते हरूको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रमुख प्रहरी उपरीक्षक दिल्लीराज विष्टले बताउनुभयो। डोटीमा पाँच दिनदेखि लगातार परिरहेको पानीका कारण जिल्लाका ग्रामीण भेगमा ठाउँ-ठाउँमा पहिरो गएका छन्। पहिरोका कारण यहाँका ग्रामीण सडकहरू अवरुद्ध हुँदा यातायात सेवा बन्द भएको छ। त्यस्तै वर्षाले सेती नदी बढेकाले नदी आसपासका स्थानीयहरू त्रसित बनेका छन्।

# काश्मिरमा तीर्थयात्रीमाथि भएको हमलाको मोदीद्वारा निन्दा

नयाँदिल्ली, (एजेन्सी)



भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार अमरनाथ यात्रीमाथि भएको हमलाको कडा शब्दमा निन्दा गर्दै यस प्रकारको कायरतापूर्ण हमलाले भारतलाई झुकाउन नसक्ने बताए।

भारत प्रशासित काश्मिरको अनन्तनाग जिलामा भएको उक्त हमलामा सात जना तीर्थयात्रीको मृत्यु भएको थियो भने अन्य कयौं घाइते भएका थिए। प्रधानमन्त्री मोदीले ट्विटरमा लेखे- 'जम्मु काश्मिरमा शान्तिपूर्ण अमरनाथ यात्रीमाथि भएको कायरतापूर्ण हमलाको पीडालाई शब्दले व्यक्त गर्न सकिँदैन। सबैतिरबाट यस प्रकारको हमलाको कडा निन्दा गर्नुपर्छ।'

मोदीले हमलामा मारिएकाको परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेका लागि प्रार्थना गरेका छन्। आफूले जम्मु काश्मिरका राज्यपाल र मुख्यमन्त्रीसँग वार्ता गरेको र हर सम्भव मद्दतका लागि आश्वासन दिएको मोदीले बताए।

यसैबीच गृहमन्त्री राजनाथ सिंहले पनि जम्मु काश्मिरकी मुख्यमन्त्री महबुबा मुफ्ति र राज्यपाल एनएन बोहरासँग कुरा गरेको समाचार एजेन्सी पीटीआईले जनाएको छ। उनले मुख्यमन्त्रीसँगको हमलाका बारेमा जानकारी लिएको र अधिकारीहरुलाई भविष्यमा पूर्ण सुरक्षा सुनिश्चित गर्न निर्देशन दिएको छ।

कांग्रेस र आम आदमी पार्टीले पनि आफ्नो आधिकारीक ट्विटर एकाउन्टमा हमलाको निन्दा गरेका छन्।

## विमान दुर्घटना

कान्सास, (एजेन्सी)

अमेरिकाको दक्षिणी मिसिसिपी राज्यमा स्थानीय समयअनुसार सोमबार करिब अपराह्न चारबजे एउटा अमेरिकी सैनिक विमान दुर्घटना हुँदा कम्तीमा १६ जनाको ज्यान गएको छ।

उक्त राज्यको राजधानी ज्याक्सनदेखि करिब १ सय ६० किमि उत्तरमा पर्ने लिफ्लोरे काउन्टीमा सो दुर्घटना भएको सरकारी अधिकारीहरुले बताएका छन्। यस काउन्टीका आपत्कालीन व्यवस्थापन निर्देशक फ्रेड र्‍यान्डलले विमानमा सवार सम्पूर्ण सैनिकको मृत्यु भएको बताएका छन्। मिसिसिपीका गवर्नर फिल ब्रयान्टले यस घटना निकै दुखान्त रहेको र अमेरिकी सेनाले स्वतन्त्रताको सुरक्षाका लागि हरेक दिन खतरा मोल्ने गरेको बताएका छन्।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
**सस्पेन्सन बृज डिभिजन**
पुल्चोक, ललितपुर

**संक्षिप्त सूची तयार गरिएको सूचना**

प्रकासित मिति : २०७४/३/२८

यस डिभिजनको मिति २०७४/२/२२ को आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना अनुसार Consultancy Service for Preparation of DPR of Devghat Tridge को लागि आशयपत्र माग गरिएकोमा पेश हुन आएका आशयपत्रहरु मध्ये मुल्याङ्कन समितिबाट आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांङ्कन गरी तपसिल बमोजिमको संक्षिप्त सूची तयार भएकोले सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन २०७३ समेत) को नियम ७०(१०) को प्रयोजनको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपसील**

| सि.नं. | आशयपत्रदाताको नाम, ठेगाना |
|---|---|
| १ | ITECO/Geocom/NSES JV, Kathmandu. |
| २ | RIDC Pvt Ltd, Kathmandu. |
| ३ | Sitara/ Homeland JV, Lalitpur. |
| ४ | Full Bright/National/NERMS JV, Sinamangal, Kathmandu. |
| ५ | RADEC/ Sakhuwa JV, Kupondole, Lalitpur. |
| ६ | IDRS Pvt Ltd, Baneshwor, Kathmandu. |

**योजना प्रमूख**

## Invitation for Bids

Government of Nepal (GoN)
Ministry of Physical Infrastructure and Transport (MoPIT)
Department of Roads (DoR)
Mid-Western Regional Road Directorate (MWRRD)
Division Road Office, Ghorahi, Dang

**Invitation for Bid No: DROD /073/74-26**

Date of publication: **2074/03/28 (12th July 2017)**

1. **Division Road Office, Ghorahi, Dang** invites Open Competitive Bidding (Single Stage Double Envelope Technical and Financial sealed bids or electronic bids in the form of Technical and Financial Bids) from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding procedures.

| Contract Number | Description and location of work | Fee for Bidding Document NRs. | Bid Security Amount NRs. | Qualifying criteria | | |
|---|---|---|---|---|---|---|
| | | | | AACT NRs. | Credit Facilities NRs. | Key Requirements |
| DROD/ 3371574/ 073/74-194 | Construction of Kakarhawa Khola Bridge over Kakarhawa Khola along Gadhawa-Hansipur-Kandara Mandir Road in Dang District | 5,000 | 2,564,000 | 63,000,000 | 21,000,000 | a) 2 no of motorable bridge each having at least 100 m total length b) one of the span more than or equal to 20 m. |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time | Place |
|---|---|---|---|
| Purchase of Bidding Document | Upto 2074/04/26 (10th August 2017) | Upto 17:00 hrs | Division Road office or DoR's Website **www.dor.gov.np** |
| Submission of Bid | Upto 2074/04/27 (11th August 2017) | Upto 12:00 hrs | |
| Opening of Bid | 2074/04/27 (11th August 2017) | 13:00 hrs | Division Road office |

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from DoR's website: **www.dor.gov.np.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Bank | Revenue Account Number | Office code | Revenue Heading No |
|---|---|---|---|
| Nepal Bank Limited, Ghorahi, Dang | 27-41-966 | 60-337-03 | 1-4-2-2-7 |

3. Bids must be valid for a period of 90 days after opening of the bids and must be accompanied by Cash Security (should be deposited in Deposit Account No. 02702000000003000001 at Nepal Bank Limited, Ghorahi, Dang) or Bank Guarantee (issued by A class commercial bank), amounting to a minimum of as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
4. Please refer to the complete set of bidding documents (available at Division Road office or DoR's Website **www.dor.gov.np**) for further information about invitation of bids, purchase of bidding document, submission & opening of bids; and evaluation & qualification criterion.

Division Chief


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | |
|---|---|
| Width of Column | 3.8cm |
| No. of Column | 8 columns |
| Height of Column | 50 cm |
| Printable Area | 33 X 47 cm |
| Overall size | 33 X 50 cm |
| Process | Web Offset |
| Screen | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

भारतले राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र सीमामा बनाएको कलकलवा तटबन्धका कारण वर्षेनि नेपाली भू-भाग डुबान, कटान र पटानको चपेटामा पर्ने गर्दछन्।

# ‘नेपालमा लगानी गर्न जापान इच्छुक’

नेपाल समाचारपत्र

काठमाडौं

जापानले आफ्ना मुलुकका लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक रहेको जनाउँदै त्यसका लागि अन्तर्राष्ट्रियस्तरको लगानीको वातावरण बनाउन नेपाललाई आग्रह गरेको छ।

नेपाल भ्रमणमा रहनुभएका जापानका संसदीय उपविदेशमन्त्री कियोसी ओडावाराले मंगलबार उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरासँगको भेटवार्तामा यस्तो आग्रह गर्नुभएको हो। जलविद्युत्, पूर्वाधार, शैक्षिक क्षेत्रमा जापानले नेपालमा लगानी बढाउन चाहेको मन्त्री ओडावाराले महरालाई अवगत गराउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रतिउत्तरमा मन्त्री महराले विगतमा जापानले नेपाललाई पुर्‍याएको सहयोगप्रति आभार व्यक्त गर्दै वैदेशिक लगानीको वातावरण बनाउन सरकार तत्पर रहने बताउनुभएको थियो।

मन्त्री महराले भूकम्पपछिको पुनर्निर्माणसँगै सार्क विकास कोषमा जापानले गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभएको मन्त्रालयले जनाएको छ। सोही भेटवार्तामा उपविदेशमन्त्री ओडावाराले सन् २०२० मा जापानमा हुने ओलम्पिक प्रतियोगिताका लागि आफ्नो मुलुक तयारीमा जुटिरहेको उल्लेख गर्दै सो प्रतियोगिताका लागि नेपाल-जापानबीच सहकार्य हुनसक्ने विचार व्यक्त गर्नुभएको थियो।

यसैबीच मन्त्री महरासँग मंगलबार नेपालका लागि स्वीजरल्यान्डका राजदूत जर्ज जिओभानी फ्रिडेन, बंगलादेशका राजदूत मास्फी बिन्ते साम्स र श्रीलङ्काका राजदूत डब्ल्यूएस परेराले छुटाछुट्टै भेटवार्ता गर्नुभएको छ।

स्वीजरल्यान्डका राजदूत जर्जले नेपालले सफलतापूर्वक स्थानीय तहको निर्वाचन सम्पन्न गरेकोमा प्रशंसा व्यक्त गर्नुभएको थियो। दुवै मुलुकबीच आप्रवासनका विषयमा सहकार्य गरेर अगाडि बढ्न सकिनेबारेमा उहाँहरूबीच छलफल भएको बताइएको छ।

त्यसै गरी बंगलादेशकी राजदूत साम्ससँगको भेटवार्ता मुख्यतया बीबीआईएन (बंगलादेश, भुटान, भारत र नेपाल) संरचनामा रहेर सहकार्य गर्न सकिने क्षेत्रबारे छलफल भएको मन्त्री महराका प्रेस संयोजक हरि लामिछानेले जानकारी दिनुभयो।

श्रीलंकाली राजदूत परेरासँगको भेटवार्तामा भने दुवै मुलुकबीचको साँस्कृतिक एवं धार्मिक सम्बन्धलाई थप विस्तार गर्नेबारेमा छलफल भएको थियो। सो भेटमा राजदूत परेराले नेपाल-श्रीलंकाबीच दौत्य सम्बन्ध स्थापना भएको ६०औं वर्षको अवसरमा दुवै मुलुकबीचको सम्बन्ध झल्काउने हुलाक टिकट सार्वजनिक गर्ने तयारी भएको अवगत गराउनुभएको थियो।

## जनप्रतिनिधिको हत्या

रुकुम, (नेस)

रुकुममा एक जनप्रतिनिधिको हत्या भएको छ। रुकुमको पुथाउत्तरगंगा गाउँपालिका ७ की दलित महिला सदस्यको हत्या भएको हो। सो गाउँपालिका वडा नम्बर ६ जाङकी नवनिवार्चित दलित महिला सदस्य २७ वर्षीय बयानसरी कामीको हत्या भएको हो।

घरेलु हतियार प्रयोग गरि हत्या गरेको आरोपमा उनकै पति ३८ वर्षीय टेकबहादुर कामी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय रुकुमले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रुकुमका प्रवक्ता प्रहरी निरीक्षक थमन रजालीका अनुसार घरायशी झगडाको विषयलाई लिएर पतिबाटै पत्नीको हत्या गरेको प्रारम्भक अनुसन्धानबाट बुझिन आएको छ। उनका अनुसार मृतक बयानसरी गर्भवतीसमेत रहेको जानकारी आएको भए पनि पोस्टमार्टम रिपोर्टपछि थप जानकारी आउनेछ।

परिवारका अन्य सदस्यको उजुरीमा आधारमा अहिले पतिलाई पक्राउ गरिएको छ भने बयानसरी असार १४ गते भएको दोस्रो चरणको स्थानीय तह निर्वाचनमा पुथाउत्तरगंगा गाउँपालिका-७ मा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवारी दिएर दलित महिला सदस्यमा निर्वाचित भएकी थिइन्।

## प्रचण्डले औंल्याए चुनाव हार्नुका पाँच कारण

काठमाडौं, (नेस)

सत्तारुढ दल नेकपा माओवादी केन्द्रले निर्वाचनमा तेस्रो स्थानमा सीमित भएपछि हारको कारण खोजी गर्न थालेको छ। गाउँ-गाउँमा सिंहदरबार, उज्यालो नेपाल आर्थिक वृद्धिदरलगायतका राम्रो काम गरेर पनि जनता समक्ष पुर्‍याउन नसक्नु हारको पहिलो कारण भएको माओवादी केन्द्रले निष्कर्ष निकालेको छ। पार्टीले अपेक्षा गरेअनुसारको नतिजा ल्याउन नसकेपछि पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले स्थानीय तहको निर्वाचनमा पराजय भोग्नुको ५ कारण रहेको निष्कर्ष निकाल्नुभएको छ।

माओवादी अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वको सरकारले गरेको राम्रो काम जनतासमक्ष पुर्‍याउन नसक्नु, पार्टी एकता भए पनि संगठन सुदृढ नहुनु, केन्द्रीय कार्यालयले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्नु, एमालेले पैसा बाँड्दासमेत भण्डाफोर गर्न नसक्नु, प्रचारप्रसारमा पार्टी कमजोर हुनु नै निर्वाचनमा पराजय भोग्नुपरेको निष्कर्ष निकाल्नुभएको छ।

पार्टी केन्द्रीय कार्यालयको मंगलबार बसेको बैठकमा अध्यक्ष प्रचण्डले आगामी साउन २ गते बस्ने पार्टी सचिवालयको बैठकमा एजेन्डा प्रस्तुत गर्दै मतदाता नामावलीमा समेत पार्टीका मान्छेहरूले समयमा नाम नलेखाउँदासमेत त्यसको कारण निर्वाचनमा परेको बताउनुभएको छ। प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले नेपाल समाचारपत्रसँग भने- ‘पार्टी एकता त भयो तर निर्वाचनमा जाने क्रममा संगठन सदृढ भएको देखिएन, एमाले र कांग्रेसले पीठो बेचे हामीले चामल पनि बेच्न सकेनौं।’ प्रचण्डले आफ्नो भोटको रक्षासमेत गर्न नसकिएको निष्कर्ष निकाल्दै एकमन भएर पार्टी निर्वाचनमा नहोमिएको भन्दै असन्तुष्टिसमेत जनाउनुभएको थियो।

### अब...

अन्तरघात कम गर्न भन्दै केही दिनअघि संघीय समाजवादी फोरमले कार्यकर्ता भेलासमेत आयोजना गरेको थियो। भेलामा मेयर पदका लागि प्रस्तावित उम्मेदवार विजय सरावगीलाई सघाउन आग्रहसहितको निर्देशन गरिएको फोरम पर्साका अध्यक्ष प्रदीप यादवले बताए। अन्तरघात नभए आफूहरूले सजिलैसँग चुनाव जित्ने अवस्था रहेको उनी बताउँछन्। त्यसो त नेपाली कांग्रेसका उम्मेदवार अजय द्विवेदी पनि चुनाव जित्नेमा ढुक्क देखिन्छन्।

कांग्रेसको पुरानै गढ वीरगन्ज भएका कारण अन्तरघात नभए चुनाव सजिलैसँग जित्ने द्विवेदी बताउँछन्। यद्यपि उनी गएको संविधानसभाको निर्वाचनमा पर्साको क्षेत्र नम्बर २ बाट सभासद्मा उठेको भए पनि अन्तरघातका कारण पराजित भएको कांग्रेस पर्साका नेताहरूले नै बताउने गरेका छन्।

एमाले पनि आफ्नै दाउमा छ। एक स्थानीय मेडिकल कलेजको सञ्चालकसमेत रहेका बसरुद्दिन अन्सारीलाई मेयरमा उठाउँदा चुनाव जितिने एमालेको दाबी छ। मुसलमान समुदायको भोट सबै आफूलाई पर्ने र पार्टीको भोट पनि सबै आए चुनाव जित्ने अन्सारीको तर्क छ। यद्यपि उनी एमालेमा प्रवेश गरेपछि एमाले पर्सामा खैलाबैला भनेछ।

आफ्नो उपस्थितिका लागि मात्रै भए पनि मेयरमा उम्मेदवारी दिने सोचमा रहेका माओवादी केन्द्रका प्रस्तावित उम्मेदवार रहबर अन्सारी पनि चुनाव जित्ने विश्वासमा छन्। राजपाले मेयर पदका लागि उम्मेदवारको टुंगो नलगाएको भए पनि विमल श्रीवास्तव, राजेशमान सिंह, पुरुषोत्तम झालगायतका नेताहरूको नाम चर्चामा छ।

यीमध्येका एक जनालाई चुनावी मैदानमा राजपाले उठाउने नेताहरूले बताएका छन्। वीरगन्ज पुरानै शहर भएकाले पनि र प्रदेश नम्बर २ को राजधानीसहितको हैसियत भएका कारणले पनि वीरगन्जको मेयर पद हत्याउनका लागि दलहरूले प्रतिष्ठाको विषय बनाएका हुन्।

### कहाँ...

‘जनयुद्ध’ को नेतृत्व गरेको तत्कालीन नेकपा माओवादी फुटेर अहिले कैयौं पार्टी बनेका छन्। त्यतिबेलाको युद्धको नेतृत्व गरेका प्रचण्ड, वैद्य र बाबुराम भट्टराई अहिले अलग-अलग धारको नेतृत्व गरिरहेका छन्। प्रचण्ड दुई पटक सरकारमा पुगिसकेकाले उहाँलाई आर्थिक मामिलामा त्यति दुःख नभएको र बाबुराम भट्टराई पनि सरकारमा एक पटक गइसकेकाले त्यति धेरै आर्थिक मामिलामा कष्ट नभएको बुझिएको छ। यद्यपि बाबुराम भट्टराई अहिले पनि भाडाको घरमा बस्दै आउनुभएको छ । वैद्य धापासीस्थित एक घर भाडामा लिएर मासिक २५ हजार रुपियाँ तिर्दै बस्नुभएको छ। पार्टीबाट उठेको चन्दा र कार्यकर्ताको सहयोगले उहाँको गुजारा चलिरहेको उहाँ निकट स्रोतले जनाएको छ।

माओवादी केन्द्रको कुरा मात्रै होइन केही समयअघि वैद्य माओवादी फुटेपछि रामबहादुर थापा ‘बादल’ माओवादी केन्द्रमा फर्किंदा हिसाबकिताबलाई लिएर वैद्य र बादलबीच शीतयुद्धको अवस्था रहेको स्रोतले बताएको छ। बादलले वैद्यसँग एकै स्थानमा रहँदाको हिसाबकिताब नबुझाउनुभएको बुझिएको छ। विशेष स्रोतका अनुसार पार्टी विभाजन हुँदा बादलले पार्टीमा रहेको २२ लाख रुपियाँको हिसाब वैद्यलाई नबुझाउनुभएको हो। यो हिसाबले हेर्दा माओवादीका नेताहरूमा विगतदेखि वर्तमानसम्म आर्थिक अनुशासनको अभाव देखिएको छ। ‘जसले जता भेट्टायो उतै खायो जस्तै भएको छ’ -स्रोतले भन्यो। माओवादीले ‘जनयुद्ध’ गर्दा जम्मा गरेको अर्बौं रकम कहाँ गयो होला त ? यो जिज्ञासामा माओवादीका नेताहरू स्पष्ट जवाफ दिन चाहँदैनन्। कतिपयको जवाफ हुन्छ- ‘यो कुरा पार्टीलाई सोध्नुपर्छ। सायद रकम लुकाएर राखेका हुनसक्छन्। देखाउँदा एक्कासी कहाँबाट लियो भन्ने भएकाले पनि नदेखाएर राखेका होलान्।’

‘जनयुद्ध’ को समयमा संकलन भएको रकमका विषयमा नयाँ शक्तिकी नेतृ हिसिला यमीले रकमको वास्तविकता पत्ता लगाउने अधिकार अख्तियारको भएको बताउनुभयो। उहाँले केहीअघि नेपाल समाचारपत्रसँगको कुराकानीमा भन्नुभएको थियो- ‘हामी त अलग भइसक्यौं। पार्टी अलग्गिँदा १ रुपियाँ पनि लिएर आएका छैनौं। प्रचण्डजीका आफन्तहरू हेर्नुहोस् त कति धनी भए ? यस विषयमा अख्तियारले आँखा लगाउनुपर्ने देखिएको छ।’

उता माओवादी आन्दोलनमा सरिक भएका नेता धीरज शेर्पालीले आफू प्रचण्ड र बाबुराम भट्टराईसँग नजिकमा रहेर काम गरे पनि दुवै जनाले अहिलेसम्म पार्टीको हिसाब आधिकारिकरूपमा नदेखाएको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- ‘सेना समायोजनका क्रममा २ हजार ४ सय लडाकू घोटाला भएको छ। प्रमाणित भइसकेका ती लडाकूलाई अनुपस्थित गराएर २८ करोड ८० लाख घोटाला भएको छ। खोई त्यो रकम ? यसबारेमा प्रश्न अवश्य पनि शहीद तथा बेपत्ता परिवारका छोराछोरीले कुनै न कुनै दिन तेर्स्याउने छन्।’

पूर्वजनमुक्ति सेना अर्जुन बुढाथोकीले ‘जनयुद्ध’ का क्रममा भएको आर्थिक हिसाब खोजिने बताउनुभयो। उहाँले भन्नुभयो- ‘हामीले मागिराखेका छौं तर माओवादीका शीर्ष नेताहरूले कहिले नि यो कुराको जवाफ दिन चाहन्नन्। उनीहरूले त्यही पैंसाले घर-जग्गा तथा आफ्ना आफन्तको बन्दोबस्त गराएका छन्। उनीहरू देखाउन नै चाहन्नन्। जनयुद्धको पैसा सबै प्रचण्डका आसेपासेहरूसँग नेपालमै छ। उनीहरू त्यही पैसामा मोज गरिराखेको हामीले देखेका छौं। हिजो गाउँमा खान नपाउनेहरूको काठमाडौंमा कसरी घर-जग्गा छ, त्यो हिसाबकिताब अब हामी छिट्टै सर्वजनिक गर्छौं।’ ‘जनयुद्ध’ को रकमले स्थापना गरिएको जनमैत्री अस्पताल अहिले माओवादीको नाममा नभएको विशेष स्रोतले बताएको छ।

राष्ट्र बैंकले द्वन्द्वको समयमा २ सय ९६ वटा विभिन्न प्रकृतिका बैंक विस्थापन भएको बताएको छ। जसमध्ये १ सय १२ वटा नेपाल बैंक, १ सय ७ वटा राष्ट्रिय बाणिज्य बैंक र ७७ वटा कृषि विकास बैंकका शाखा विस्थापित भएको नेपाल राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। जसमध्ये १ सय ५४ वटा पुनःस्थापना भइसकेका छन्। यद्यपि राष्ट्र बैंकसँग कति रकम लुटिएको भन्नेबारे यकिन विवरण अझै छैन।

एता माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले भने पार्टी चुनावमा होमिएको अवस्थामा जनयुद्धको हिसाब अहिले खोज्न नमिल्ने केही समयअघि बताउनुभएको थियो। उहाँले भन्नुभयो- ‘जनयुद्धमा भएको हिसाब पार्टी कमिटीहरूले फछ्र्यौट गरीसकेको र अहिले पार्टी चुनावमा केन्द्रित भएकाले फोनमा भन्न मिल्दैन।’ यद्यपि प्रवक्ता भुसालले कति रकम फछ्र्यौट भएको भन्ने चाहिँ खुलाउनुभएन।

माओवादीभित्र सामन्ती संस्कार हुर्कन थालेको भन्दै कार्यकर्ता तहबाट व्यापक विरोध भएपछि नेता अमिक शेरचनको संयोजकत्वमा छानविन समिति गठन गरिए पनि सो समितिले पार्टीलाई बुझाएको प्रतिवेदनमा के छ भन्ने कुरा अझै खुलाइएको छैन। शेरचन स्वयंसमेत सो मामिलामा बोल्न रुचाउनुहुन्न।

## बिदा भए मुख्यसचिव, अधिकारी निमित्त

काठमाडौं, (नेस)

मुख्यसचिव डा. सोमलाल सुवेदीको बिदाइ भएको छ। जाँदाजाँदै उहाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै वरिष्ठ सचिव केदारबहादुर अधिकारीलाई निमित्त मुख्यसचिवको जिम्मेवारी दिनुभयो।

मंगलबारदेखि सिंहदरबार छोडेका मुख्यसचिव सुवेदीलाई नेपाल सरकारले एसियाली विकास बैंक (एडीबी) को उपकार्यकारी निर्देशकमा मनोनय पनि गरेको छ।

उक्त जिम्मेवारी सम्हाल्न उहाँ आज फिलिपिन्सको राजधानी मनिला जाँदै हुनुहुन्छ।

मुख्यसचिव सुवेदीले नयाँ मुख्यसचिव नआउँदासम्म वरिष्ठ सचिव अधिकारीले नै निमित्त मुख्यसचिवको रूपमा काम गर्ने गरी निमित्त मुख्यसचिवको जिम्मेवारी दिनुभएको हो।

## करेन्ट लागेर एक महिलाको मृत्यु

बैतडी, (नेस)

करेन्ट लागेर बैतडीमा मंगलबार एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा पाटन नगरपालिका-२, सिलंगाकी २७ वर्षीया गोमति ऐर रहेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो।

मंगलबार बेलुका ६ बजे घरनजिकै रहेको मकैबारीमा घाँस काटिरहेकी गोमतिलाई मकैको बोटमा विद्युत्को मेन लाइनको तारले छुँदा उनको घटनास्थलमै मृत्यु भएको हो। प्रहरीको टोली अहिले घटनास्थलतर्फ गएको र विस्तृत विवरण प्रहरी टोली पुगेपछि मात्रै आउने जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

## बन्दकर्ताद्वारा बसमाथि पेट्रोल बम प्रहार

कपिलवस्तु, (नेस)

बन्दको अवज्ञा गरेको भन्दै विप्लव माओवादीका कार्यकर्ताले कपिलवस्तुको शिवराज नगरपालिका-१, धानखोलामा यात्रुवाहक बसमाथि पेट्रोल बम प्रहार गर्दा एक जना घाइते भएका छन्।

घाइते हुनेमा बाँके नरैनापुर गाउँपालिका १ का ६५ वर्षीय कमरुद्दिन जोलहा रहेका छन्। काठमाडौंबाट बाँकेतर्फ जाँदै गरेको ना५ख ८९४८ नम्बरको नागरिक यातायातको बसमाथि विप्लव माओवादी कार्यकर्ताले बम प्रहार गरेको वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक झविन्द्रप्रसाद भट्टराईले जानकारी दिनुभयो।

सवारी स्कटिङभन्दा पछाडि एक्लै जाँदै गरेको बसमाथि बन्दकर्ताले बम प्रहार गरेको प्रहरी निरीक्षक भट्टराईले बताउनुभयो। पहाडमा लुकेर बसेका बन्दकर्ताले बसलाई निसाना बनाएर ४ वटा पेट्रोल बम प्रहार गरे पनि एउटा बम बसको पछाडि लागेको प्रहरीले बताएको छ। बम प्रहारबाट बसको पछाडिपटिको सिटमा बसेका एक जान यात्रु घाइते भएको प्रहरी निरीक्षक भट्टराईले जनाउनुभयो।

## सामूहिक बलात्कारका आरोपी सार्वजनिक

वीरगन्ज, (नेस)

पर्सा प्रहरीले तीन जना युवालाई बलात्कारको आरोपमा पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ।

वीरगन्जको इनर्वामा एक विवाहित महिलालाई बलात्कार गरेको अभियोगमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो। भारतको बेतिया घर भई बाराको जितपुरस्थित माइतीघरमा बस्दै आएकी २२ वर्षीया एक महिलालाई वीरगन्ज महानगरपालिका वडा नम्बर १९ इनर्वाका ३० वर्षीय तैयब हुसेन, ३० वर्ष कै नुरु अल हक र २९ वर्षीय महम्मद तबरेज अहमदले सामूहिक बलात्कार गरेको प्रहरीले दाबी गरेको छ।

बास दिने बाहनामा आफ्नै घरमा लगेपछि तैयब तथा उनका दुई जना साथी नुरु अल र तबरेज तीनै जनाले यौनसम्पर्क राख्न आग्रह गर्दा नमानेपछि आफूलाई तीनै जनाले पालैपालो बलात्कार गरेको पीडित महिलाले बताएको प्रहरीले जनाएको छ।

भारत बेतियाको जेलमा १० महिनादेखि कैद सजाय भोगिरहेका आफ्ना श्रीमान्लाई भेट्न सोमबार साँझ डेढ वर्षको दुधे बच्चालाई सँगै लिएर जितपुरबाट बेतिया हिँडेकी महिलालाई तैयबले सोमबार बेलुकी श्रीपुरमा भेटेपछि बास दिन भन्दै इनर्वास्थित आफ्नो घरमा लगेका थिए।

मंगलबार बिहान पीडित महिलाले घटनाबारे जानकारी गराएपछि प्रहरीले आरोपित तीनै जनालाई वीरगन्जको घण्टाघरबाट पक्राउ गरेको पर्साका प्रहरी नायव उपरीक्षक चक्रराज जोशीले बताए। यद्यपि पक्राउ परेका तीनै जना युवकले भने महिलाको सहमतिमै यौनसम्पर्क गरेको तर रकमको विषयमा कुरा नमिलेपछि बलात्कारको आरोप लगाएको जिकिर गरेका छन्।

महिलाको सहमतिअनुसार आफूहरूले ५ सय दिनुपर्ने भए पनि उनले पछि १ हजार मागेपछि विवाद भएको जिकिर गरेका छन्। घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक जोशीले बताए।

## प्रचार सामग्री हटाउनेतर्फ दलहरूको ध्यान गएन

खोटाङ, (नेस)

खोटाङमा सम्पन्न दोस्रो चरणको स्थानीय तह निर्वाचनका लागि विभिन्न दलले राखेको प्रचार सामग्री अझै हटाइएको छैन। निर्वाचनबाट चुनिएका जनप्रतिनिधिले कार्यभार सम्हाल्न शुरू गरेको हप्ता दिन बितिसक्दासमेत जनमत आफ्नो पक्षमा पार्न दलहरूले सार्वजनिकस्थलमा राखेको प्रचार सामग्री नहटाएका हुन्।

७ वटा दलले निर्वाचनमा भाग लिएको जिल्लामा कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत सहभागी सबै दलका चुनाव चिह्न अंकित झण्डा तथा तुल बजार, बिजुलीको खम्बालगायतका स्थानबाट हटाइएको छैन। प्रचार सामग्री नहटाइँदा बजार नै कुरूप भएको जिल्ला सदरमुकाम दिक्तेल बजारबासीको भनाइ छ।

सार्वजनिकस्थल कुरूप हुने गरी प्रचारप्रसारको सामग्री राख्न नपाउने आचार संहितामा व्यवस्था भए पनि दलहरूले होडबाजीकासाथ प्रचार सामग्री राखेको पाइन्छ। ८ गाउँ र २ नगर रहेको जिल्लामा नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनसमेत सम्पन्न भइसकेको छ। असार १४ गते भएको मतदानको नतिजा असार १७ गते नै सार्वजनिक भइसकेको थियो।

# जोखिमको बस्ती जोगाउन ज्ञापन

नेपाल समाचारपत्र

बाँके

लक्ष्मणपुर बाँधपीडित संघर्ष समिति, बाँकेले डुबानको जोखिममा रहेका बस्तीहरूको समयमै व्यवस्थापन गर्न माग गरेको छ।

बाँकेका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थलाई ज्ञापनपत्र बुझाउँदै समितिले राप्ती नदी र डुडुवा नालाको कटान रोक्नका लागि आवश्यक पहल गर्न आग्रह गरेको छ। समितिले अति जोखिममा रहेका भगवानपुर, नेवाजीगाउँ, भोजपुर, कटेहिया, रमपुरुवा, लोधपुरुवा, हलकारापुरुवालाई कटानबाट रोक्न विशेष पहल गर्न माग गरेको छ।

समितिले आर्थिक वर्षको योजना छनोट गर्दा डुबान, कटान र पटानका समस्या रहेका परिवारका लागि विशेष प्याकेज ल्याउन माग गरेको छ। समितिका संयोजक जगदीशबहादुर सिंहले बुझाएको ज्ञापन पढेपछि प्रजिअ पन्थले जिल्ला दैवी प्रकोप उद्धार समितिमा पेस गर्न र सम्बन्धित गाउँपालिकामा पठाइदिन निर्देशन दिनुभएको छ।

वर्षात्को शुरुआत भएसँगै बाँकेमा वर्षेनि यो समस्या आउने गर्दछ। भारतले राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र सीमामा बनाएको कलकलवा तटबन्धका कारण वर्षेनि नेपाली भू-भाग डुबान, कटान र पटानको चपेटामा पर्ने गर्दछन्।

सन् १९८० देखि ८४ मा लक्ष्मणपुर बाँध र १९९९ देखि २००० मा २२.५ किलोमिटर लामो कलकलवा तटबन्ध बनाइएको थियो। नदीको प्राकृतिक बहाव बाँध र तटबन्धले रोकिदिँदा नेपाली भू-भाग डुबानमा पर्ने गर्दछ। यसका अलावा भारतले हालै निर्माण गरिरहेको १ हजार ७ सय ५२ किलोमिटर लम्बाई, ५ मिटर उचाई र ३० मिटर चौडाईको सडकजस्तो बाँधले नेपाली भू-भागलाई अझ डुबान गराएको छ।

अन्तर्राष्ट्रिय मान्यताविपरीत भारतले गराएको बाँध र तटबन्धले गर्दा बाँकेमा सयौं बिगाह जमिन मरुभूमि भएको मात्रै छैन, हजारौं मानिस प्रभावित भएका छन्। जग्गा-जमिन भएर मालिक रहेकाहरू बाँध र कलकलवाको निर्माणपछि सुकुम्बासीमा परिणत भएका छन्।

भारतले गराएको बाँध र कलकलवाको गर्दा कति नेपाली भूमि मरुभूमि भयो भन्ने यकिन तथ्यांक राज्यले निकालेको छैन। संघर्ष समितिका संयोजक सिंहका अनुसार, २०७० सम्ममा २ हजार ४ सय बिगाह जमिन मरुभूमि भएको थियो भने २ हजार ५ सय परिवार प्रभावित भएका थिए। ३५ वर्षपछि २०७१ मा ठूलो बाढीले ४ हजार जमिन र ६० हजार घर-परिवारलाई प्रभावित पारेको सिंहको भनाइ छ।

सरकारले २०७१ का बाढीपीडितलाई राहतको काम अहिले गरिरहेको छ। त्यतिबेला पूर्णरूपमा प्रभावित भएका परिवारलाई सरकारले अहिले पैसा दिने तयारी गरिरहेको छ। जिल्लामा त्यसका लागि पैसा आएको छ।

सरकारले करोडौं रुपियाँ वर्षेनि राहत, उद्धार र तटबन्धका नाममा सिध्याइरहेको छ। त्यसका बावजुद बर्खा लागेकै समस्या दोहारिन्छ। राप्ती नदीको दुवै किनारमा पक्की तटबन्ध नबनाएसम्म समस्या समाधान नहुने जानकारहरू बताउँछन्। सन् २००३ मा नेपाल सरकार भारतका बीचमा भएको सहमति कार्यान्वयन नभएकाले नेपालीले दुःख पाइरहेका छन्। त्यतिबेला राप्ती नदीको दुवै किनारमा २८ किलोमिटरसम्म भारतले पक्की तटबन्ध बनाइदिने सहमति भएको थियो। सरकारले आवश्यक दबाब दिन नसक्दा यो सहमति अघि बढ्न सकेको छैन।

समितिका सचिव राजकुमार शुक्लाले वर्षात् शुरु भइसकेकाले जोखिममा रहेका बस्तीलाई जोगाउन ध्यानाकर्षण गराइएको बताउनुभयो। ‘पहाडमा पानी पर्ने बित्तिकै नदी बढेर यहाँ डुबान हुन्छ त्यसैले हामीले पहिले नै प्रशासनलाई सजग गराएका छौं’ -सचिव शुक्लाले भन्नुभयो। स्थानीय प्रशासनले बाढीपूर्व सूचना प्रणाली सञ्चालन गरेकाले पछिल्ला २ वर्ष जिल्लामा ठूलो डुबान र क्षति हुन पाएको छैन। पहाडमा पानी परेर नदीको सतह बढ्नेबित्तिकै नदी तटीय गाउँबस्तीमा साइरन बज्ने गर्दछ। जसले गर्दा स्थानीय सुरक्षित ठाउँमा जान सक्छन्।

### हत्यारा...

प्रहरीले यसअघि घोराही-४ बस्ने वर्ष ४० को रमेश भन्ने मनबहादुर पुन, साविक पवननगर १ घर भई हाल तुलसीपुर ६ निवासी २३ वर्षको रुगत थापामगर र घोराही उप-महानगरपालिका १४ नयाँबजार निबासी ३८ वर्षकी जमा पुनलाई पक्राउ गरी अनुसन्धान थालेको थियो। लामो अनुसन्धानपछि प्रहरी मुख्य योजनाकार पक्राउ गर्न सफल भएको हो।

यसैबीच व्यापारी राजकुमार श्रेष्ठसँगै अपहरणमा परेका रणबहादुर घर्तीको पनि हत्या भएको खुलासा भएको छ। श्रेष्ठलाई हत्या गर्ने क्रममा प्रत्यक्षदर्शी रहेका दाङकै घर्तीलाई पनि अपहरणकारीले सँगै लगेका थिए। रुकुम जान छुट्टै गाडीमा चढेका घर्तीले श्रेष्ठको अपहरण भइरहेको देखेको र अपहरणकारीलाई चिनेर बोलाएपछि उनीहरूले श्रेष्ठसँगै घर्तीलाई पनि अपहरण गरेका थिए। अपहरित घर्तीलाई पनि श्रेष्ठकै हत्याको दिन सल्यानको झिम्पे क्षेत्रमै हत्या गरिएको अभियुक्तहरूले प्रहरीसमक्ष बयान दिएका छन्। यद्यपि उनको शव फेला परेको छैन।

मापदण्ड निर्धारणअघि नै बनेका घरलाई भूकम्पप्रतिरोधी बनाउने प्रक्रिया रहेको छ। जसअन्तर्गत ढुंगामाटोले बनेका तर मापदण्डअनुसार हुन नसकेका घरलाई विभिन्न चरणमा सुधार गरि भूकम्पप्रतिरोधी बनाउने 'म्यानुअल' नै बनाएर प्राधिकरणले जिल्ला-जिल्लामा पठाएको जनाएको छ।

अर्थ

# भूकम्पमा ध्वस्त १ लाख ७ घरको पुनर्निर्माण हुँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

भूकम्प अति प्रभावित १४ जिल्लामा गएको ६ महिनामा निजी आवास निर्माण तथा अन्य पुनर्निर्माणका कामले उत्साहजनक गति लिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको दाबी छ।

पछिल्लो तथ्यांकअनुसार निजी आवास निर्माणका लागि अनुदान सम्झौता भएका करिब ९४ दशमलव ५७ प्रतिशत लाभग्राहीले अनुदानको पहिलो किस्ता लिएका छन्। पहिलो किस्ता लिन बाँकी ५ दशमलव ४३ प्रतिशत भूकम्पपीडितमा विदेश गएको, जग्गासम्बन्धी प्रमाणको अभावलगायतका समस्या रहेको प्राधिकरणले जनाएको छ।

मंगरबारसम्म सिन्धुपाल्चोक १६,०१८, धादिङ ८८८५, काभ्रे ८५२२, नुवाकोट १६,५३४, गोरखा १०,६९२, दोलखा १४,८०९, रामेछाप ८,४०२, काठमाडौं १,८५८, सिन्धुली ४,८४७, मकवानपुर ६,६०५, भक्तपुर १,०१५, ललितपुर १,५६९, ओखलढुंगा ५,२२६ र रसुवा २,३५३ गरी १,०७,३३५ घर निर्माणाधीन अवस्थामा रहेका छन् )

## पछिल्लो ६ महिनाको प्रगति

| | २०७३ पुस २७ | २०७४ असार २७ |
|---|---|---|
| घरधुरी सर्वेक्षण | ८,२४,१२५ | ९,९,६१६२ |
| अनुदान पाउनयोग्य घरधनी | ६,२६,०३६ | ७,४६,००० |
| अनुदान सम्झौता गर्ने घरधनी | ५,४२,१७७ | ६,२८,४४३ |
| पहिलो किस्ता प्राप्त गरेका घरधनी | ४,५२,४९० | ५,९२,९६१ |
| दोस्रो किस्ताका प्राप्त गर्ने संख्या | ७२० | ४५,६२२ |
| तेस्रो किस्ता प्राप्त गर्ने | छैन | २,१९५ |
| निर्माण भइरहेका घरधुरीको संख्या | १७,०९९ | १,०७,३३५ |
| निर्माण सम्पन्न भएका घरको संख्या | - | ३६,५८८ |
| सामूहिक आवास (सेल्टर) | ८६ | १२९ |
| प्रबलीकरण लाभग्राही | - | १९,८६६ |
| निर्माण सम्पन्न भएका शैक्षिक संस्था | २०० | २१०० |
| निर्माण सम्पन्न भएका सरकारी भवन | ३२ | ९८ |
| निर्माण सम्पन्न भएका पुरातात्विक सम्पदा | १५ | ५६ |
| गुनासो पुनरावलोकन | ७६,०७९ | १,९३,४३२ |
| तालिमप्राप्त निर्माण जनशक्ति | १९,००० | ४०,१७५ |

मापदण्ड निर्धारणअघि नै बनेका घरलाई भूकम्पप्रतिरोधी बनाउने प्रक्रिया रहेको छ। जसअन्तर्गत ढुंगामाटोले बनेका तर मापदण्डअनुसार हुन नसकेका घरलाई विभिन्न चरणमा सुधार गरि भूकम्पप्रतिरोधी बनाउने 'म्यानुअल' नै बनाएर प्राधिकरणले जिल्ला-जिल्लामा पठाएको जनाएको छ।

प्राधिकरणले पहिलो किस्ता लिएर पनि घर निर्माण नथालेका लाभग्राहीलाई छिटो शुरू गरी दोस्रो एवम् तेस्रो किस्ता लिन उत्प्रेरित गर्न स्थानीय जनप्रतिनिधिहरुलाई आग्रह गरेको छ। प्राधिकरणले घर निर्माण शुरू गरेर दोस्रो किस्ता लिन चाहनेलाई रकम अभाव नहोस् भनेर १८ अर्बभन्दा बढी रकम जिल्ला-जिल्लामा निकासा गरिसकेको जनाएको छ।

विगतमा बनेका कार्यविधिमा रहेका अव्यवहारिक प्रावधानलाई सच्चाएर समायानुकल बनाइएको बिषय र निजी अनुदान वितरण र पुनर्निर्माणमा गरिएका थप नीतिगत सुधारमा सार्वजनिक क्षेत्रमा बसेका, जग्गा नभएका तथा जोखिमयुक्त बस्तीमा बसेका लाभग्राहीलाई घडेरी किन्न थप दुई लाख दिने, भूकम्प अतिप्रभावित ५ जिल्लाका ५ जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा सार्ने प्रक्रियालाई पाइलट प्रोजेक्टको रूपमा अघि बढाउने, भूकम्प पीडितलाई सामूहिक जमानीमा आवास निर्माणका लागि थप ३ लाख रुपियाँ निर्व्याजी ऋण उपलव्ध गराउने कार्यविधि लागू, एकल महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई गैरसरकारी संस्था वा सरकारबाट आवास अनुदान प्राप्त गर्ने कमजोर समुदायका परिवारलाई गैरसरकारी संस्थामार्फत थप ५० हजार उपलब्ध गराउने व्यवस्था, जीविकोपार्जनका तालिमहरु तथा क्षमता अभिवृद्धि योजनामा महिला तथा कमजोर समुदायलाई प्राथमिकता दिइएको छ।

त्यस्तै विभिन्न जिल्लामा सञ्चालित डकर्मीको व्यवहारिक प्रशिक्षणमा नमूना घर निर्माण विपन्न वा कमजोर वर्गको हुनुपर्ने नीति तय गरिएको, निजी आवास तथा अन्य भौतिक पूर्वाधारहरुको पुनर्निर्माण, आर्थिक तथा सामाजिक पुनस्थापना सम्बन्धी गुनासो सरल एवं व्यवस्थित तबरबाट व्यवस्थापन गरी सम्बोधन गर्न नयाँ कार्यविधि लागू, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणको केन्द्रको अधिकार नगर गाउँपालिकासम्म बिकेन्द्रित गरिएको, प्रबलीकरण गरी अन्तिमसम्म पनि सुधार गरेर भूकम्पप्रतिरोधी घर निर्माण गर्न सकिने गरी सुधार तथा अपवाद पुस्तिका तयार गरिएको, भूकम्पबाट प्रभावित गुम्बा/बिहार को संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि २०७४ लागू गरिएको, प्राचीन सम्पदा क्षेत्रमा भएका घरलाई कलात्मक बनाउन आकर्षक प्याकेजको प्रस्तावलगायतका नीतिगत सुधार भएको प्राधिकरणले जनाएको छ।

# डाबर नेपाले २५ वर्षमा

काठमाडौं, (नेस)

बहुराष्ट्रिय कम्पनी डाबरले सेवा शुरू गरेको २५ वर्ष पूरा भएको छ। कम्पनीले नेपालमा सेवा प्रारम्भ गरेको २५ वर्ष पुगेको अवसरमा रजत जयन्ती मनाएको हो।

कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवा, नेपालका लागि भारतीय राजदूत मनजीत पुरी, डाबर इण्डिया लिमिटेडका अध्यक्ष आनन्द वर्मनलगाएत विभिन्न व्यक्तित्वहरुको उपथिति थियो।

डाबर कम्पनीको स्थापना एस के वर्मनले सन् १९८४ मा गर्नुभएको थियो। डावर कम्पनी अहिले आयुर्वेदिक तथा प्राकृतिक स्वास्थ्यको क्षेत्रमा सबभन्दा ठूलो कम्पनीको रूपमा स्थापित छ।

सन् १९८९ मा स्थापना भएको डाबर नेपालको भने सन् १९९२ बाट सुरु भएको थियो। डाबर नेपालले पहिलो वर्ष ५३ लाख रुपियाँ कारोबार गरेकोमा अहिले वार्षिक १० अर्ब रुपियाँ बराबरको कारोबार गर्ने गरेको कम्पनीले जनाएको छ। डाबर नेपालले १ हजारलाई प्रत्यक्ष रोजगारी दिएको छ भने अप्रत्यक्ष रूपमा २० हजारलाई रोजगारी दिएको कम्पनीको दाबी छ।




डाबरले रियल जुस, च्यवनप्रास, टुथपेस्ट, हेयर आयल, मह, ग्लुकोज डीलगाएत सामाग्री उत्पादन गर्दै आएको छ। डाबरका संसारभर ८ देशमा १९ भन्दा बढी विश्वस्तरीय उत्पादनहरु केन्द्र रहेका छन्। कम्पनीले स्थापनकालदेखि नै विभिन्न क्षेत्र तथा सरकारी निकायबाट अनेकौं सम्मान प्राप्त गर्दै आएको छ।

# स्प्राइट प्रोमो विजेता घोषित

काठमाडौं, (नेस)

कोकाकोला नेपालले गर्मीमा धेरैभन्दा धेरै ग्राहकमाझ पुगेर रिफ्रेसमेन्ट दिन घोषणा गरेको नयाँ प्रोमो साउन १४ गतेसम्म सञ्चालन हुने भएको छ। प्रोमोअन्तर्गत ग्राहकले हरेक घन्टा एउटा सामसङ ग्यालेक्सी जे २ प्रोलगायत थुप्रै आकर्षक उपहार जित्ने अवसर पाउने कम्पनीको भनाइ छ।




प्रत्येक दिन ८ घन्टासम्म सामसङ ग्यालेक्सी जे २ प्रो जित्ने भाग्यशाली विजेताको नाम घोषणा हुने क्रम जारी रहेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार आजका दिनसम्म २ सयभन्दा बढी भाग्यशाली बिजेताले सामसङको ग्यालेक्सी जे टू प्रो जितिसकेका छन्।

अफरमा सहभागी हुन ग्राहकले लेबल पछाडिको युनिक कोडलाई 'एसपी स्पेस युनिक कोड' टाइप गरी ३७७२२ मा एसएमएस गर्नुपर्ने कम्पनीको भनाइ छ। प्रत्येक दिन बिहान ११ बजेदेखि बेलुका ७ बजेसम्म लक्की ड्र गरी हरेक घन्टा १ जना विजेता छानिने कम्पनीले जनाएको छ।

# सिजीको सटही नीति

काठमाडौं, (नेस)

सिजी मोबाइले एस्ट्रो सिरिजका मोबाइलमा '१०० दिने सटही' योजना लागू गरेको छ। यस योजनाअन्तर्गत एस्ट्रो सिरिज प्रयोगकर्ताले मोबाइलमा एक सय दिनभित्र कुनै समस्या आएमा सोही मोडलको अर्को फोन पाउने कम्पनीले जनाएको छ। एक सय दिनको गन्ती मोबाइल किनेको मितिबाट लागू हुनेछ।

गत असार १५ गतेबाट सिजी मोबाइल्सका आधिकारिक विक्रेताबाट खरिद गरिएका फोनमा मात्र लागू गरिएको हो। प्रयोगकर्ता नोक्सानीको उत्तरदायित्व आफ्नो भएको ख्याल गर्दै किनेको सय दिनसम्म केही समस्या आएमा अर्को सेट प्रदान गरिने भएको कम्पनीको भनाइ छ।

## साधारण शेयरहरुमा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाका तपसिलमा उल्लेखित शेयरधनीहरुले निजहरुको नाममा रहेको यस संस्थाको तपसिल बमोजिमको शेयर प्रमाणपत्र हराएकाले सोको प्रतिलिपि पाउं भनी तथा मृतक शेयरधनीको नाममा रहेको शेयर आफ्नो नाममा नामसारी गरी पाउं भनी निवेदन पेश गरेको हुंदा उल्लेखित शेयर प्रमाणपत्र उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए सो को सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस कम्पनीको केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त शेयरहरु उल्लेखित निवेदकहरुको माग दावी बमोजिम नामसारी तथा हक हस्तान्तरण भई जानेछ। म्याद भित्र तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुनेछैन।

तपसिल

**शेयर प्रमाणपत्रहरु हराएका शेयरधनीहरुको विवरण:**

| क्र.सं. | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | परिचय नं. | कित्ता |
|---|---|---|---|---|
| १ | मनोज कुमार प्रधान, १०, शंखमुल, काठमाडौं | १९३३ | १९४७ | १० |
| २ | ज्योत्सना रंजित प्रधान, १०, शंखमुल, काठमाडौं | १९३२ | १९४६ | १० |
| ३ | राजेश भोमी, १५, इटाछें, भक्तपुर | ३२९२/२२५५४ | ३३०६ | २२ |
| ४ | हरि कुमार श्रेष्ठ, ब्लक नं.२१५, म्हेपी, १६, काठमाडौं | १३७३६, १३७३७, १३८३४, १३८९७, १५३२१, १६०८३, १६४३२, १८१०४, १८१०५, २१११६४, २१११६५, २१२५५, २२६०७, २४५९३, २४५९४, २५०८२, २५०८३, २६८६९, २६९९९-२७००१ र ४२६७४ | १०२४३ | २४४ |
| ५ | वीरेन्द्र प्रसाद, ७, खरसाल, राजबिराज, सप्तरी | ९७५५ | ९७६९ | १० |

**मृत्यु नामसारीको लागि निवेदन दिनेको विवरण:**

| क्र.सं. | शेयरधनी (मृतक) को नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | परिचय नं. | कित्ता | नामसारीका लागि निवेदन दिनेको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| १ | स्व. पुर्ण लक्ष्मी रन्जित, २३३, माजिपाट-२१, काठमाडौ | ५०८२, १६२१७, २३४२२, २९७८०, ३३९२२ र ४०९९५ | ५०९६ | ३० | श्री दिपेन्द्र रन्जित (मृतकको छोरा), २३३, माजिपाट-२१, काठमाडौं |
| २. | स्व. जवाहर मान रन्जित, २३३, माजिपाट-२१, काठमाडौं | ५०८१, १६२१६, २३४२१, २९७७९, ३३९२१ र ४०९९४ | ५०९५ | ३० | श्री दिपेन्द्र रन्जित (मृतकको छोरा), २३३, माजिपाट-२१, काठमाडौं |
| ३. | स्व. बंशीलाल जोशी, घर नं. १७१, ककचो बिनायक-१३, काठमाडौं | BOID:- १३०१०९००-००१४३७५९ | | ३० | श्रीमती उर्मिला जोशी, (मृतकको श्रीमती) घर नं. १७१, ककचो बिनायक-१३, काठमाडौं |
| ४ | स्व.मोहन प्रसाद मिश्र, ख२/१११२ अटको नारायण स्थान-२३,काठमाडौं | ७२३, १३५४८, २०९८३ २७७१६, ३५२३५/३८९५४ | ७३७ | ३० | बिहारी प्रसाद मिश्र (मृतकको छोरा), ख२/१११२ अटको नारायण स्थान-२३, काठमाडौं |

युनियन फाइनान्स लिमिटेड
UNION FINANCE LIMITED
काठमाडौं शाखा;
"सि" एण्ड "डी" ब्लक, पहिलो तल्ला फोर स्क्वायर कम्प्लेक्स, नारायणचौर, नक्साल काठमाडौं
फोनः ४४२७०९१, ४४२९३३७, ४४२४६५४, ४४३५१३३, ४४३६७०३ फ्याक्सः ४४४५४४२

नेपाल बङ्गलादेश बैंक लिमिटेड
THE BANK FOR EVERYONE
कालिमाटी शाखाको
NEPAL BANGLADESH BANK

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

यस नेपाल बङ्गलादेश बैक लिमिटेडको कालिमाटी शाखाको बचत खाता नं. ००७०१०५११S का खातावाला **श्री मान सिंह क्षेत्री**को छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७, चावहिल बस्ने **श्री मोहन सिंह क्षेत्री**को मिति २०७४/०२/२६ मा निधन भएकोले निज मोहन सिंह क्षेत्रीको खातामा रहेको सम्पूर्ण रकम दिलाई पाउँ भनि निजकी पत्नी श्रीमती लक्ष्मी भण्डारीले निवेदन दिनुभएको हुँदा उक्त वचत खातामा अन्य कसैको हकदावि लाग्ने भए यो सूचना प्रथम पटक प्रकाशित मितिले (३५) पैंतीस दिन भित्र सबूत प्रमाण सहित हकदावि गर्न आउनुहोला। अन्यथा निवेदकको माग बमोजिम बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ को उपदफा २ अनुसार श्रीमती लक्ष्मी भण्डारीको नाममा रकम भुक्तानि भइजाने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ। पछि कुनै उजुर वाजुर लाग्ने छैन भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## शेयरधनीहरुको शेयर प्रमाणपत्र हराएको सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल वमोजिम विवरण भएका बैंक/कम्पनीहरुका शेयरधनीहरुको शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाँउ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित मितिले ३५ (पैत्तिस) दिन भित्र स-प्रमाण सहित सिभिल क्यापिटल मार्केट लि., छैठौं तला, सिटिसि मल, सुन्धारा, काठमाडौंमा निवेदन दिनु हुन अनुरोध गरिन्छ। अन्यथा उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकृया पूरा गरि निवेदनमा माग भए बमोजिमका शेयरधनीको नाममा प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरिने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद पछि तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन।

तपसिल

**सेन्चुरी बैंक लिमीटेड**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयरधनी नं. | प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|---|
| १ | धिरज रेग्मी, थाक्रे, धादिङ्ग | ८२११६ | ३००६५३ | ३ |
| २ | अर्पना रेग्मी, थाक्रे, धादिङ्ग | १३१५७७ | ३२८५१३ | ३ |
| ३ | प्रविन जोशी, चावहिल, काठमाडौं | ८८५९३ | ३०४२३१ | ११ |
| ४ | शान्ति गिरी, नयाँ बानेश्वर, काठमाडौं | ५७३१५ | २८५५१७ | ११ |
| ५ | मोहन तिमल्सिना, डकटोल, बारा | १५२०६० | ३३९४६३ | ८८ |
| ६ | विमलमान श्रेष्ठ, इटहरी, सुनसरी | १२४७७२ | २३३९८६,३२४०९४ | १३ |
| ७ | गृष्मा लम्साल, घमिर, गुल्मी | १०७३४१ | १०७३४१,२२३०२६,३१४४३० | २०३ |
| ८ | बर्षा लम्साल, घमिर, गुल्मी | १०७३४४ | १०७३४४,२२३०२९,३१४४३३ | २०३ |
| ९ | रिता ज्ञवाली, घमिर, गुल्मी | १०७३४३ | ३१४४३२ | ४१ |
| १० | ज्ञान राज लम्साल, घमिर, गुल्मी | १०७३४२ | ३१४४३१ | ४१ |
| ११ | खेमलाल ओली, सिनामंगल, काठमाडौं | ३०८५७ | २६९१३४ | ४१ |
| १२ | चेतना भण्डारी, सिनामँगल, काठमाडौं | ३०८५९ | ३०८५९,१७३३३१,२६९१३६ | ४०६ |
| १३ | शान्ति प्रसाद आचार्य, बिराटनगर, मोरङ्ग | ११९८०६ | ३२०९२१ | ९ |
| १४ | प्रगती श्रेष्ठ,विदुर, नुवाकोट | २९९५२ | २६८७४० | ११ |
| १५ | प्रशान्त श्रेष्ठ, विदुर, नुवाकोट | २९९५३ | २६८७४१ | ११ |
| १६ | सुरेन्द्र लाल श्रेष्ठ, विदुर, नुवाकोट | २९९४९ | २६८७३८ | ४ |
| १७ | प्रमिला श्रेष्ठ,सानोभ्याङ्ग, काठमाडौं | २९९५० | २६८७३९ | १ |
| १८ | अम्बिका डागी, श्रीगाउँ, दाङ्ग | ८३८५९ | ८३८५९,३०१७०३ | १३ |
| १९ | अर्जुन अधिकारी, काठमाडौं | २९२२० | २६८४३६ | ११ |
| २० | सन्जिता गौतम, सुविधानगर, काठमाडौं | २९२२२ | २६८४३८ | ११ |
| २१ | कृष्ण प्रसाद अधिकारी, सुविधानगर, काठमाडौं | २९२१९ | २६८४३५ | ११ |
| २२ | धर्म लक्ष्मी लघु, भक्तपुर | ६२८९० | २८९१६७ | ११ |
| २३ | सत्य राज दुवाल, भक्तपुर | ६२८८९ | २८९१६६ | ११ |
| २४ | कुमार बहादुर श्रेष्ठ, सिफल, काठमाडौं | १७८०३ | २६२३८१ | ३२ |
| २५ | मिन माया मर्हजन, चपट, ललितपुर | १४९८५७ | १४९८५७,२५००५२,३३८४७२ | ५३ |
| २६ | अनिता श्रेष्ठ, पोखरा, कास्की | ९५८६२ | ९५८६२,२१५४३९ | ४७ |

**प्राइम कमर्शियल बैंक लिमीटेड**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयरधनी नं. | प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|---|
| १ | तुलसा देवि श्रेष्ठ, टिकाथली, ललितपुर | ९६२० | ८४४५८,२६९०५३,३३१८७८ ३९४३७५,४५६३५० | १३ |
| २ | धिरज रेग्मी, थार्के, धादिङ्ग | १४९८ | ४५०३२४ | १७ |
| ३ | विमल मान, श्रेष्ठ, इटहरी, सुनसरी | ७७२३८ | ५००८८३ | ११ |
| ४ | बिनिश गिरी, टोखा,काठमाडौं | ७३१६० | ४९८१७० | १७ |
| ५ | वासुदेव गिरी, धापासी, काठमाडौं | ७३१५९ | ४९८१६९ | १ |
| ६ | बद्रीनाथ शर्मा, पोखरा,कास्की | १६९१० | २७५५१९,४००५६२,४६२१७४ | ६ |
| ७ | जयानन्द पाण्डे,बबरमहल, दार्चुला | ८२५५३ | ५०३२९६ | ३५ |
| ८ | शाहिल बहादुर देवकोटा, काठमाडौं | ३३९८७ | ३३९८७,१०६९५८,१७३६०९ २३१६९३,२८८३७७, ३५०३६५,४१२८४७ | ९५ |
| ९ | जयपाल सिंह,कपन, काठमाडौं | २४१०५ | २४१०५,९८२६९,१६५८३५, २२५७३७,२८१४५७, ३४३८३९,४०६२६५,४६७४८० | ३८ |
| १० | रन्जित कार्की, कपन, काठमाडौं | २२७२९ | ९६९९४,१६४६११,२२४७९३, २८०२८४,३४२७१३ | ७५ |
| ११ | रमेश कुमार कार्की, कपन, काठमाडौं | २२७२८ | ९६९९३,१६४६१०,२२४७९२ २८०२८३,३४२७१२ | ७५ |
| १२ | चन्द्र माया ढकाल, बौद्ध, काठमाडौं | ६०६४० | ६०६४०,१२९८८९,१९३८२ ५,३०६८५५,३६८१०२, ४३०५७४,४८९८९९ | ४० |
| १३ | पवित्रा दहाल, बौद्ध, काठमाडौं | ६०६३० | ६०६३०,१२९८७९,१९३८१ ५,२४६७३७,३०६८४५, ३६८०९२,४३०५६४,४८९८८९ | ११२ |
| १४ | भरत जंग ऐरी, त्रिपुरेश्वर, काठमाडौं | ६१६७४ | ६१६७४,१३०८९४,१९४८०४, २४७५१५,३०७७७७,३६८९ ८०,४३१४६८ | ३२ |
| १५ | विनोद कुमार अग्रवाल, कलैया,बारा | ७५५५४ | ४९९८२० | ८३ |
| १६ | गीता घिमिर,विनायकनगर, काठमाडौं | ४०१७३ | ४०१७३,१११८५७,१७७७८ ०,२३४८३३,२९२१०४, ३५३८७३,४१६३४२ | ९५ |
| १७ | सुमिता सिकर्मी, च्यासल, ललितपुर | १५५२५ | १५५२५,२१९७५७, २७४२८८,४६१०६८ | ५६ |

सिभिल क्यापिटल मार्केट लि.
Civil Capital Market Ltd.
Estd. 2008
छैठौं तला, सिटिसि मल, सुन्धारा, काठमाडौं
फोनः ४२६२३०३, ४२६१२५१, ४२५९४३७, ४२५१९६२ फ्याक्सः ९७७-१-४२४८८९०
E-mail: ccm@civilcapital.com,Web: www.civilcapitalmarket.com



## आयो है गाईजात्रे तन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# अर्थ


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| बिर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बैंक अफ काठमाण्डू लिमिटेडको अत्यन्त जरूरी सूचना**

यस अघि विराटनगर उपमहानगरपालिका वडा नं. १३, महेन्द्रचोकमा रहेको बैंक अफ काठमाण्डू लिमिटेडको शाखा कार्यालय बन्द भई हाल बिराटचोक, सुन्दर हरैचा नगरपालिका, मोरङ्ग (साबिकको कोसी हरैचा नगरपालिका, वडा नं. १) मा मिति २०७४/०३/२८ देखि स्थानान्तरण भएको व्यहोरा अवगत गराईन्छ । यसबाट ग्राहकवर्गमा पर्न गएको असुविधाको लागि क्षमाप्रार्थी छौं ।
विस्तृत जानकारीको लागि ०२१-५४६२८५/५४६२८६ मा सम्पर्क गर्नुहोला ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार २८ जुलाई १२ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।०४ | १०३।६४ |
| युरो १ का रु. | ११७।४८ | ११८।१६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।८८ | १३३।६५ |
| स्विस फ्रन्क १ का रु. | १०६।८९ | १०७।५१ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।३८ | ७८।८३ |
| क्यानाडियन डलर १ का रु. | ८०।०३ | ८०।४९ |
| सिङ्गापुर डलर १ का रु. | ७४।५६ | ७४।९९ |
| जापानी यन १० का रु. | ९।०५ | ९।१० |
| चिनियाँ युआन १ का रु. | १५।१४ | १५।२३ |
| साउदी अरब रियाल १ का रु. | २७।४८ | २७।६४ |
| कतारी रियाल १ का रु. | २८।३० | २८।४६ |
| थाई भाट १ का रु. | ३।०२ | ३।०४ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०५ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९७ | २४।११ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९३ | ८।९८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।२३ |
| डनिस क्रानर १ का रु. | १५।८० |
| हङकङ डलर १ का रु. | १३।१९ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# एक बोरा ग्राहकलाई हाम्रोतर्फबाट उपहार हो

**साजन देवकोटा**
भाइस प्रेसिडेन्ट (सेल्स एन्ड मार्केटिङ)
शिवम् सिमेन्ट प्रालि



विगत लामो समयदेखि ओपीसी सिमेन्ट उत्पादन गर्दै आएको शिवम् सिमेन्टले समय-समयमा ग्राहकलाई सहुलियत दिंदै आएको छ। यसै सिलसिलामा हाल कम्पनीले विशेष योजना ल्याएको छ। यस योजनाअन्तर्गत शिवम् सिमेन्टका प्रत्येक २० बोराको खरिदमा अर्को १ बोरा शिवम् सिमेन्ट सित्तैमा दिइरहेको छ। कम्पनीले ल्याएको यस योजना र अन्य विषयमा शिवम् सिमेन्ट प्रालिका भाइस प्रेसिडेन्ट (सेल्स एन्ड मार्केटिङ) साजन देवकोटासँग नेपाल समाचारपत्रका लागि **हेमन्त जोशी**ले गरेको कुराकानी।

**शिवम् सिमेन्टले ल्याएको नयाँ स्किमको उद्देश्य चाहिं के हो ?**

'२० बोरा शिवम् सिमेन्ट किन्दा १ बोरा सित्तैमा' योजना हामीले बजार प्रवर्द्धनभन्दा पनि ग्राहकको सम्मान स्वरूप शिवम् सिमेन्टको उपहारका रूपमा ल्याएका हैं। कुनै पनि ब्रान्डको आफ्नो ग्राहकप्रति केही उत्तरदायित्व रहेको छ। कुनै पनि उत्पादनलाई सफल ब्रान्ड बनाउने भनेको उपभोक्ताले हो। उपभोक्ताले कुनै पनि उत्पादन रुचाएपछि र प्रयोग गरिदिएपछि न ब्रान्ड बन्ने हो। ब्रान्ड बनाउनुमा हाम्रो जति हात छ त्योभन्दा कैयौं गुणा बढी उपभोक्ताको हात रहन्छ। यस अर्थमा उपभोक्ताको हाम्रो ब्रान्ड स्थापनाका लागि यति ठूलो भूमिका रहन्छ भने कम्पनीका तर्फबाट हाम्रो पनि उत्तरदायित्व हुन्छ कि समय-समयमा हामीले पनि केही दिन सकौं। यस अर्थमा हाम्रो स्किमको उद्धेश्य बजार बिस्तारभन्दा पनि उपभोक्ताप्रतिको कम्पनीको जिम्मेवारी हो। हामीले हाम्रो ग्राहकलाई धन्यवाद दिनैपर्छ। शिवम् सिमेन्टले गत वर्षको दशैं, तिहार र छठ पर्वको अवसरमा ग्राहकलाई चाडपर्वको शुभकामना व्यक्त गर्दै 'चाँदी नै चाँदी' नामक योजना स्वरूप सम्मान व्यक्त गरेको थियो। सो योजनाअन्तर्गत, चाडपर्वको अवसरमा शिवम् सिमेन्टले प्रत्येक ४० बोरा सिमेन्टको खरिदमा १० ग्राम 'लक्ष्मी-गणेश' अकिंत चाँदीको सिक्का उपहार योजना लागू गरेको थियो।

**वर्षात्को समयलाई संरचना निर्माणका लागि प्रतिकुल समय रहने र यो बेलामा सिमेन्टको बजार पनि घट्ने गर्छ। शिवम् सिमेन्टको अहिले बजार मागको अवस्था कस्तो छ ?**

सिमेन्ट उद्योगमा उत्पादित वस्तु लामो समय मौज्दातका रूपमा रहने भन्ने नै हुँदैन। हामीले बोरा प्याक गर्ने बित्तिकै बजार पठाउने हो। यसअघि हामीले ५५ किलोग्रामको बोरामा सिमेन्ट बजारमा पठायौं त्यो बेलामा पनि अफ सिजन नै थियो। त्यसपछि चाँदी नै चाँदी भन्ने स्किक चलायौं त्यो बेलामा पनि चाडपर्वको समय थियो। अहिले पनि हामीले असारमै यो स्किम ल्याएका छौं। निश्चित समयको अन्तरालमा हामीले हाम्रा ग्राहकलाई रिवार्ड गरिराखेका छौं। हामीले हाम्रा ग्राहकलाई १ बोरा सिमेन्ट धन्यवाद स्वरूप दिएका हौं।

**भौगोलिक रूपमा बजारलाई कसरी समेट्नुहुन्छ ?**

हामी जुन-जुन ठाउँमा छौं, त्यहाँ हाम्रो उत्पादनलाई एकदमै रुचाइएको छ। हाम्रो पूर्वमा सबैतिर छ, पश्चिममा पोखरा, पर्वत, दमौली, नारायणगढ, गैंडाकोट क्षेत्रमा पनि राम्रो बजार छ। सिमेन्टको दुईवटा मूल्य हुन्छ। एउटा उद्योगको मूल्य, एउटा भाडाको मूल्य। उद्योगको मूल्य त यथावत नै रहन्छ तर थ्रेट कस्टले यति भूमिका खेलेको हुन्छ कि थ्रेस्ट कस्ट बढी भयो भने बजारमा हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं लोकल लेभलका सिमेन्टसँग। आजको दिनमा पनि ग्रामीण क्षेत्रमा बजारको अवस्था न्यून नै छ। भौगोलिक रूपमा जति टाढा हुँदै जान्छ त्यति नै भाडादरमा पनि वृद्धि हुँदै जान्छ। जुन क्षेत्रमा जस्तो यातायात र ढुवानीको उपलब्धता छ, सोहीअनुसार नै उत्पादन गाउँ-गाउँमा पुर्‍याइरहेका छौं। हाम्रो देशको विडम्वना भनेकै ग्रामीण भेगमा यातायात सुविधा नहुनु हो। जसले गर्दा ढुवानीमा असहजता आउने र मूल्य पनि बढी पर्न जाने समस्या रहिरहन्छन्।

**अहिले भुकम्प पछि पुर्ननिर्माण र नवनिर्माणको काम चलिरहेको छ। तपाईहरूले प्रतिस्पर्धी बजारमा अरूभन्दा कसरी फरक र ग्राहकको प्रतिक्रिया कस्तो पाउनुभएको छ?**

कुनै पनि कम्पनीले आफ्नो पहिचान बनाउनका लागि आफ्नो उत्पादनमा केही फरकपन त ल्याउनैपर्छ। हामीले अहोरात्र खटेर वस्तुको गुणस्तर कायम गर्न एकदमै ध्यान दिएका छौं। त्यही नै एउटा कारण हो जसले गर्दा ग्राहकले हाम्रो सिमेन्टलाई रुचाई दिनुभएको छ। सोही कारणले गर्दा पनि हामीले हाम्रो ग्राहकप्रतिको उत्तरदायित्व सम्झेर बेला-बेलामा यस्ता स्किम ल्याउने गरेका छौं, यो हाम्रो तेस्रो स्किम हो। सबैभन्दा पहिले हामीले प्रतिबोरा ५ किलोग्राम बढी सिमेन्ट नि:शुल्क रूपमा दिने योजना ल्यायौं। यस्तो अभ्यास त्योभन्दा पहिले अरू कसैले गरेको थिएन र ग्राहकबाट एकदमै सकारात्मक प्रतिक्रिया पायौं। अहिले ल्याएको योजनाका विषयमा उपभोक्ताको प्रतिक्रिया बुझ्न हरेक वितरण केन्द्रमा हामीले जनशक्ति नै खटाएका छौं।

हामीले जनचेतनामुलक कार्यक्रम सञ्चालन गरेका थियौं। निर्माण विज्ञ परामर्श सेवा भनेर। टोल फ्रि नम्बरमा पैसा पनि पर्दैन तपाईंले कुनै पनि निर्माण गर्दै हुनुहुन्छ भने फोन गर्नुस, टेस्ट पनि गर्दिन्छौं तपाईको अगाडि देखाइदिन्छौं भनेर। एउटा अभियान नै सञ्चालन गरेका छौं।

**सिमेन्ट उद्योगको क्षेत्रमा कच्चा पदार्थको उपलब्धताले बजारमो समस्या हुन्छ कि हुँदैन ?**

हामी अहिले मुलुक सिमेन्ट उत्पादनमा आत्मनिर्भर भयो भनिरहेका छौं। तर, हामीले बिर्सन नहुने कुरो के हो भने हामी उत्पादनमा आत्मनिर्भर भएका हौं तर उत्पादनका लागि चाहिने कच्चा पदार्थमा आत्मनिर्भर हुनसकेका छैनौं। हामीसँग राम्रो पक्ष के पनि छ भने मुलुकभित्रै प्रशस्त कच्चा पदार्थ क्लिंकरका लागि चुनढुंगा खानी रहेको छ। बिस्तारै यस्ता खानीको उत्खनन् हुनु जरुरी छ। अहिले हामीले क्लिंकर आयात गर्नु त हाम्रो बाध्यता हो। क्लिंकर आयातमा देखिने समस्याबाहेक विद्युत्, कोइलालगायत ऊर्जा क्षेत्रले पनि समस्या सिर्जना गर्दछ। यातायात समस्या भएकै कारण हामीले आफ्नो औसत उत्पादन क्षमता घटाउने भन्ने त होइन। हामीले अहिले पनि पूर्ण क्षमतामा नै उत्पादन गरिरहेका छौं। असार-साउनमा पनि तीन/चार दिनसम्म लगातार पानी पर्‍यो भने मात्र अलिकति वितरणमा कमी आउनसक्छ। वर्षातले ग्रामीण भेगका सडक भत्किने हुँदा ढुवानीमा पनि अलिकति प्रभाव पार्छ।

**नेपाली बजारमा खासगरी ओपीसी र पीपीसी सिमेन्ट पाईन्छन। ओपीसी र पीपीसीमा मुख्य फरक के हो ?**

ओपीसी र पीपीसी सिमेन्टमा मुख्य फरक भनेको प्रयोग भएको क्लिंकरको मात्रामा हो। ओपीसीमा ९७ प्रतिशतभन्दा बढी क्लिंकरको प्रयोग भएको हुन्छ भने पीपीसीमा त्यो भन्दा केही कम हुन्छ। अर्को भनेको ढलानलगायत काममा प्रयोग भईसकेपछि कति समयमा सेट हुने र बलियोपनामा पनि फरक पार्छ। क्लिंकरको मात्रा बढी भएकै कारण मूल्यमा पनि फरक आउँछ।

## SHARE MARKET

**11 JULY TUESDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9864.00 | 440.00 | 430.00 | 435.00 | 2.00 |
| 2 | Api Power Company Ltd. | 3046.00 | 575.00 | 554.00 | 568.00 | 8.00 |
| 3 | Arun Finance Limited | 680.00 | 194.00 | 194.00 | 194.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 4924.00 | 417.00 | 408.00 | 417.00 | 2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6088.00 | 289.00 | 280.00 | 281.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5674.00 | 1480.00 | 1455.00 | 1470.00 | 18.00 |
| 7 | Bank of Kathmandu Ltd. | 12872.00 | 465.00 | 457.00 | 462.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 90.00 | 262.00 | 255.00 | 255.00 | -5.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 400.00 | 292.00 | 291.00 | 292.00 | 5.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 870.00 | 6085.00 | 6075.00 | 6085.00 | 10.00 |
| 11 | Butwal Power Company Limited | 911.00 | 629.00 | 616.00 | 629.00 | 4.00 |
| 12 | Central Finance Co. Ltd. | 2997.00 | 197.00 | 190.00 | 190.00 | -7.00 |
| 13 | Century Commercial Bank Ltd. | 28677.00 | 300.00 | 283.00 | 293.00 | -2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 2255.00 | 1548.00 | 1510.00 | 1536.00 | -4.00 |
| 15 | Chilime Hydropower Company Limited | 2083.00 | 807.00 | 777.00 | 797.00 | 5.00 |
| 16 | Citizen Bank International Limited | 14369.00 | 400.00 | 390.00 | 400.00 | 2.00 |
| 17 | Citizen Investment Trust | 690.00 | 4099.00 | 4040.00 | 4099.00 | 58.00 |
| 18 | Civil Bank Ltd | 21568.00 | 245.00 | 239.00 | 241.00 | 1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 979.00 | 1309.00 | 1280.00 | 1305.00 | 21.00 |
| 20 | Deprosc Development Bank Limited | 1682.00 | 1319.00 | 1299.00 | 1299.00 | -1.00 |
| 21 | Deva Bikas Bank Limited | 5741.00 | 271.00 | 265.00 | 268.00 | 3.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 141.00 | 210.00 | 206.00 | 208.00 | 1.00 |
| 23 | Everest Bank Limited | 8918.00 | 1365.00 | 1356.00 | 1356.00 | 1.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 2.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 25 | Everest Insurance Co. Ltd. | 5662.00 | 2500.00 | 2460.00 | 2493.00 | 43.00 |
| 26 | Excel Development Bank Ltd. | 20.00 | 622.00 | 622.00 | 622.00 | 12.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 5649.00 | 1040.00 | 990.00 | 1031.00 | 25.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 212.00 | 2844.00 | 2637.00 | 2844.00 | 258.00 |
| 29 | Garima Bikas Bank Limited | 7843.00 | 300.00 | 295.00 | 297.00 | 1.00 |
| 30 | Global IME Bank Limited | 7540.00 | 389.00 | 382.00 | 385.00 | 0.00 |
| 31 | Global IME Samunnat Scheme-1 | 510.00 | 9.31 | 9.31 | 9.31 | -0.19 |
| 32 | Goodwill Finance Co. Ltd. | 1151.00 | 205.00 | 204.00 | 205.00 | 5.00 |
| 33 | Green Development Bank Ltd. | 1221.00 | 630.00 | 600.00 | 625.00 | 13.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 18872.00 | 268.00 | 263.00 | 268.00 | 3.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 4225.00 | 1043.00 | 1010.00 | 1043.00 | 43.00 |
| 36 | Gurkhas Finance Ltd. | 160.00 | 186.00 | 183.00 | 186.00 | 0.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 290.00 | 235.00 | 235.00 | 235.00 | 0.00 |
| 38 | Himalayan Bank Limited | 3212.00 | 904.00 | 895.00 | 900.00 | 7.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 5138.00 | 775.00 | 755.00 | 765.00 | -7.00 |
| 40 | ICFC Finance Limited | 26786.00 | 294.00 | 275.00 | 286.00 | 5.00 |
| 41 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3524.00 | 197.00 | 194.00 | 197.00 | 1.00 |
| 42 | Janaki Finance Ltd. | 206.00 | 261.00 | 251.00 | 261.00 | 10.00 |
| 43 | Janata Bank Nepal Ltd. | 55072.00 | 278.00 | 268.00 | 275.00 | 2.00 |
| 44 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 30.00 | 3121.00 | 3060.00 | 3121.00 | 66.00 |
| 45 | Jyoti Bikas Bank Limited | 7489.00 | 208.00 | 202.00 | 204.00 | -1.00 |
| 46 | Kabeli Bikas Bank Limited | 13.00 | 545.00 | 545.00 | 545.00 | 10.00 |
| 47 | Kailash Bikas Bank Ltd. | 2662.00 | 331.00 | 324.00 | 330.00 | 5.00 |
| 48 | Kalika Microcredit Dev. Bank Ltd. | 200.00 | 1715.00 | 1685.00 | 1715.00 | 38.00 |
| 49 | Kanchan Development Bank Limited | 10.00 | 282.00 | 282.00 | 282.00 | 5.00 |
| 50 | Kankai Bikas Bank Ltd. | 225.00 | 235.00 | 231.00 | 231.00 | -3.00 |
| 51 | Karnali Development Bank Limited | 874.00 | 293.00 | 285.00 | 288.00 | 3.00 |
| 52 | Khanikhola Hydropower Co. Ltd. | 174.00 | 210.00 | 208.00 | 208.00 | -3.00 |
| 53 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 144.00 | 2850.00 | 2800.00 | 2829.00 | 29.00 |
| 54 | Kuber Merchant Finance Limited | 330.00 | 114.00 | 106.00 | 114.00 | 10.00 |
| 55 | Kumari Bank Limited | 20561.00 | 329.00 | 323.00 | 328.00 | 5.00 |
| 56 | Lalitpur Finance Ltd. | 2027.00 | 183.00 | 180.00 | 181.00 | 4.00 |
| 57 | Laxmi Bank Limited | 36693.00 | 390.00 | 387.00 | 390.00 | 5.00 |
| 58 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 402.00 | 1893.00 | 1880.00 | 1880.00 | 10.00 |
| 59 | Laxmi Value Fund-1 | 61284.00 | 12.24 | 12.24 | 12.24 | 0.00 |
| 60 | Life Insurance Co. Nepal | 601.00 | 2167.00 | 2100.00 | 2120.00 | -42.00 |
| 61 | Lumbini General Insurance Co. Ltd. | 1454.00 | 942.00 | 925.00 | 935.00 | 3.00 |
| 62 | Machhapuchhre Bank Limited | 9088.00 | 362.00 | 354.00 | 360.00 | 0.00 |
| 63 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 396.00 | 1199.00 | 1175.00 | 1199.00 | 19.00 |
| 64 | Manjushree Finance Ltd. | 3360.00 | 162.00 | 159.00 | 159.00 | 0.00 |
| 65 | Mero Microfinance Bittiya Sanstha Ltd. | 701.00 | 2240.00 | 2200.00 | 2213.00 | 3.00 |
| 66 | Mirmire Microfinance Dev. Bank Ltd. | 535.00 | 2282.00 | 2195.00 | 2282.00 | 43.00 |
| 67 | Miteri Development Bank Limited | 44.00 | 534.00 | 524.00 | 524.00 | -13.00 |
| 68 | Muktinath Bikas Bank Ltd. | 7407.00 | 969.00 | 947.00 | 967.00 | 7.00 |
| 69 | Nabil Balance Fund 1 | 9632.00 | 19.55 | 19.45 | 19.45 | 0.20 |
| 70 | Nabil Bank Limited | 3583.00 | 1510.00 | 1500.00 | 1506.00 | 13.00 |
| 71 | NABIL Bank Limited Promotor Share | 219993.00 | 1134.00 | 1100.00 | 1124.00 | 19.00 |
| 72 | Nabil Equity Fund | 4973.00 | 9.80 | 9.76 | 9.80 | 0.04 |
| 73 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1128.00 | 3240.00 | 3110.00 | 3150.00 | -140.00 |
| 74 | National Life Insurance Co. Ltd. | 4743.00 | 2310.00 | 2280.00 | 2300.00 | 2.00 |
| 75 | National Life Ins. Co. Ltd. Pro. Share | 78000.00 | 1348.00 | 1250.00 | 1250.00 | -125.00 |
| 76 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 991.00 | 2349.00 | 2230.00 | 2349.00 | 74.00 |
| 77 | NB Insurance Co. Ltd. | 622.00 | 1015.00 | 980.00 | 990.00 | 5.00 |
| 78 | Neco Insurance Co. Ltd. | 2784.00 | 995.00 | 985.00 | 987.00 | -3.00 |
| 79 | Nepal Bangladesh Bank Limited | 9794.00 | 411.00 | 404.00 | 408.00 | 1.00 |
| 80 | Nepal Bank Limited | 22266.00 | 365.00 | 354.00 | 360.00 | 4.00 |
| 81 | Nepal Community Dev. Bank Ltd. | 3258.00 | 306.00 | 296.00 | 305.00 | 10.00 |
| 82 | Nepal Cre.& Co. Bank Ltd. Pro. Share | 200770.00 | 199.00 | 199.00 | 199.00 | 3.00 |
| 83 | Nepal Credit And Com. Bank Limited | 61152.00 | 401.00 | 386.00 | 398.00 | 3.00 |
| 84 | Nepal Doorsanchar Comapany Limited | 1280.00 | 665.00 | 662.00 | 662.00 | 2.00 |
| 85 | Nepal Insurance Co. Ltd. | 3330.00 | 1420.00 | 1400.00 | 1410.00 | 5.00 |
| 86 | Nepal Investment Bank Limited | 65169.00 | 769.00 | 750.00 | 766.00 | 4.00 |
| 87 | Nepal Investment Bank Ltd. Pro. Share | 12597.00 | 676.00 | 650.00 | 670.00 | 15.00 |
| 88 | Nepal Life Insurance Co. Ltd. | 22896.00 | 2178.00 | 2121.00 | 2160.00 | 19.00 |
| 89 | Nepal Life Insurance Co. Ltd. Promoter | 5000.00 | 1340.00 | 1340.00 | 1340.00 | -23.00 |
| 90 | Nepal SBI Bank Limited | 6035.00 | 928.00 | 919.00 | 920.00 | 0.00 |
| 91 | Nerude Laghubita Bikas Bank Limited | 2867.00 | 1315.00 | 1284.00 | 1310.00 | 25.00 |
| 92 | Ngadi Group Power Ltd. | 262.00 | 265.00 | 255.00 | 265.00 | 7.00 |
| 93 | NIBL Pragati Fund | 5404.00 | 9.84 | 9.65 | 9.83 | 0.18 |
| 94 | NIBL Samriddhi Fund 1 | 5000.00 | 11.92 | 11.92 | 11.92 | -0.24 |
| 95 | NIC Asia Bank Ltd. | 4786.00 | 450.00 | 440.00 | 446.00 | 1.00 |
| 96 | Nirdhan Utthan Bank Limited | 1328.00 | 2010.00 | 1960.00 | 1995.00 | 22.00 |
| 97 | NLG Insurance Company Ltd. | 360.00 | 1505.00 | 1475.00 | 1475.00 | -1.00 |
| 98 | NMB Microfinance Bittiya Sanstha Ltd. | 6931.00 | 2840.00 | 2705.00 | 2800.00 | 41.00 |
| 99 | NMB Bank Limited | 10846.00 | 554.00 | 540.00 | 552.00 | 16.00 |
| 100 | NMB Hybrid Fund L-1 | 167.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 101 | NMB Sulav Investment Fund-1 | 294450.00 | 12.80 | 12.50 | 12.55 | -0.05 |
| 102 | Oriental Hotels Limited | 105.00 | 688.00 | 675.00 | 677.00 | 15.00 |
| 103 | Pokhara Finance Ltd. | 5013.00 | 248.00 | 241.00 | 246.00 | 1.00 |
| 104 | Prabhu Bank Limited | 9267.00 | 407.00 | 399.00 | 407.00 | 6.00 |
| 105 | Prabhu Bank Limited Promoter Share | 142889.00 | 190.00 | 190.00 | 190.00 | 0.00 |
| 106 | Prabhu Insurance Ltd. | 3746.00 | 1019.00 | 1000.00 | 1015.00 | 5.00 |
| 107 | Premier Insurance Co. Ltd. | 1102.00 | 1700.00 | 1635.00 | 1700.00 | 20.00 |
| 108 | Prime Commercial Bank Ltd. | 20136.00 | 432.00 | 413.00 | 418.00 | -1.00 |
| 109 | Prime Life Insurance Company Limited | 6473.00 | 2580.00 | 2535.00 | 2565.00 | 20.00 |
| 110 | ProgressiveFinance Limited | 100.00 | 198.00 | 198.00 | 198.00 | -2.00 |
| 111 | Prudential Insurance Co. Ltd. | 2163.00 | 1430.00 | 1404.00 | 1404.00 | -14.00 |
| 112 | Purnima Bikas Bank Ltd. | 137.00 | 306.00 | 302.00 | 306.00 | -2.00 |
| 113 | Rastriya Beema Company Limited | 280.00 | 13260.00 | 12994.00 | 13260.00 | 266.00 |
| 114 | Rastriya Beema Co. Limited Pro. Share | 1463.00 | 11900.00 | 11470.00 | 11613.00 | 14.00 |
| 115 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 126.00 | 1920.00 | 1900.00 | 1900.00 | -12.00 |
| 116 | Reliance Finance Ltd. | 8497.00 | 223.00 | 219.00 | 219.00 | 4.00 |
| 117 | Reliance Lotus Finance Ltd. Pro. Share | 31857.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 118 | Ridi Hydropower Dev. Company Ltd. | 198.00 | 207.00 | 200.00 | 200.00 | -5.00 |
| 119 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1698.00 | 3000.00 | 2944.00 | 2980.00 | 30.00 |
| 120 | Rural Microfinance Dev. Centre Ltd. | 4396.00 | 790.00 | 775.00 | 778.00 | -21.00 |
| 121 | Sagarmatha Insurance Co. Ltd. | 201.00 | 1428.00 | 1420.00 | 1428.00 | 0.00 |
| 122 | Sahayogi Bikas Bank Limited | 576.00 | 357.00 | 350.00 | 354.00 | 3.00 |
| 123 | Sana Kisan Bikas Bank Ltd | 2109.00 | 1530.00 | 1483.00 | 1520.00 | 10.00 |
| 124 | Sanima Bank Limited | 26412.00 | 438.00 | 427.00 | 435.00 | 4.00 |
| 125 | Sanima Mai Hydropower Ltd. | 5371.00 | 1189.00 | 1168.00 | 1172.00 | 18.00 |
| 126 | Shangrila Development Bank Ltd. | 2698.00 | 397.00 | 392.00 | 394.00 | 4.00 |
| 127 | Shikhar Insurance Co. Ltd. | 1814.00 | 1967.00 | 1930.00 | 1967.00 | 37.00 |
| 128 | Shine Resunga Development Bank Ltd. | 102.00 | 418.00 | 418.00 | 418.00 | -2.00 |
| 129 | Shree Investment Finance Co. Ltd. | 1329.00 | 388.00 | 375.00 | 388.00 | 7.00 |
| 130 | Siddhartha Bank Limited | 11142.00 | 490.00 | 480.00 | 490.00 | 4.00 |
| 131 | Siddhartha Equity Orineted Scheme | 10300.00 | 11.93 | 11.70 | 11.93 | 0.22 |
| 132 | Siddhartha Insurance Ltd. | 4194.00 | 1503.00 | 1500.00 | 1500.00 | 17.00 |
| 133 | Siddhartha Inv. Growth Scheme-1 | 27000.00 | 23.25 | 22.80 | 23.25 | 0.90 |
| 134 | Soaltee Hotel Limited | 3060.00 | 367.00 | 363.00 | 367.00 | 6.00 |
| 135 | Standard Chartered Bank Limited | 7628.00 | 2303.00 | 2288.00 | 2300.00 | 5.00 |
| 136 | Summit Micro Finance Dev. Bank Ltd. | 726.00 | 3074.00 | 3030.00 | 3074.00 | 74.00 |
| 137 | Sunrise Bank Limited | 50530.00 | 400.00 | 385.00 | 400.00 | 3.00 |
| 138 | Surya Life Insurance Company Limited | 7266.00 | 1095.00 | 1040.00 | 1095.00 | 61.00 |
| 139 | Swabalamban Bikas Bank Limited | 1601.00 | 1850.00 | 1800.00 | 1800.00 | -5.00 |
| 140 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 802.00 | 1768.00 | 1700.00 | 1722.00 | -9.00 |
| 141 | Synergy Finance Ltd. | 722.00 | 162.00 | 159.00 | 162.00 | 6.00 |
| 142 | Synergy Power Development Ltd. | 2555.00 | 255.00 | 246.00 | 250.00 | 0.00 |

Total Amount Rs. 996,330,454 Total Quantity 1,930,742 Total No of Transactions4,805

# वैदेशिक रोजगार व्यवसायीबीच चुनावी सरगर्मी

रोविन पौडेल, काठमाडौं

वैदेशिक रोजगार व्यवसायी संघको चुनाव असार ३० गते २५औं साधारणसभाले हुँदै छ। उक्त साधारणसभाले आगामी कार्यकालका लागि अध्यक्ष र महासचिवसहित ७ पदाधिकारी तथा १० सदस्य गरी जम्मा १७ जनाको कार्यसमिति निर्वाचित गर्दैछ। ८ सयभन्दा बढी म्यानपावर सञ्चालक सहभागी हुने संघको साधरणसभाको मिति नजिकिँदै गर्दै अध्यक्ष पदका लागि कांग्रेस र एमाले निकट म्यानपावर व्यवसायी दुई धारमा विभाजित भएर चुनाव लड्न लागेका छन्।

नेपाली कांग्रेसनिकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमले वर्तमान अध्यक्ष बिमल ढकाललाई पुन: उठाउने भएको छ। त्यस्तै एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले वर्तमान महासचिव रोहन गुरुङलाई अध्यक्ष पदका लागि अगाडि सारेको छ।

नयाँ नेत्तृत्वका लागि हुन लागेको निर्वाचनमा आफ्नो समूहलाई विजयी गराउन दुवै समूह अहिले भेटघाट तथा छलफलमा व्यस्त छन्।

चुनावमा ढकाललाई तराई वैदेशिक रोजगार व्यवसायी फोरम, ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजलगायत समूहले सहयोग गरेका छन्। ढकाल यसअघि फोरमकै बागी किरणकिशोर घिमिरेको उम्मेदवारी हुँदा पनि निर्वाचित भएका थिए।

यसैगरी नयाँ नेतृत्वमा गुरुङलाई माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, गुरुङ व्यवसायीको सामाजिक संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी तमुधीँ, वैदेशिक रोजगार तामाङ व्यवसायी समाज, विश्वकर्मा वैदेशिक रोजगार व्यवसायी समाज नेपाल र वैदेशिक रोजगार मगर समाजलगायत ६ समूहले निर्वाचनमा सहयोग गर्ने भएका छन्।

ढकालको टिममा प्रथम उपाध्यक्षका लागि फोरमले प्रज्ञान न्यौपानेलाई अगाडि सारेको छ भने गुरुङको टिमबाट माओवादी केन्द्रका रामप्रसाद भान्तनालाई अगाडि सारेका छन्। ढकालको टिममा महासचिवका लागि सुजितकुमार श्रेष्ठ चुनावी मैदानमा छन्। त्यस्तै गुरुङ समूहबाट नरेश गेलालको महासचिवका लागि उम्मेदवारी परेको छ।



**बिमल ढकाल**

'रोजगार व्यवसायी तथा व्यवसाय क्षेत्रमा रहेका समस्याको पहिचान गर्न मेरो कार्यकाल सफल रहेकाले ती उपलब्धिलाई निरन्तरता दिन तथा बाँकी काम पूरा गर्न पूरै ढकाल प्यानलले जित्नैपर्छ। म राजनीतिक पहुँचका आधारमा पनि यो क्षेत्रका समस्या समाधान गर्न सक्षम छु। समकक्षीबाट पनि सोही सुझाव तथा अनुरोध आएकाले मैले त्यसलाई स्वीकार्दै उम्मेदवारी दिएको हुँ।

लोकतान्त्रिक फोरम आफैंमा ठूलो संस्था हो। अन्य समूहले विपक्षीलाई सहयोग गर्ने भने पनि भित्रबाट अधिकांश भोट मलाई आउँछ। मेरो अनुमानमा मैले १५० भोटको फरकमा चुनाव जित्छु।'



**रोहन गुरुङ**

'म महासचिव भएको बेलामा महासंघ तथा समग्र रूपमा हामीसँग सम्बन्धित श्रमिकलाई ठेस लाग्ने धेरै अवस्था देखें। ती समस्या सुधार, व्यवस्था परिवर्तन तथा परिमार्जन गर्न मैले अध्यक्ष पदका लागि उम्मेदवारी दिएको हुँ। संघभित्र रहेका आन्तरिक विषयवस्तु तथा समस्या समाधान गर्न र सरकारी पक्षबाट नीतिगत सुधारका लागि पहल गर्न सक्ने व्यक्ति म नै हुँ भन्ने व्यवसायी साथीहरूको धारणा रहेकाले म मैदानमा उत्रिएको हुँ। अहिलेको परिवेशमा ८० प्रतिशत व्यवसायी हाम्रो पक्षमा हुनुहन्छ। मलाई लाग्छ हाम्रो पूरै प्यानल नै बहुमतका साथ विजयी हुने निश्चित छ।'




# नेपालद्वारा बंगलादेश पराजित

कविरस शर्मा, काठमाडौं

२३ वर्षमुनिको नेपाली राष्ट्रिय फुटबल टोलीले सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको मैत्री खेलमा बंगलादेशको यू-२३ राष्ट्रिय टोलीलाई हराएको छ।

एएफसी यू-२३ च्याम्पियनसिपको छनोट चरणको तयारीमा रहेको नेपाल १-० गोलअन्तरले विजयी भएको हो। उक्त खेलमा नेपाललाई जित दिलाउन कप्तान विमल घर्ती मगरले पहिलो हाफमा गरेको गोल नै खेलको निर्णायक सावित बन्यो।



नेपाली यू-२३ राष्ट्रिय टिमको कप्तानका रूपमा पहिलो म्याच खेलेका विमलले खेलको २०औं मिनेटमा उक्त निर्णायक गोल गरेका थिए। मैदानको दायाँ छेउबाट बंगाली डिफेन्डरलाई छक्याई अन्जन विष्टले मिलाइदिएको पासमा फनक्क घुम्दै विमलले दायाँ बारमा प्रहार गरेको बलले जाली चुमेको थियो।

तर गोल गरेको केही समयपछि नै विमलले मैदान छोड्नुपरेको थियो। कप्तानको भूमिकामा निकै उत्साहित विमल खेलको ३२औं मिनेटमा स्थापन्न भए। गोलका लागि प्रयास गर्ने क्रममा काँधमा पीडा भएपछि उनको स्थानमा विश्वास श्रेष्ठले मैदानमा प्रवेश पाएका थिए। यता गोल फर्काउन प्रयासरत बंगलादेशी टोलीले पहिलो हाफको अन्ततिर बल नियन्त्रणमा बलियो पकड बनाए पनि गोल भने फर्काउन सकेन। दोस्रो हाफको शुरुआतमा पनि नेपालले चुस्त खेल पस्कँदै केही मौकाहरु सिर्जना गरेको थियो। जसअनुसार खेलको ६४औं मिनेटमा अन्जनको उत्कृष्ट प्रहारले सही दिशा लिन सकेन। यता गोलका लागि सटिक प्रहारभन्दा पनि बल नियन्त्रणमा नै बढी जसो केन्द्रित देखिएको बंगलादेशी टोलीले ६९औं मिनेटमा बराबरी गोल गर्ने मौका चुकाएको थियो। बंगलादेशका लागि हेमन्तो विश्वासको कडा प्रहारलाई नेपाली गोलरक्षक एलन न्यौपानेले मुस्किलले विफल पारेका थिए।

दोस्रो हाफको इन्ज्युरी समयमा नेपालले अग्रता दोब्बर पार्ने उत्कृष्ट मौकालाई खेर फालेको थियो। विवेक बस्नेतले गोलपोस्टको बायाँ अनमार्क उभिएको अवस्थामा विश्वास श्रेष्ठलाई बल उपलब्ध गराएका थिए। तर विश्वासले उक्त बललाई बायाँ खुट्टाले प्रहार गर्दै गोलपोस्टभन्दा टाढा पुऱ्याएपछि दोस्रो गोल सम्भव हुन सकेन।

खेलपछि आयोजित पोस्ट म्याच कन्फेरेन्समा बंगलादेशी प्रशिक्षक एन्ड्रयू ओर्डले नेपाली टोलीले खेल जिते पनि दुवै टोलीबीच खासै भिन्नता नरहेको बताए। 'नेपालले पाएको मौकामा गोल गऱ्यो तर यस्तै मौकालाई हाम्रा फरवार्डहरुले सदुपयोग गर्न सकेनन्।' -उनले भने।

नेपाल एएफसी यू-२३ को छनोट चरणमा समूह 'डी'मा रहेको छ। यस समूहमा नेपाललगायत यूएई, उज्बेकिस्तान र लेबनान रहेका छन्। छनोट चरणअन्तर्गत यही नेपाली टोलीले आफ्नो पहिलो खेल आगामी जुलाई १५ मा यूएईसँग उसैको मैदानमा खेल्नेछ। यता बंगलादेश भने एएफसी यू-२३ को छनोट चरणमा समूह 'ई'मा रहेको छ। उक्त समूहमा बंगलादेशसँगै आयोजक प्यालेस्टाइन, जोर्डन र ताजिकिस्तान सम्मिलित छन्।

# तामाङ दिदी-भाइ विजेता




काठमाडौं, (नेस)

नेपाली सेनासँग आबद्ध तामाङ दिदी-भाइ नङ्सलदेवी र रत्नजितले योनेक्स सनराइज छैटौं पुष्पलाल स्मृति खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा उपाधि जितेका छन्।

प्रतियोगितामा नौ विधामध्ये सात विधामा जित हात पार्दै सेनाले ब्याडमिन्टनमा आफ्नो बर्चस्वसमेत कायम गऱ्यो। नेपाल खेलकुद महासंघ, राष्ट्रिय ब्याडमिन्टन संघ नेपालको आयोजनामा भएको प्रतियोगिताको पुरुष एकलमा रत्नजितले सेनाकै नवीन श्रेष्ठलाई २३-२१ र २१-१७ ले हराए।

यस्तै महिला एकलतर्फ नङ्सलदेवीले आफ्नै क्लबकी अमिता गिरीलाई २१-१४, १९-२१ र २१-८ ले पराजित गरिन्। विजेताले नगद ५० हजार र उपविजेताले नगद २५ हजार प्राप्त गरे।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेल परिसरमा भएको प्रतियोगिताको पुरुष डबल्सतर्फको उपाधि रत्नजित र नवीन श्रेष्ठको जोडीले पुलिसका विष्णु कटुवाल र दीपेश धामीको जोडीलाई हराएर जित्यो। महिला डबल्सतर्फ नङ्सल र अनुमाया राईको जोडीले एपीएफकी पूजा श्रेष्ठ र यामकुमारी गुरुङको जोडीलाई पराजित गरी उपाधि हात पाऱ्यो।

यस्तै ब्वाइज यू-१५ एकलमा ललितपुरका पेम्बा शेर्पाले कञ्चनपुरका गोकुल जोरालाई, ब्वाइज यू-१७ मा सेनाका प्रफुल महर्जनले सेनाकै पविन लिङ्थेपलाई तथा गर्ल्स यू-१५ र यू-१७ एकल दुवैमा सेनाकी रसिला महर्जनले उपाधि हासिल गरिन्।

# स्वयम्भूका रमेश पहिलो

काठमाडौं, (नेस)

स्वयम्भू रिक्रिएसन सेन्टरका रमेश भट्टचन लक्ष्मणकुमार श्रेष्ठ स्मृति चौथो राष्ट्रिय इन्डोर आर्चरी प्रतियोगिताको पुरुष व्यक्तिगत रिकर्भ स्पर्धामा मंगलबार पहिलो भएका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको फाइनलमा रमेशले कास्की जिल्ला आर्चरी संघका अशिम शेरचनलाई ६-० ले पराजित गरे। १२ औं दक्षिण एसियाली खेलकुद (साग) का कांस्य विजेता स्वयम्भूका प्रेमप्रसाद पुन तेस्रो स्थानमा चित्त बुझाउन बाध्य भए। सोही स्पर्धाको महिलामा नेपाल आर्मी क्लबकी ज्ञानु अवाले पहिलो भइन्। फाइनलमा ज्ञानुले कास्कीकी रश्मी दर्लामीलाई ६-० ले हराइन्। कास्कीकै राज्यलक्ष्मी जोशी तेस्रोमा सीमित भइन्



## धरहरा

### हावा मात्रै नहुने कि ?



दोस्रो चरणको निर्वाचनमा मतदातालाई लक्षित गरेर बम हानिएकामा त्यो बम समातेर फाली जनता जोगाउने हवल्दार दुर्गाबहादुर रानालाई १ हजार ५ सय रुपियाँ मात्रै दिएको भनेर हिजो सामाजिक सञ्जालमा हल्लीखल्ली भएको देखियो। पछि गृहमन्त्रालयले सो कुराको खण्डन गरेको समेत देखियो। उनलाई केही समय अघिदेखि नै अलिअलि रकम विभिन्न पक्षले दिँदै प्रोत्साहित गरेको कुरा सुनिएको हो। गृह मन्त्रालयले उनलाई अलि अगाडि नै केही गरेर तत्काल प्रोत्साहन गर्नुपर्ने हो तर त्यसो नगरिएकै हो। हिजो बल्ल गृहमन्त्रीले भेट्न भ्याएछन्। उनलाई बोलाएर भेटेछन्। उनलाई बढुवा गर्न वा आकर्षक सहयोग गर्न सरकार पछि पर्नुहुन्न।

तर, सामाजिक सञ्जालमा जे पायो त्यही टिप्पणी गर्ने र त्यसको विश्वसनीयता नपर्गेल्ने शैलीले भने अलि सस्तो बनाउन थालेको पाइएको छ। सामाजिक सञ्जाल पछिल्लो समय सशक्त हुँदै आएकोमा कहिलेकाहीँ हावा कुरामा पनि दौडिन थालेर जसलाई पायो उसलाई गालीगलौज गर्न थालिएपछि चाहिँ अलि सस्तो हुन थाल्यो है। यस्तै हुँदै गयो भने सामाजिक सञ्जालका कुरालाई एक कानले सुनेर अर्को कानले उडाउने समय पनि आउन सक्छ। अझ गाडीको विषयलाई लिएर राष्ट्रपतिका सन्दर्भमा व्यक्त गरिएका विचार त झनै गाईजात्रे पाराकै थिए र छन्। राष्ट्रपति भनेको सेरेमोनियल पद हो। त्यो पदको दोष भनेको सरकारले नै बेहोर्नुपर्छ। तर पतिको मृत्युको कुरालाई समेत जोडेर मनपरी गालीगलौज गरेको पटक्कै सुहाएन। त्यसले हामी नेपालीलाई नै लज्जित हुनुपर्ने अवस्थामा पुऱ्याएको छ। कसले बुझाउनुपर्ने होला यस्ता कुरा?








कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ